नेपाल सरकार

विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

# वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र

## नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि, २०७०

जेष्ठ २०७०

# विषय सूची


१. प्रारम्भिक....२

२. परिभाषा....२

३. संस्थागत व्यवस्था....४

४. अनुदानका आधार तथा वितरण व्यवस्था: गैर विद्युतीकरण....४

४.१ सौर्य तापिय प्रणाली....४
४.२ संस्थागत सौर्य विद्युत प्रणाली तथा ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणाली....७
४.३ वायोग्यास....११
४.४ जैविक ऊर्जा....१६
४.५ सुधारिएको पानी घट्ट....१९

५. अनुदानका आधार तथा वितरण व्यवस्था: ग्रामीण विद्युतीकरण....२२

५.१ घरेल सौर्य विद्युत प्रणाली....२२
५.२ साना घरेलु सौर्य विद्युत प्रणाली....२४
५.३ साना तथा लघु जलविद्युत मार्फत विद्युतीकरण....२५
५.४ वायु ऊर्जा....३४
५.५ जैविक ऊर्जावाट विद्युत उत्पादन....३६

६. उत्पादनमुलक ऊर्जा प्रयोग....३८

७. केन्द्रिय नवीकरणीय ऊर्जा कोष....४०

७.१ केन्द्रिय नवीकरणीय ऊर्जा कोष समिति....४०
७.२ केन्द्रिय नवीकरणीय ऊर्जा कोष समितिका मुख्य मुख्य कार्यहरु....४१

८. अन्य प्रावधानहरु....४१

८.१ अनुदान प्रवाह सम्वन्धी विशेष व्यवस्था....४१
८.२ थप अनुदान सम्वन्धी व्यवस्था....४१
८.३ दिग्दर्शन, निर्देशिका, मापदण्ड स्वीकृत गर्ने....४१
८.४ विभिन्न प्राविधिक समितिहरु गठन गर्न सक्ने....४१
८.५ व्याख्या गर्ने....४२
८.६ पुनरावलोकन....४२
८.७ खारेजी....४२

## १. प्रारम्भिक

नेपाल सरकार मन्त्रिपरिषद्को आर्थिक तथा पूर्वाधार समितिको मिति २०६९/११/१४ गतेको निर्णयबाट स्वीकृत "नवीकरणीय ऊर्जा अनुदान नीति २०६९" को बुँदा नं ९ को ९.१ ले दिएको अधिकारको प्रयोग गरी मन्त्रालयले यो कार्यविधि तयार गरेको छ। यो कार्यविधि विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

## २. परिभाषा

यो कार्यविधिको प्रयोजनको लागि निम्न शब्दावलिलाई देहाय बमोजिम परिभाषित गरिएको छ।

(१) **"अनुदान नीति"** भन्नाले नवीकरणीय ऊर्जा अनुदान नीति २०६९ सम्झनुपर्छ।

(२) **"केन्द्र"** भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलाई सम्झनुपर्छ।

(३) **"कोष"** भन्नाले केन्द्रिय नवीकरणीय ऊर्जा कोषलाई सम्झनुपर्छ ।

(४) **"शाखा/इकाई"** भन्नाले जिल्ला विकास समिति अर्न्तगत रहेको ऊर्जा तथा वातावरण शाखा/इकाईलाई जनाँउछ।

(५) **"जिल्ला ऊर्जा कोष"** भन्नाले नवीकरणीय ऊर्जा विकासको लागि आर्थिक स्रोतहरु जम्मा हुने र परिचालन हुने गरी स्थानिय स्वायत्त शासन ऐन तथा नियमावलीको अधिनमा रहि स्थापना गरिएको कोषलाई जनाँउछ।

(६) **"लघु उद्यम विकास कोष"** भन्नाले लघु उद्यम विकासको लागि स्थापना गरिएको कोषलाई जनाउँछ।

(७) **"सेवा केन्द्र"** भन्नाले विभिन्न जिल्लाहरु समेटन्ने गरी क्षेत्रिय स्तरमा ग्रामीण तथा नवीकरणीय ऊर्जा सम्वन्धी कार्यक्रम कार्यान्वयन गर्न वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले छनौट गरेका गैह्र सरकारी संस्था, सहकारी संस्था वा निजी कम्पनीलाई जनाँउछ।

(८) **"सार्वजनिक संस्था" भन्नाले** समुदायको परस्पर लाभ एवं फाइदाका लागि समान पहुँचको आधारमा संगठित संस्थालाई जनाउँदछ। यस अन्तर्गत संस्थाहरु सरकारी विद्यालय, गाँउ विकास समिति, जिल्ला विकास समिति, स्वास्थ्य चौकी/केन्द्र, धार्मिक संस्थाहरु आदिलाई जनाउँछ।

(९) **"सामुदायिक संस्था"** भन्नाले समुदायमा रहेका घरधुरीहरुको समान उद्देश्य प्राप्तिका लागि समान स्वामित्व तथा पहुँचको आधारमा गठित संस्थालाई जनाउँछ।

(१०) **"उपभोक्ता समिति"** भन्नाले समुदायमा संचालित सामुदायिक संस्थाहरुका प्रतिनिधि सदस्यहरु मिलेर ऊर्जा आयोजनाको स्थापना एवं संचालनको लागि परस्पर लाभ एवं फाइदाको आधारमा गठन भई सम्वन्धित निकायमा दर्ता भएका संस्थालाई जनाँउछ।

(११) **"उच्चभेगमा रहेको घरधुरी वा परिवार"** भन्नाले समुन्द्र सतहबाट १५०० मिटर वा सो भन्दा माथिको उचाइमा रहेका गाँउ विकास समितिका घरधुरीलाई जनाँउछ।

(१२) **"प्राविधिक सेवा प्रदायक"** भन्नाले वायोग्यास कार्यक्रमको कार्यान्वयनमा प्राविधिक सहयोग उपलव्ध गराउन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले छनौट गरेका गैर सरकारी, सहकारी वा निजी संस्थालाई जनाँउछ।

(१३) **"घट्ट सुधार स्थानीय साझेदार सँस्था"** भन्नाले सुधारिएको पानी घट्ट सर्भेक्षण, जडान र बिक्री पछिको सेवाको लागि जिल्ला स्थित मान्यता प्राप्त संस्थालाई जनाउँछ ।

(१४) **"घट्टधनी संघ"** भन्नाले घट्टधनीहरुको हकहितको संरक्षण तथा व्यवसायको प्रर्वद्धनको लागि संस्था दर्ता ऐन २०३४ बमोजिम गठित घट्टधनीहरुको संगठनलाई जनाँउछ।

(१५) **"साना घरेलु सौर्य विद्युत प्रणाली"** भन्नाले १० वाट पीक क्षमताको सौर्य फोटोभोल्टेक पाता, व्याट्री, व्याट्रीचार्ज नियन्त्रक एवं उचित संख्यामा बत्तीहरु भएको सौर्य प्रणालीलाई जनाँउछ।

(१६) **"घरेलु सौर्य विद्युत प्रणाली"** भन्नाले २० वाट पीक वा सो भन्दा माथिको क्षमताको सौर्य फोटोभोल्टेक पाता, व्याट्री, व्याट्री चार्ज नियन्त्रक एवं उचित संख्यामा बत्तीहरु भएका सौर्य प्रणालीलाई जनाँउछ।

(१७) **"फलामे रकेट चूलो"** भन्नाले घरायसी प्रयोजनका लागि फलामका पाताहरुवाट रकेट सिद्धान्तमा आधारित रहेर बनाईएको दुई मुखे वा सो भन्दा कमका किफायति चूलोलाई जनाँउछ।

(१८) **"संस्थागत फलामे सुधारिएको चूलो"** भन्नाले सार्वजनिक वा सामुदायिक संस्थाहरुमा खाना पकाउने र कोठा तताउने प्रयोजनका लागि फलामका पाताहरुबाट बनाईएका निश्चित मापदण्डका एक मुखे, दुई मुखे र तीन मुखे फलामको किफायती चूलोलाई जनाँउछ।

(१९) **"फलामे ग्यासीफायर प्रणाली"** भन्नाले जैविक पदार्थ बाट उत्पन्न हुने तापिय ऊर्जालाई प्रयोग गरी विभिन्न कृषि जन्य बस्तुहरु सुकाउन वा प्रशोधन गर्नको लागि प्रयोग हुने ग्याँसीफायर प्रविधिमा आधारित ऊर्जा प्रणालीलाई जनाँउछ।

(२०) **"मोटर बाटो"** भन्नाले एक बर्षमा कम्तीमा ५ महिना ट्रयाक्टर चल्ने बाटोलाई जनाँउछ।

(२१) **"मिनी ग्रिड"** भन्नाले लघु तथा साना जलविद्युत, सौर्य ऊर्जा, वायु ऊर्जा, जैविक ऊर्जावाट विद्युत उत्पादन भई स्थानीय विद्युतिय माग आपूर्ति गर्ने आयोजनाहरुको संरचनालाई मिनी ग्रिड जनाँउछ।

(२२) **"स्थानीय ग्रिड"** भन्नाले दुई वा दुई भन्दा बढी मिनी ग्रिडहरुलाई एक आपसमा आवद्ध गराई स्थानीय वा क्षेत्रीय माग आपूर्ति गर्ने लघु तथा साना जलविद्युत आयोजनाहरुको विद्युतीय सञ्जाललाई जनाँउछ। सो सञ्जाल क्षेत्रीय वा राष्ट्रिय विद्युत प्रसारण लाइनसंग आवद्ध भई वा स्वतन्त्र रुपमा संचालन हुनसक्नेछ।

(२३) **"क्षेत्रीय ग्रिड"** भन्नाले दुई वा सो भन्दा बढी स्थानीय ग्रिडहरुलाई एक आपसमा आवद्ध गराई क्षेत्रीय माग आपूर्ति गर्ने विद्युतीय सञ्जाल लाई जनाँउछ।

(२४) **"एकल पूर्ण ठेक्का (टर्नकी)"** भन्नाले एकल ठेकेदार वा कम्पनीले आयोजनाको निर्माण तथा जडान गर्ने र संचालनमा ल्याउने गरी सम्पूर्ण जिम्मेवारी लिने व्यवस्थालाई जनाँउछ। यसले सामान आपूर्ति, जडान/निर्माण, परीक्षण, परीक्षण संचालन, तालिम, बिक्री पछिको सेवा तथा प्रत्याभूतिका लागि करार सम्झौता समेतलाई जनाँउछ।

(२५) **"आयोजनाको जडित वा उत्पादन क्षमता"** भन्नाले आयोजना निर्माण सम्पन्न भएपछि विद्युत शक्ति तथा घरधुरी उत्पादन परीक्षणको आधारमा निर्धारण भएको विद्युत क्षमता (किलोवाट) लाई जनाँउछ।

(२६) **"व्यापारिक प्रयोजन"** भन्नाले निजी, सामुदायिक वा सार्वजनिक संस्थाले आयआर्जनको लागि गर्ने क्रियाकलापलाई जनाँउछ । यसले समुदायको जीवनस्तर बढाउने उद्देश्यले समुदायद्वारा घरायसी प्रयोगका लागि मात्र नभई बजारयोग्य वस्तुको उत्पादनलाई समेत जनाँउछ।

(२७) **"पुनःस्थापन"** भन्नाले नेपाल सरकारको आर्थिक सहयोगमा निर्माण सम्पन्न भएका मिनी ग्रिड आयोजनाको पुनःस्थापना वा सुधारलाई जनाउँछ।

(२८) **"घट्ट विद्युतीकरण"** भन्नाले सुधारिएको पानी घट्टको माध्यमबाट ५ किलोवाट सम्मको विद्युत उत्पादन भई वितरण गर्ने प्रक्रियालाई घट्ट विद्युतीकरण जनाँउछ।

(२९) **"उत्पादनमुलक ऊर्जा प्रयोग"** भन्नाले आय, उत्पादकत्व, सेवा वा बस्तुको गुणस्तर तथा संख्या वढाउन सहयोग पुऱ्याउने नवीकरणीय ऊर्जाको परिप्रयोगलाई जनाउँछ।

(३०) **"सामुदायिक उद्योग"** भन्नाले सात वा सो भन्दा बढी व्यक्तिहरु मिलेर संचालन गरिएको व्यवसाय तथा उद्योगलाई जनाउँदछ। यसले विभिन्न सहकारी संस्थाहरु, साझा सुविधा केन्द्रहरु तथा विभिन्न स्थानीय समुहहरु आवद्ध भएर संचालन गरिएका उद्योग व्यवसायहरुलाई समेत जनाउँदछ।

(३१) **"व्यवसाय विकास सेवा प्रदायक"** भन्नाले व्यवसाय तथा उद्योग संचालन तथा स्तरोन्नतिका लागि चाहिने विभिन्न सेवाहरु व्यवसायिक रुपमा प्रदान गर्ने सेवा प्रदायकलाई जनाउँछ।

(३२) **"सम्वन्धित निकाय"** भन्नाले **नेपाल सरकारको आधारिक निकाय वा नेपाल सरकारले तोकेको संघ संस्थालाई** जनाउँछ।

## ३. संस्थागत व्यवस्था

नवीकरणीय तथा ग्रामीण ऊर्जा प्रविधिको प्रवर्द्धन, विकास तथा विस्तारको लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग पुऱ्याउनेछ। केन्द्रलाई यस अन्तर्गतका विभिन्न कार्यक्रम एवम शाखाहरु विशेषगरी सामुदायिक विद्युतीकरण कार्यक्रम, सौर्य ऊर्जा कार्यक्रम, जैविक ऊर्जा कार्यक्रम, वायोग्यास कार्यक्रम, ऊर्जाको उत्पादनमुलक परिप्रयोग कार्यक्रम आदिले आवश्यक प्राविधिक सहयोग पुऱ्याउनेछन्।

निश्चित जिल्लाहरु सम्मेटने गरी केन्द्रवाट छनौट भएका विभिन्न क्षेत्रिय सेवा केन्द्रहरुले स्थानीयस्तरमा विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरुको माग सृजना गर्ने, लक्षित समुदाय तथा घरधुरी, जिल्ला ऊर्जा तथा वातावरण शाखा/इकाईलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, विभिन्न आयोजनाहरुको सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रारम्भिक मूल्यांकन, केन्द्रवाट मान्यता प्राप्त कम्पनी तथा संस्थाहरुले निर्माण एवम जडान गरेका विभिन्न नवीकरणीय ऊर्जा प्रणालीहरुको सुपरिभिजन एवम अनुगमन गर्ने आदि कार्य गर्दछन्। त्यस्ता सेवा केन्द्रहरु वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र प्रति जवाफदेही एवम जिम्मेवारी हुनेछन्।

जिल्लास्तरमा जिल्ला विकास समिति अन्तर्गत रहेका जिल्ला ऊर्जा तथा वातावरण शाखा/इकाईहरुले कार्यविधिमा उल्लेखित कार्यहरुको अतिरिक्त स्थानीस्तरमा विभिन्न नवीकरणीय ऊर्जाको प्रवर्द्धन, संजाल निर्माण, अनुगमन जस्ता कार्यहरु गर्दछन्।

नवीकरणीय ऊर्जा अनुदान नीति २०६९ मा उल्लिखित विभिन्न नवीकरणीय ऊर्जा प्रणाली एवम आयोजनाहरु निर्माण तथा जडान गर्न उपलब्ध गराइने अनुदान रकम वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सिफारिसमा केन्द्रिय नवीकरणीय ऊर्जा कोष मार्फत प्रवाह गरिनेछ। केन्द्रले उक्त कोषलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

## ४.अनुदानका आधार तथा वितरण व्यवस्था: गैर विद्युतीकरण

### ४.१ सौर्य तापिय प्रणाली

(क) पानी तताउन, खाद्य पदार्थ पकाउन तथा कृषिजन्य वा अन्य बस्तु सुकाउनका लागि सौर्य ताप ऊर्जाको अधिकतम प्रयोगद्वारा परम्परागत र आयातित पेट्रोलियम इन्धनको उपभोगलाई घटाउन सौर्य तापिय प्रणालीको देशभरि प्रवर्द्धन गरिनेछ।

(ख) केन्द्रले उत्पादन, वितरण, जडान तथा बिक्री पछिको सेवा सम्बन्धी कार्य गर्ने कम्पनी तथा यसका प्रतिनिधि तथा बिक्रेताको योग्यता निर्धारणको निमित्त कार्यविधि वनाई लागू गर्ने र मापदण्डको आधारमा उनीहरुको योग्यता निर्धारण गर्ने र आवधिक पुनरावलोकन गर्नेछ।

(ग) सौर्य तापिय प्रणालीको उत्पादक/वितरक/उपभोक्तालाई प्राविधिक सहयोग उपलब्ध गराउनुको साथै मान्यता प्राप्त कम्पनीहरु मार्फत् मान्यता प्राप्त प्रणालीमा उपभोक्ताहरुलाई अनुदान उपलब्ध गराउनेछ।

(घ) सौर्य तापिय प्रणालीको प्रवर्द्धन, प्रचार प्रसार, बजार नियमन एवं गुणस्तर निश्चितता र अनुगमन उपभोक्ता सन्तुष्ठी मूल्यांकन सम्बन्धी विषयमा केन्द्र उत्तरदायी हुनेछ।

(ङ) उपभोक्ताले प्रतिस्पर्द्धात्मक बजार मार्फत् उचित मूल्यमा गुणस्तरीय उत्पादन एवं सेवा प्राप्त गरेका छन् भन्ने कुराको सुनिश्चितता गर्न कम्पनीहरु, यसका संजाल स्थानिय निकाय र उपभोक्ताहरु बीचको अन्तरकृयालाई सहज बनाउने।

(च) मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा यसका मान्यता प्राप्त प्रतिनिधि वा विक्रेताले प्रत्येक घरायसी सौर्य ड्रायर प्रणालीसँगै मर्मत सम्भार, प्रयोग तथा जडानको सम्पूर्ण चित्रात्मक विवरण प्रस्तुत गरिएको पुस्तिका उपभोक्तालाई उपलब्ध गराउनुपर्नेछ।

#### ४.१.१ अनुदान वितरण

मान्यता प्राप्त कम्पनीहरुले बिक्री विजकसाथ सौर्य तापिय प्रणालीको अनुदानका लागि केन्द्रवाट निर्धारित आवेदन फारामको साथ निवेदन पेश गर्नुपर्नेछ। कम्पनीहरुले निर्धारित सफ्टवेयर प्रयोग गरी अनुदान आवेदन

फारम र तथ्याङ्कहरुको विद्युतीय प्रति उपलब्ध गराउनु पर्नेछ । आवेदन फाराम भरी प्राप्त भएपछि केन्द्रले अनुदान स्वीकृतिको लागि पूरा गर्नुपर्ने आधार/शर्त एवं कागजात आदि जाँच गरी त्यसको विश्लेषण एवं मूल्यांकन गर्ने र आवश्यकतानुसार कोषलाई अनुदान स्वीकृतिको लागि सिफारिस गर्नेछ। कोषले आवेदनहरुको थप मूल्यांकन एवं विश्लेषण गरी शर्त तथा प्रक्रियाहरु पूरा भएको अवस्थामा अनुदान स्वीकृति गर्नेछ। अनुदान स्वीकृत भएपछि उपभोक्तालाई दिइने अनुदानको ९० प्रतिशत जडान गर्ने कम्पनी मार्फत भुक्तानी दिईनेछ र बाँकी १० प्रतिशत अनुदान रकम बिक्री पछिको सेवा प्रत्याभूति बापत धरौटी रकमको रुपमा राखिनेछ। एक वर्ष पछि बिक्री पछिको सेवाको मूल्यांकनको आधारमा धरौटी भुक्तानी दिइनेछ।

### ४.१.१.१ घरायसी सौर्य ड्रायर

(क) ग्रामीण क्षेत्रमा घरायसी सौर्य ड्रायरको लागि प्राथमिकता दिइनेछ।

(ख) घरायसी सौर्य ड्रायरको अनुदानको लागि पिछडिएका वर्गलाई पहिलो प्राथमिकता दिइनेछ।

(ग) मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा यसका मान्यता प्राप्त प्रतिनिधि/विक्रेताले केन्द्रको प्राविधिक मापदण्ड वमोजिमको सामान तथा उपकरणहरु प्रयोग गरी प्रमाणित डिजाइनको घरायसी सौर्य ड्रायरको जडान गर्नुपर्नेछ।

(घ) मान्यता प्राप्त जडानकर्ता कम्पनीले कोषद्वारा निर्धारित आवेदनको ढांचामा अनुदानका लागि अनुरोध गर्नुपर्नेछ।

(ङ) घरायसी सौर्य ड्रायरका लागि आवेदन फारमसँगै २ प्रति रङ्गिन तस्वीर संलग्न गरी पेश गर्नु पर्नेछ। पहिलो तस्वीरमा उपभोक्ता प्रयोग पुस्तिकाको साथमा ड्रायर सँगै उभिएको रङ्गिन तस्वीर स्पष्टसाथ देखिनुपर्दछ । यस्तै दोस्रो तस्वीरमा उपभोक्ता प्रयोग पुस्तिका साथ ड्रायर र विक्रेता/वितरकसँगै उभिएको रङ्गिन तस्वीर स्पष्टसाथ देखिनु पर्दछ। यसका साथ नेपाली नगरिकताको प्रतिलिपि, मोबाइल वा फोन नम्बर र घर ठेगाना सहजै पत्ता लगाउन सकिने स्पष्ट नक्सा समेत पेश गर्नु पर्नेछ।

### ४.१.१.२ मझौला तथा ठूला सौर्य ड्रायर

(क) सम्वन्धित निकायमा दर्ता भई कृषिजन्य व्यवसाय सञ्चालन गरिरहेका निजी कम्पनी, उद्योग, संस्था वा सामुदायिक संस्थाले मझौला तथा ठूला सौर्य ड्रायर अनुदानका निम्ति योग्य हुनेछन्। उपभोक्ता समूह गठन गर्दा गरिव, एकल महिला, विपत्ति पिडित, द्वन्दबाट प्रभावित तथा लोपोन्मुख जनजातीहरुलाई विषेश प्राथमिकता दिनुपर्नेछ।

(ख) गैर नाफामूलक संस्थाले संस्था नवीकरण प्रमाणका साथै गाविस वा जिविसको सिफारिस पेश गर्नुपर्नेछ भने नाफामूलक संस्थाले अघिल्लो आर्थिक बर्षको कर तिरेको प्रमाण पत्र पेश गर्नुपर्नेछ।

(ग) मझौला तथा ठूला सौर्य ड्रायरको अनुदानका निम्ति उपभोक्ता स्वयम वा मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा यसका मान्यता प्राप्त प्रतिनिधि/विक्रेताले सम्भाव्यता अध्ययन फारम भरी केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्दछ। केन्द्रले प्रतिवेदनको मूल्यांकन गरी आयोजनाले सम्पूर्ण आधार तथा शर्त पूरा गरेको पाइएमा अनुदानको लागि कोषलाई सिफारिस गर्नेछ।

(घ) सौर्य ड्रायरको सामान, पार्टपूर्जा र डिजाइन केन्द्रले तोकेको प्राविधिक मापदण्ड वमोजिमका हुनुपर्नेछ।

(ङ) मझौला तथा ठूला सौर्य ड्रायरका लागि आवेदन फारमसँगै ड्रायर जडान भएको स्थानको २ प्रति रङ्गिन तस्वीर संलग्न गरी पेश गर्नुपर्नेछ। पहिलो तस्वीरले जडान गरेको स्थानमा उपभोक्ता प्रयोग पुस्तिका साथमा जडित ड्रायर सँगै उभिएको रङ्गिन तस्वीर स्पष्टसाथ देखिनुपर्दछ। त्यसैगरी दोस्रो तस्वीरमा जडान भएको स्थानमा उपभोक्ता प्रयोग पुस्तिका साथ जडित ड्रायर र जडानकर्तासँगै उभिएको रङ्गिन तस्वीर स्पष्टसाथ देखिनुपर्दछ। फाराम साथ मोबाइल अथवा फोन नम्वर र जडान स्थलको ठेगाना सहजै पत्ता लगाउन सक्ने स्पष्ट नक्सा पेश गर्नुपर्नेछ।

(च) मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा यसका मान्यता प्राप्त प्रतिनिधि वा विक्रेताले जडान गरेको एक बर्ष भित्र कम्तिमा १ पटक निशुल्क रुपमा बिक्री पछिको सेवा उपलब्ध गराउनुपर्नेछ ।

(छ) मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा यसका मान्यता प्राप्त प्रतिनिधि वा विक्रेताले प्रत्येक मझौला तथा ठूला सौर्य ड्रायर प्रणाली सँगै मर्मत सम्भार, प्रयोग तथा जडान सम्वन्धी सम्पूर्ण चित्रात्मक विवरण प्रस्तुत गरिएको पुस्तीका उपभोक्तालाई वितरण गर्नुपर्नेछ ।

### ४.१.१.३ घरायसी सौर्य कुकर

(क) ग्रामीण क्षेत्रमा घरायसी सौर्य कुकर को लागि प्राथमिकता दिइनेछ ।

(ख) घरायसी सौर्य कुकरको अनुदानको लागि पिछडिएका वर्गहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।

(ग) मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा यसका मान्यता प्राप्त प्रतिनिधि/विक्रेताले केन्द्रको प्राविधिक मापदण्ड वमाजिमको सामाग्री तथा उपकरणहरु प्रयोग गरी प्रमाणित डिजाइनको घरायसी सौर्य कुकरको जडान गर्नु पर्नेछ ।

(घ) मान्यता प्राप्त जडानकर्ता कम्पनीले केन्द्रद्वारा निर्धारित आवेदनको ढांचामा अनुदानका लागि अनुरोध गर्नु पर्नेछ ।

(ङ) घरायसी सौर्य कुकरको लागि आवेदन फारमसँगै कुकर जडान भएको स्थानको २ प्रति स्पष्ट रङ्गिन तस्वीर संलग्न गरी पेश गर्नु पर्नेछ । पहिलो तस्वीरले जडान गरेको स्थानमा उपभोक्ता प्रयोग पुस्तिकाको साथ जडित कुकर सँगै उभिएको रङ्गिन तस्वीर स्पष्टसाथ देखिनुपर्दछ । त्यसैगरी दोस्रो तस्वीरमा जडान भएको स्थानमा उपभोक्ता प्रयोग पुस्तिका साथै जडित कुकर र जडानकर्ता सँगै उभिएको रङ्गिन तस्वीर स्पष्टसाथ देखिनुपर्दछ । यसका साथै नेपाली नगरिकताको प्रतिलिपि, मोबाइल वा फोन नम्बर र जडान स्थलको ठेगाना सहजै पत्ता लगाउन सकिने नक्सा पेश गर्नु पर्नेछ ।

(च) घरायसी तथा व्यवसायिक प्रयोजनको लागि नागरिकता नभएको खण्डमा घरधुरीको हकमा निवेदन पत्रसाथ गा.वि.स को सिफारिस पत्र पेश गर्नु पर्नेछ ।

(छ) मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा यसका मान्यता प्राप्त प्रतिनिधि वा विक्रेताले प्रत्येक घरायसीसौर्य कुकर प्रणालीसँगै मर्मत सम्भार, प्रयोग तथा जडानको सम्पूर्ण चित्रात्मक विवरण प्रस्तुत गरिएको पुस्तिका उपभोक्तालाई उपलब्ध गराउनुपर्नेछ ।

### ४.१.२ अनुगमन तथा मूल्यांकन र दण्ड जरिवाना

कोष तथा केन्द्रले जडान भएका सौर्य तापिय प्रणालीको अनुगमन एवं जाँच शाखा/इकाई, स्वतन्त्र परामर्शदाताहरु मार्फत गर्न सक्नेछ। जडान स्थलबाट प्राप्त तथ्यांक तथा जानकारीको आधारमा कम्पनीको कार्य सम्पादनको मूल्यांकन गरिने र कम्पनीले जडान नगरी अनुदान दावी गरेमा, तोकिएको भन्दा अर्को स्थानमा जडान गरेमा, जडान गर्दा त्रृटी गरेमा वा अनियमितता गरेको पाइएमा वा तोकिएको प्राविधिक मापदण्ड विपरितका उपकरणहरु प्रयोग गरेको पाइएमा पूर्व निर्धारित गुणस्तर प्रत्याभूति तथा अनुगमन निर्देशिका अनुसार कोष तथा केन्द्रले नियमितरुपमा वा आवश्यकतानुसार उजुरी वा प्रतिवेदनको आधारमा स्थलगत अनुगमन तथा जाँच देहाय अनुसार दण्ड तथा जरीवाना गरिनेछ::–

(क) अनुदान वितरण भएको एक वर्ष पछि जडान गरिएका प्रणालीमध्ये कम्तीमा १० प्रतिशत फाट्टफुट्ट (र्‍यान्डम साम्पलिङ्ग) रुपमा नमूना लिई मान्यता प्राप्त परामर्शदाता संस्थावाट स्थलगत अनुगमन गरिनेछ ।

(ख) स्थलगत अनुगमन तथ्यांकलाई व्यवस्थापन सूचना प्रणाली डाटाबेसमा राखी मूल्यांकन गरिनेछ र कम्पनीहरुको कार्यसम्पादन मूल्यांकन तथा बर्गीरण (ग्रेडिङ) को लागि समेत यसलाई आधार लिइनेछ । साथै उक्त तथ्यांक बिक्री पछिको सेवा प्रदान गरे वा नगरे वापत जरिवाना लगाउने, खराब तथा कम गुणस्तरको सामान तथा उपकरणको प्रयोग एवं दोहोरो अनुदान दावी गर्ने वा अन्य अनियमितता गर्ने आदि कार्यहरु वापत जरिवाना लगाउन समेत प्रयोग गरिनेछ । दण्ड जरिवानाको अधिकतम हद

कम्पनीको मान्यता खारेज सम्मको हुनेछ । स्वतन्त्र परामर्शदाताहरुवाट हुने स्थलगत निरिक्षणका अतिरिक्त कोष, केन्द्र र शाखा/इकाईले नियमित एवं आवश्यकता अनुसार स्थलगत अनुगमन तथा जाँच गर्नेछन् ।

(ग) नवीकरणीय ऊर्जा परीक्षण केन्द्रले समेत सम्पूर्ण प्राविधिक पक्षहरुको स्थलगत अध्ययन तथा अनुसन्धान गरी त्यस्ता प्रतिवेदन आवश्यक सुधारका लागि पृष्ठपोषणको रुपमा सम्वन्धित कम्पनीहरुलाई उपलब्ध गराउनेछ ।

(घ) जडान गरिएका प्रणालीको जिल्ला अनुसार केन्द्रले पूर्वनिर्धारण गरेको ढाँचा अनुरुप मासिक रेकर्डको एक/एक प्रति सम्वन्धित जिल्लाको सेवा केन्द्र, शाखा/इकाई, कोष र केन्द्रमा बुझाउनु पर्नेछ ।

## ४.२ संस्थागत सौर्य विद्युत प्रणाली तथा ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणाली

केन्द्रले संस्थागत सौर्य विद्युत प्रणाली र ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणालीमा प्राविधिक सहयोगका साथै आवधिक रुपमा उक्त प्रणालीहरुको उत्पादन, वितरण, जडान र बिक्री पछिको सेवाको लागि कम्पनीहरुको योग्यता निर्धारण गर्नेछ । कोषले संस्थागत सौर्य विद्युत प्रणाली र ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणालीमा मान्यता प्राप्त सौर्य ऊर्जा कम्पनीहरु मार्फत् उपभोक्ताहरुलाई अनुदान उपलब्ध गराउनेछ । संस्थागत सौर्य विद्युत प्रणाली र ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणालीको मर्मत सम्भारको लागि अनुदान रकमको ३ प्रतिशत रकम समुदायको मुद्दती खातामा ३ वर्षको लागि जम्मा गरिनेछ ।

### ४.२.१ संस्थागत सौर्य विद्युत प्रणाली

#### ४.२.१.१ अनुदानको लागि पूरा गर्नुपर्ने आधारहरु

अनुदानको लागि संस्थागत सौर्य विद्युत प्रणालीले देहायका शर्तहरु पूरा गर्नुपर्नेछः–

(क) एकल प्रणाली (स्ट्याण्ड एलोन मोड) मा रहेका संस्थागत सौर्य विद्युत प्रणाली अल्टरनेटिभ करेन्ट (एसी) वा डाइरेक्ट करेन्ट (डीसी) वा समूहगत प्रणालीमा हुन सक्नेछ ।

(ख) अनुदान कानूनी रुपमा दर्ता भएका सार्वजनिक संस्थाहरुलाई मात्र प्रदान गरिने छ ।

(ग) लघु तथा साना जलविद्युत वा राष्ट्रिय विद्युत प्रशारण लाइन पुगेको स्थानको लागि अनुदान प्राप्त हुने छैन ।

(घ) यसमा प्रयोग हुने सामान तथा उपकरणहरु नेपाल फोटोभोल्टेक गुणस्तर मापदण्डमा उल्लेखित प्रावधान (स्पेसिफिकेसन) वमोजिम हुनु पर्नेछ र त्यस्ता सामान तथा उपकरणहरु नवीकरणीय ऊर्जा परीक्षण केन्द्रद्वारा परीक्षण एवं प्रमाणित गरिएको हुनुपर्नेछ । त्यस्ता प्रणालीहरुमा प्रयोग हुने सोलार पाता तथा ब्याट्रीमा इन्ग्रेभ नम्बर राखिएको हुनुपर्नेछ ।

(ङ) यस अन्तर्गत कम्प्यूटर तथा प्रिन्टर, रेफ्रिजेरेटर आदि जस्ता उपकरणहरुलाई अनुदान दिइनेछैन ।

(च) यसको उत्पादन, वितरण तथा जडान केन्द्रवाट मान्यता प्राप्त कम्पनीहरुले मात्र गर्न पाउनेछन् ।

(छ) यसको डिजाइन र संभाव्यता अध्ययन साथै जडान प्रक्रियाको सुपरिवेक्षण केन्द्रद्वारा मान्यता प्राप्त कम्पनीहरुमा आवद्ध प्राविधिकहरुले मात्र गर्न पाउने छन् ।

(ज) सौर्य ऊर्जामा प्रयोग हुने ब्याट्री व्यवस्थापनको लागि ब्याट्री भौचरमा उल्लेख गरिएको रकम अनुदान रकमवाट कट्टा गरी छुट्टै खाता खोली ब्याट्री व्यवस्थापनको लागि प्रयोग गरिनेछ । तर उक्त कट्टा गरिने रकम अनुदान रकमको ५ प्रतिशत भन्दा वढी हुनेछैन् ।

#### ४.२.१.२ अनुदान वितरण

संस्थागत सौर्य विद्युत प्रणाली जडान गर्नको लागि सम्वन्धित संस्थाले निवेदन साथ सम्वन्धित गाविस वा जिविसको सिफारिस, केन्द्रले तोके बमोजिमको ढांचामा मान्यता प्राप्त कम्पनीहरु मध्ये कम्तीमा तीन वटा कम्पनीहरुसँग उपकरण संचालनार्थ आवश्यक पर्ने सौर्य ऊर्जा प्रणालीको अनुमानित लागत, जडान, वारेन्टी आदि सम्वन्धी सिलवन्दी कोटेशन लिई प्रतिस्प्रधात्मक आधारमा कम्पनी छनौट गरी निर्धारित ढाँचामा

सम्भाव्यता अध्ययन गराई लागतको कम्तीमा २५ प्रतिशत रकम व्यहोर्ने प्रतिबद्धता सहित सम्भाव्यता अध्ययन प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ । केन्द्रमा विस्तृत प्रतिवेदन प्राप्त भए पश्चात सौर्य ऊर्जा मूल्यांकन प्राविधिक समितिले दुर्गमता, पिछडिएका जनताको वाहुल्यता, सेवाग्राहीको संख्या, सम्वन्धित संस्थाको प्रतिबद्धता, मर्मत सम्भारको व्यवस्था, संस्थासंग उपलब्ध उपकरणहरु, प्रतिवेदनको आर्थिक पक्ष आदि आधारहरुको मूल्यांकन गर्नेछ । केन्द्रले आर्थिक प्रस्तावको मूल्यांकन गर्नको लागि आवधिक रुपमा संस्थागत सौर्य विद्युत प्रणालीको प्रति वाट पिक अनुमानित लागत निर्धारण गर्नेछ र प्राविधिक समितिले सोही लागतको आधारमा प्रस्ताव मूल्यांकन गरी आयोजनाले सम्पूर्ण आधार तथा शर्त पूरा गरेको पाइएमा अनुदान लागि कोषमा सिफारिस गर्नेछ । संस्थागत सौर्य विद्युत प्रणाली जडान गर्नु पूर्व कम्पनीले अनुदान आवेदन फाराम भरी केन्द्रमा पेश गरी कोषबाट स्वीकृत भएपछि मात्र संस्थागत सौर्य विद्युत प्रणालीका लागि छनौट भएको आपूर्तिकर्तासंग उपकरण आपूर्ति, जडान एवं अन्य सेवाको लागि सम्झौता गर्नु पर्नेछ । साथै उक्त संस्थाले संस्थागत सौर्य विद्युत प्रणालीको स्वामित्व, रेखदेख तथा मर्मत संभारका लागि केन्द्रसँग सम्झौता गर्नुपर्नेछ । सम्वन्धित जिविस वा गाविसको प्रमाणीकरण, जडित सौर्य प्रणाली सहित सम्वन्धित संस्था (स्कुलको हकमा शिक्षक र विद्यार्थी तथा स्वास्थ्य केन्द्र तथा अन्य संस्थाको हकमा प्रमुख सहित अन्य कर्मचारी) र जडान गर्ने प्राविधिक सहितको फोटो समेत संलग्न गरिएको जडान तथा परीक्षण प्रतिवेदन प्राप्त भएपछि कोषले उपयुक्त देखेमा अनुदान रकमको ९० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई भुक्तानी दिनेछ । जडित प्रणाली दुई वर्षसम्म सन्तोषजनक रुपमा संचालन भएपछि तथा कम्पनी/संस्थाले बिक्री पछिको सेवा प्रदान गरी उपभोक्ता सन्तुष्टि भएको सुनिश्चत भएपछि कोषले केन्द्रको सिफारिसमा बाँकी १० प्रतिशत अनुदान रकम भुक्तानी दिनेछ । कोष र केन्द्रले आवश्यकता अनुसार बिक्री पछिको सेवा तथा प्रत्याभूति केन्द्र आफै वा स्वतन्त्र परामर्शदाता, सम्बन्धित सेवा केन्द्र वा सम्बन्धित जिल्लाको शाखा/इकाईबाट अनुगमन गर्न, गराउन सक्नेछ ।

### ४.२.१.३ अनुगमन तथा मूल्यांकन र दण्ड जरिवाना

केन्द्रले जडान भएका संस्थागत सौर्य विद्युत प्रणालीको अनुगमन एवं जाँच शाखा/इकाई, वा स्वतन्त्र परामर्शदाताहरु मार्फत गर्न सक्नेछ । जडान स्थलबाट प्राप्त तथ्यांक तथा जानकारीको आधारमा कम्पनीको कार्य सम्पादन मूल्यांकन गरिने र कम्पनीले जडान नगरी अनुदान दावी गरेमा, अर्को स्थानमा जडान गरेमा, जडान गर्दा त्रुटी गरेमा वा अनियमिता गरेको पाइएमा निर्धारित मापदण्ड तथा निर्देशिका अनुसार जरिवाना गरिनेछ । साथै कोष तथा केन्द्रले नियमितरुपमा वा आवश्यकतानुसार उजुरी वा प्रतिवेदनको आधारमा स्थलगत अनुगमन तथा जाँच गरी देहाय वमोजिमको दण्ड तथा जरीवाना गरिनेछः-

(क) कम्पनीले सौर्य ऊर्जा उपकरण जडान नगरी अनुदान दावी गरेमा वा तोकिएको भन्दा अन्य स्थानमा जडान गरेमा वा तोकिएको क्षमता भन्दा कम क्षमताको सौर्य ऊर्जा प्रणाली जडान गरेमा अनुदान रकमको ३०० प्रतिशत जरीवाना गरी कम्पनीको मान्यता खारेज गरिनेछ ।

(ख) बिग्रेका, स्वीकृत नगरिएका र काम नलाग्ने पार्टपूर्जाहरु (सौर्य प्यानल, ब्याट्री, चार्ज कन्ट्रोलर आदि) जडान गरेको पाईएमा उक्त सामानको कोटेशन वा अनुदान आवेदन फाराममा उल्लेख भएको स्वीकृत अनुदानको २०० प्रतिशत सम्म जरीवाना गरिनेछ । त्यस्ता सामानहरु कम्पनीलाई जानकारी गराएको मितिले एक महिना भित्र फेरेर त्यसको प्रतिवेदन केन्द्रमा बुझाउनु पर्नेछ । यस सम्वन्धमा केन्द्र आफै वा केन्द्रवाट नियुक्त परामर्शदाताले स्थलगत अनुगमन गर्दा कम्पनीले अनियमितता गरेको पाइएमा कम्पनीको मान्यता खारेज गरिनेछ ।

(ग) कम्पनीले सौर्य ऊर्जा प्रणाली जडान गरेको दुई वर्ष भित्र प्रत्येक ६ महिनामा निशुल्क रुपमा कम्तीमा ३ पटक बिक्री पछिको सेवा सम्बन्धित स्थानमा उपलब्ध गराउनु पर्नेछ । कम्पनीले दिएको वारेन्टी समय सम्म तथा दुई बर्ष सम्म बिक्री पछिको सेवा उपलब्ध नगराएमा कम्पनीले अन्तिम किस्ता वापत भुक्तानी लिन बाँकी रहेको अनुदानको १० प्रतिशत रकम आवश्यकता अनुसार सम्वन्धित सौर्य ऊर्जा प्रणालीको मर्मत तथा सम्भारका लागि उपलब्ध गराउन सकिनेछ । यदि कम्पनीले एक आर्थिक वर्ष भित्र जडान गरेका प्रणालीहरु मध्ये १० प्रतिशत भन्दा धेरै प्रणालीहरुमा बिक्री पछिको सेवा उपलब्ध नगराएको वा वारेन्टी अवधि भित्र सम्वन्धित संस्थाले प्रणाली बिग्रेको भनि लिखित रुपमा अनुरोध गरेको एक महिनाभित्र कम्पनी सम्वन्धित स्थानमा नपुगेको भेटिएमा कम्पनीलाई ६ महिनासम्म निलम्बन गरिनेछ । सो पश्चात समेत बिक्री पछिको सेवा उपलब्ध गराएको नदेखिएमा कम्पनीको मान्यता खारेज गरिनेछ ।

### ४.२.२ ग्रामीण सामदायिक सौर्य विद्युत खानेपानी प्रणाली

#### ४.२.२.१ अनुदानको लागि पूरा गर्नुपर्ने आधारहरु

ग्रामीण सामुदायीक सौर्य विद्युत खानेपानी प्रणालीको अनुदानका लागि देहायका शर्तहरु पूरा गरेको हुनु पर्नेछ:–

(क) अन्य माध्यमद्वारा विद्युतीकरण नभएका क्षेत्रमा मात्र तोकिएको ग्रामीण सामुदायीक सौर्य विद्युत खानेपानी प्रणालीमा अनुदान उपलब्ध हुनेछ ।

(ख) गुणस्तर सुनिश्चितता गर्न नवीकरणीय ऊर्जा परिक्षण केन्द्रद्वारा प्रमाणित गरिएका सामान तथा उपकरणहरु मात्र प्रयोग गर्नुपर्नेछ ।

(ग) आयोजना निर्माण गर्दा केन्द्रले तोकेको प्राविधिक मापदण्ड पुरा गरेको हुनुपर्नेछ । सिभिल कार्यको हकमा केन्द्रवाट स्वीकृत निर्देशिका वमोजिम गर्नुपर्नेछ ।

(घ) सिभिल संरचना निर्माण कार्य उपभोक्ता समिति आफै वा विद्युतीय तथा यान्त्रिक सामान आपूर्ति तथा जडान गर्ने कम्पनीबाट समेत गराउन सकिनेछ । तर उपभोक्ता समितिले आफै निर्माण गर्ने हकमा विद्युतीय तथा यान्त्रिक उपकरण जडान गर्ने कम्पनीले समितिले निर्माण गर्ने सिभिल संरचना तोकिएको मापदण्ड अनुसार भएको सुनिश्चित गर्नुपर्नेछ ।

(ङ) सम्वन्धित जडानकर्ता कम्पनीमा आवद्ध प्राविधिकको प्रत्यक्ष सुपरभिजनमा सौर्य विद्युत खानेपानी प्रणाली जडान गरिएको भन्ने प्रमाणित हुनु पर्नेछ ।

(च) केन्द्रद्वारा निर्धारित माग फाराम भरी आयोजना निर्माणका लागि निवेदन दिनुपर्नेछ ।

(छ) कोषद्वारा निर्धारित अनुदान फाराम भरी अनुदानको माग गर्नुपर्नेछ ।

(ज) लक्षित वर्गले थप अनुदान सहयोगको लागि शाखा/इकाई वा सेवा केन्द्र मार्फत केन्द्रमा निवेदन दिनुपर्नेछ ।

#### ४.२.२.२ अनुदान वितरण

राष्ट्रिय विद्युत प्रशारण लाइन नपुगेका र खानेपानीको समस्या भएका ग्रामीण क्षेत्रहरुका जनताहरुले ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणाली जडान गर्न चाहेमा उपभोक्ता समूह गठन गरी विस्तृत जानकारीका लागि केन्द्र वा शाखा/इकाई वा सेवा केन्द्रमा सम्पर्क गर्नुपर्नेछ । उपभोक्ता समूह गठन गर्दा गरिव, एकल महिला, विपत्ति पिडित, द्वन्दबाट प्रभावित तथा लोपोन्मुख जनजातीहरुलाई विषेश प्राथमिकता दिनुपर्नेछ । समुह गठन गर्दा केन्द्रले तोकेको मापदण्ड पालना गनुपर्नेछ । केन्द्रद्वारा निर्धारित ढाँचा सहितको आयोजना माग फाराम भरी सम्वन्धित शाखा/इकाई वा सेवा केन्द्रमा पेश गर्नुपर्नेछ । सेवा केन्द्रहरुले केन्द्रले तोकेको आयोजना निर्माणका लागि आवश्यक आधार तथा शर्तहरुको मूल्याङ्कन गरी सम्भाव्य तथा उपयुक्त आयोजनाको सूचि केन्द्रमा पठाउनु पर्नेछ । सेवा केन्द्रवाट प्राप्त सूचि र आयोजनाहरुको विश्लेषण गरी केन्द्रले सम्भाव्य आयोजनाहरुको विस्तृत डिजाईन प्रतिवेदन तयार गर्न सम्वन्धित सेवा केन्द्रलाई निर्देशन दिनेछ । सेवा केन्द्रले उक्त आयोजनाको प्राविधिक र आर्थिक तथा सामाजिक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी पुन केन्द्रमा पेश गर्नुपर्नेछ । सम्भाव्य आयोजनाहरुको मूल्यांकन तथा विश्लेषण गरी केन्द्रले अनुदानका लागि कोषमा सिफारिस गर्नेछ । कोषले आवश्यक ठानेमा थप जाँचवुझ गरी अनुदानका लागि योग्य देखिएका आयोजनालाई सम्वन्धित उपभोक्ता समिति, वातावरण शाखा/इकाई र सेवा केन्द्रलाई जानकारी गराउनु पर्नेछ । उपभोक्ताले अनुदान वाहेकको आयोजनाको लागतको रकमको व्यवस्था गर्नुपर्नेछ । उपभोक्ता समितिले केन्द्रवाट मान्यता प्राप्त कम्पनीहरु मध्ये कम्तीमा ३ वटा कम्पनीहरुबाट सिलवन्दी कोटेशन माग गर्नुपर्ने र प्रतिस्प्रधात्मक आधारमा कोटेशन छनौट गरी जडानकर्ता कम्पनी र उपभोक्ता समिति विच करार सम्झौता गर्नुपर्नेछ । कोटेसन खोल्दा सम्वन्धित शाखा/इकाईको कर्मचारी अनिवार्य उपस्थित हुनुपर्नेछ । साथै अनुदान वाहेक उपभोक्तावाट व्यहोर्नुपर्ने रकमको व्यवस्था गरी लिखित पत्रसहित सम्वन्धित सेवा केन्द्रमा पेश गर्नुपर्नेछ । सेवा केन्द्रले अनुदान निकासाको लागि केन्द्रमा सिफारिस गर्नुपर्नेछ । केन्द्रको सिफारिस अनुसार कोषले देहाय वमोजिम भुक्तानी गर्नेछ ।

(क) सिभिल संरचना सहित सम्पूर्ण निर्माण कार्य गर्न छनौट भएको कम्पनीले कार्य गर्ने गरी उपभोक्ता समूह र सम्बन्धित कम्पनी विचमा सम्झौता भएको अवस्थामा देहाय बमोजिम अनुदान रकम भुक्तानी हुनेछः–

(१) उपभोक्ता समिति र कम्पनी विच सम्झौता भएपछि अनुदान रकम बाहेक उपभोक्ताले व्यहोर्नुपर्ने कूल रकमको ५० प्रतिशत रकम उपभोक्ता समितिले कम्पनीलाई उपलब्ध गराउनु पर्नेछ ।

(२) सम्वन्धित कम्पनीले सम्झौतामा उल्लेख गरिए अनुसारको सम्पूर्ण विद्युतिय तथा यान्त्रिक उपकरण निर्माण स्थलमा उपलब्ध गराएको प्रमाण उपभोक्ता समितिबाट प्राप्त भएपछि कोष मार्फत उपलब्ध गराउने अनुदानको ६० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई उपलब्ध गराइनेछ ।

(३) सम्वन्धित कम्पनीले सम्पूर्ण सिभिल निर्माण कार्य सम्पन्न भएको लिखित जानकारी गराएपछि मात्र उपभोक्ता समितिले उपलब्ध गराउन बाँकी ५० प्रतिशत रकम कम्पनीलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) कम्पनीले सिभिल, विद्युतिय तथा मेकानिकल प्रणाली जडान कार्य सम्पन्न गरी कार्य सम्पादन संक्षिप्त प्रतिवेदन केन्द्रमा पेश गरेपछि केन्द्रले स्थलगत निरिक्षण एक महिनाभित्र आफै वा अन्य प्राविधिक मार्फत गराउनेछ । आयोजनाको कार्य सम्पादन निरिक्षण प्रतिवेदन कोषमा सिफारिस सहित पेश गरेपछि अनुदानको ३० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई उपलब्ध गराइनेछ ।

(५) जडान सम्पन्न भएको मितिले एक वर्ष पछि दुई महिना भित्र जडानकर्ता कम्पनीले बिक्री पछिको सेवा सम्झौता अनुसार दिए,नदिएको यकिन गरी, दिईएको पाईएमा बाँकी अनुदानको अन्तिम १० प्रतिशत रकम कोषले सम्वन्धित कम्पनीलाई उपलब्ध गराउनेछ ।

(ख) सिभिल संरचना उपभोक्ता समितिले निर्माण गर्ने र विद्युतिय तथा यान्त्रिक उपकरण मात्र मान्यता प्राप्त कम्पनीले आपूर्ति र जडान गर्ने गरी सम्झौता भएको अवस्थामा देहाय बमोजिम अनुदान रकम भुक्तानी गरिनेछः–

(१) उपभोक्ता समिति र कम्पनी विच सम्झौता गर्दा सिभिल संरचना निर्माण र विद्युतिय तथा यान्त्रिक उपकरण जडान गर्दा लाग्ने खर्चको स्पष्ट रुपमा उल्लेख भएको हुनुपर्दछ ।

(२) उपभोक्ता समितिले अनुदान रकम वाहेकको रकम व्यवस्था गरी सिभिल संरचना निर्माण शुरु गर्नु पर्नेछ ।

(३) कोष मार्फत उपलब्ध हुने कूल अनुदान रकम विद्युतिय तथा यान्त्रिक उपकरणको लागि भएको करार सम्झौताको रकम भन्दा बढी भएमा त्यसरी बढि हुने रकम उपभोक्ता समितिको अनुरोधमा कोषले सोझै उपभोक्ता समितिलाई उपलब्ध गराउन सक्नेछ । यसरी प्राप्त हुने अनुदान रकम माग गर्दा उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम अनुसारको कार्य सम्पन्न भई समितिले व्यहोर्नुपर्ने सम्पूर्ण रकम समेत खर्च भईसकेको प्रमाण अनिवार्यरुपमा पेश गर्नुपर्नेछ । त्यस्तो प्रमाणलाई सम्वन्धित सेवा केन्द्र वा शाखा/इकाईले सिफारिस गर्नुपर्नेछ । उपभोक्ता समितिलाई सिभिल संरचना निर्माण गर्न अन्तिम अनुदान स्वीकृत भए पश्चात ४० प्रतिशत र पूरा निर्माण भए पश्चात ६० प्रतिशत रकम भुक्तानी दिइनेछ । यसरी उपभोक्ता समितिलाई रकम उपलब्ध गराउँदा सम्वन्धित सेवा केन्द्रको जमानीमा मात्र उक्त रकम उपलब्ध गराइनेछ ।

(४) सिभिल संरचना निर्माणधिन अवस्था वा सम्पन्न भएपश्चात सम्वन्धित कम्पनीले सम्झौता अनुसारको विद्युतिय तथा यान्त्रिक सामान आयोजना स्थलमा उपलब्ध गराउन सक्नेछ । त्यस्ता सामान आयोजना स्थलमा प्राप्त भएको व्यहोरा सहित उपभोक्ता समितिबाट सिफारिस प्राप्त भएमा कोषले विद्युतिय तथा यान्त्रिक सामान आपूर्ति तथा जडान गर्न लाग्ने भनि सम्झौतामा उल्लेखित रकमको ६० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई भुक्तानी दिइनेछ ।

(५) सिभिल संरचना निर्माण तथा सम्पूर्ण विद्युतिय तथा यान्त्रिक सामान जडान गरी आयोजना निर्माण सम्पन्न भएको प्रमाण सहित सम्वन्धित कम्पनीले निवेदन दिएपछि मात्र केन्द्रमा आवश्यक प्रमाण सहित निवेदन दर्ता भएको एक महिना भित्र प्रमाणित गरे पश्चात कोषले विद्युतिय तथा मेकानिकल सामान आपूर्ति तथा जडान गर्न लाग्ने सम्झौतामा उल्लेखित रकमको ३० प्रतिशत रकम सम्वन्धित

कम्पनीलाई भुक्तानी दिनेछ । जडानकर्ता कम्पनीले आयोजना निर्माण सम्पन्न भए पश्चात एकैपटक ९० प्रतिशत रकम लिन चाहेमा कोषले उक्त रकम भुक्तानी दिनेछ ।

(६) कम्पनीले जडान सम्पन्न भएको मितिले प्रत्येक ६ महिनामा २ वर्ष भित्र निशुल्क रुपमा कम्तीमा ३ पटक बिक्री पछिको सेवा सम्वन्धित स्थानमा पुगि उपलब्ध गराउनु पर्नेछ । २ वर्ष पश्चात २ महिना भित्र जडानकर्ता कम्पनीले बिक्री पछिको सेवा सम्झौता अनुसार गरे, नगरेको यकिन गरी सेवा उपलब्ध गराएको सुनिश्चित भएमा बाँकी १० प्रतिशत अनुदान रकम मध्ये ७ प्रतिशत रकम कोषले सम्वन्धित कम्पनीलाई र ३ प्रतिशत रकम मर्मत सम्भारको लागि सम्वन्धित उपभोक्ताको मुद्दती खातामा भुक्तानी दिनेछ ।

#### ४.२.२.३ अनुगमन तथा मूल्यांकन र दण्ड तथा जरिवाना

आयोजना निर्माणको प्रक्रियामा शत प्रतिशत आयोजनामै आवश्यकता अनुसार केन्द्र वा शाखा/इकाई वा सेवा केन्द्रका प्राविधिकहरुले स्थलगत निरिक्षण गर्नेछन । निरिक्षण प्रतिवेदनका आधारमा कोषले बाँकी अनुदान रकम सम्वन्धित कम्पनीलाई भुक्तानी दिइनेछ । नवीकरणीय ऊर्जा परिक्षण केन्द्रले समेत ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणालीको सम्पूर्ण पक्षहरुको स्थलगत अध्ययन तथा अनुगमन गरी त्यस्ता प्रतिवेदन आवश्यक सुधारका लागि पृष्ठपोषणको रुपमा सम्वन्धित कम्पनीहरुलाई उपलब्ध गराउनेछ । कोषले जडान भएको ग्रामीण सामुदायिक सौर्य विद्युत खानेपानी प्रणालीको अनुदान भुक्तानी गर्दा निरिक्षण गर्न आवश्यक देखेमा आयोजनाको स्थलगत निरिक्षण तथा अनुगमन गर्न सक्नेछ । जडानकर्ता कम्पनीले जडान सम्पन्न गरेको विवरण सहित निवेदन दिएपछि केन्द्रले आफै वा शाखा/इकाई मार्फत सम्झौतामा उल्लेख भए अनुसार जडान सम्पन्न भए, नभएको निरीक्षण गराउन सक्नेछ ।

जडान स्थलबाट प्राप्त तथ्यांक तथा जानकारीको आधारमा कम्पनीको कार्य सम्पादनको मूल्यांकन गरिने छ । कम्पनीले जडान नगरी अनुदान दावी गरेमा, फरक स्थानमा जडान गरेमा, जडान गर्दा त्रुटी गरेमा वा अनियमितता गरेको पाइएमा वा तोकिएको प्राविधिक मापदण्ड विपरितका उपकरणहरु प्रयोग गरेको पाइएमा निर्धारित गुणस्तर प्रत्याभूति तथा अनुगमन निर्देशिका अनुसार जरिवाना गरिनेछ । साथै कोष र केन्द्रले नियमित रुपमा वा आवश्यकतानुसार उजुरी वा प्रतिवेदनको आधारमा स्थलगत अनुगमन तथा जाँच गर्नेछ ।

## ४.३ वायोग्यास

### ४.३.१ अनुदानका लागि पूरा गर्नुपर्ने तथा अनुदान वितरण

#### (क) घरायसी वायोग्यास प्लाण्ट

(१) केन्द्रले समय समयमा वायोग्यास कम्पनीहरुलाई बायोग्यास निर्माण तथा आवश्यक प्राविधिक सेवा उपलब्ध गराउन योग्यता निर्धारण गर्नेछ ।

(२) केन्द्रबाट निर्धारित प्राविधिक मापदण्ड वमोजिम मान्यता प्राप्त कम्पनी मार्फत निर्माण भएका २ देखि ८ घनमिटर क्षमता सम्मका वायोग्यास प्लान्टहरुलाई मात्र अनुदान दिइनेछ । कम्पनी र उपभोक्ता वीच हुने सम्झौता पत्रमा प्लान्ट निर्माण पछि जडित प्लान्टमा कम्तीमा ४ वर्षको प्रत्याभूति (ग्यारेन्टी) दिनुपर्नेछ ।

(३) मान्यता प्राप्त कम्पनीहरुले प्लान्ट निर्माण सम्पन्न फाराम तथा अन्य आवश्यक कागजातहरु केन्द्रले छनौट गरेको प्राविधिक सेवा प्रदायक संस्थाहरुमा पेश गर्नुपर्नेछ । उक्त प्राविधिक सेवा प्रदायक संस्थाले वायोग्यास कम्पनीले पेश गरेका प्लान्ट निर्माण सम्पन्न फारामहरुको मूल्यांकन एवम आवश्यक जाँच गरी अनुदानका लागि सिफारिस सहित प्रतिवेदन र आवश्यक कागजातहरु केन्द्रमा पेश गर्नेछ ।

(४) केन्द्रले प्राप्त आवेदनमा उपर आवश्यक जाँच गरी अनुदानका सम्पूर्ण आधारहरु पूरा भएको सुनिश्चत गरी कोषमा अनुदानका लागि सिफारिस गर्नेछ । कोषले आवश्यक मूल्यांकन एवम जाँच

गरी अनुदानको लागि उपयुक्त देखेमा उपभोक्तालाई दिइने अनुदान रकम मान्यता प्राप्त कम्पनीहरु मार्फत भुक्तानी गर्नेछ ।

(५) सम्पूर्ण आवश्यक शुल्कहरु जस्तै लेदो मल सदुपयोग शुल्क, बिक्री पछिको सेवा शुल्क आदि अनुदान रकम भुक्तानी गर्दा कट्टा गरिनेछ । मान्यता प्राप्त कम्पनीहरुले प्लाण्ट निर्माण पश्चात् बिक्री पछिको सेवा प्रदान गर्दा केन्द्रले तयार गरेको मापदण्ड र निर्देशिका अनुसार गर्नुपर्नेछ ।

(६) बिक्री पछिको सेवा सन्तोषजनक भए, नभएको सम्बन्धित प्राविधिक सेवा प्रदायक, केन्द्र वा केन्द्रले तोकेको स्वतन्त्र परामर्शदाताले अनुगमन गर्नेछ । साथै बिक्रि पछिको सेवा शुल्क भुक्तानी गर्दा केन्द्रले शाखा/इकाईको प्रतिवेदनलाई आधार मान्न सक्नेछ । लेदो मल को सदुपयोग शुल्क सम्बन्धित कम्पनीको सिफारिसमा उपलब्ध गराइनेछ । निर्देशिकामा उल्लेखित सेवा र कार्य सन्तोषजनक पाइएमा बाँकी रकम भुक्तानीको लागि कोषमा सिफारिस गरिने छ ।

## (ख) शहरी घरेलु वायोग्यास

शहरी क्षेत्रका घरहरुका भान्छा तथा घर वरपर उत्पन्न हुने कुहिने जैविक पदार्थको प्रयोग गरी वायोग्यास उत्पादन गर्न केन्द्रले तोके अनुसारको मापदण्ड र डिजाइनका ४ घन मिटर सम्मको वायोग्यास प्लाण्ट निर्माणका लागि उपलब्ध गराइने अनुदान रकमको लागि देहाय वमोजिमको प्रकृया पुऱ्याउनुपर्नेछः–

(१) केन्द्रबाट निर्धारित प्राविधिक मापदण्ड वमोजिम मान्यता प्राप्त कम्पनी मार्फत निर्माण भएका बायोग्यास प्लान्टहरुलाई मात्र अनुदान दिइनेछ ।

(२) मान्यता प्राप्त कम्पनीहरुले प्लान्ट निर्माण सम्पन्न फाराम तथा अन्य आवश्यक कागजातहरु केन्द्रले छनौट गरेको प्राविधिक सेवा प्रदायक संस्थाहरुमा पेश गर्नुपर्नेछ । उक्त सेवा प्रदायक संस्थाले बायोग्यास कम्पनीले पेश गरेका प्लान्ट निर्माण सम्पन्न फारामहरुको आवश्यक जाँच गरी अनुदानका लागि सिफारिसका साथ त्यसको प्रतिवेदन र आवश्यक कागजातहरु केन्द्रमा पेश गर्नेछ ।

(३) केन्द्रले अनुदानका सम्पूर्ण आधारहरु पूरा भएको यकिन गरी कोषमा अनुदानका लागि सिफारिस गर्नुपर्नेछ । कोषले आवश्यक मूल्यांकन तथा जाँच पश्चात अनुदानका लागि उपयुक्त देखेमा उपभोक्तालाई दिइने अनुदान रकमको ९० प्रतिशत रकम मान्यता प्राप्त कम्पनी वा जडानकर्तालाई भुक्तानी दिनेछ ।

(४) मान्यता प्राप्त कम्पनीहरुले प्लाण्ट निर्माण पश्चात् बिक्री पछिको सेवा प्रदान गर्दा केन्द्रले स्वीकृत गरेको मापदण्ड र निर्देशिका अनुसार गर्नुपर्नेछ ।

(५) बिक्री पछिको सेवा सन्तोषजनक भए, नभएको सम्बन्धित प्राविधिक सेवा प्रदायक, केन्द्र वा केन्द्रले तोकेको स्वतन्त्र परामर्शदाता मार्फत अनुगमन गराइनेछ । साथै बिक्री पछिको सेवा शुल्क भुक्तानीको लागि सिफारिस गर्दा केन्द्रले शाखा/इकाईको प्रतिवेदनलाई समेत आधार मान्न सक्नेछ । सेवा सन्तोषजनक पाइएमा बाँकी १० प्रतिशत अनुदान रकम भुक्तानीको लागि केन्द्रले कोषलाई सिफारिस गर्नेछ । यदि सेवा सन्तोषजनक नदेखिएमा बिक्री पश्चातको सेवा वापत पाउनु पर्ने रकम वायोग्यास प्लान्ट मर्मत सम्भारको लागि प्रयोग गरिनेछ ।

## (ग) संस्थागत वायोग्यास प्लाण्ट

विद्यालय, क्याम्पस, अस्पताल, प्रहरी र सैनिक व्यारेक, वृद्धाश्रम र धार्मिक जस्ता सार्वजनिक संस्थाहरुवाट निस्कने जैविक वस्तु तथा मानव मलमूत्र प्रयोग गरी बायोग्यास उत्पादन गर्न १२ घनमिटर भन्दा वढी क्षमताका वायोग्यास प्लाण्टको लागि उपलब्ध गराइने अनुदान रकमको लागि देहाय वमोजिमको प्रकृया पुऱ्याउनुपर्नेछः–

(१) केन्द्रबाट निर्धारित प्राविधिक मापदण्ड वमोजिम मान्यता प्राप्त कम्पनी मार्फत निर्माण भएका वायोग्यास प्लान्टहरुलाई मात्र अनुदान दिइनेछ ।

(२) प्लाण्ट निर्माण गर्न इच्छुक संस्थाहरुले वायोग्यास प्लान्ट निर्माण गर्ने सम्बन्धमा गरेको निर्णय सहित मान्यता प्राप्त परामर्शदाताद्वारा तयार गरिएको पूर्व सम्भाव्यता अध्ययनको प्रतिवेदन सहित केन्द्रमा निवेदन दिनु पर्नेछ ।

(३) केन्द्रले उक्त अध्ययनको मूल्यांकन गरी आवश्यक देखेमा आर्थिक, प्राविधिक तथा वातावरणीय पक्ष सहितको विस्तृत सर्भेक्षणको लागि सिफारिस गर्नेछ ।

(४) केन्द्रले स्वीकृत गरेको मापदण्ड अनुसार सम्वन्धित संस्थाले केन्द्रवाट मान्यता प्राप्त परामर्शवाट विस्तृत सम्भाब्यता अध्ययन गराई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(५) केन्द्रले पूर्व सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययनको प्रतिवेदन प्राप्त भएपछि सो उपर मूल्यांकन एवम जाँच गरी सम्भाव्य देखिएमा वायोग्यास प्लान्ट निर्माणको लागि अनुमति दिनेछ ।

(६) मान्यता प्राप्त कम्पनीहरुले प्लान्ट निर्माण सम्पन्न फाराम सहित अन्य आवश्यक कागजातहरु अनुदानका लागि सिफारिस साथ प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

(७) केन्द्रले अनुदानका सम्पूर्ण आधारहरु पुरा भएको यकिन गरी कोषमा अनुदानका लागि सिफारिस गर्नेछ । कोषले आवश्यक मूल्यांकन एवम जांच गरी अनुदानको लागि उपयुक्त देखेमा उपभोक्तालाई दिइने अनुदान रकमको ९० प्रतिशत रकम मान्यता प्राप्त कम्पनीलाई भुक्तानी दिइनेछ ।

(८) बिक्री पछिको सेवा सन्तोषजनक भए, नभएको सम्वन्धित प्राविधिक सेवा प्रदायक, केन्द्र वा केन्द्रले तोकेको स्वतन्त्र परामर्शदाताले अनुगमन गर्नेछ । बिक्री पछिको सेवा शुल्क भुक्तानीको लागि सिफारिस गर्दा केन्द्रले शाखा/इकाईको प्रतिवेदनलाई आधार मान्न सक्नेछ । यदि कम्पनीले दिइएको सेवा सन्तोषजनक पाइएमा बाँकी १० प्रतिशत अनुदान रकम भुक्तानीको लागि केन्द्रले कोषमा सिफारिस गर्नेछ । यदि सेवा सन्तोषजनक नदेखिएमा बिक्री पश्चातको सेवा वापत् पाउनु पर्ने रकम वायोग्यास प्लान्ट मर्मत सम्भारको लागि प्रयोग गरिनेछ ।

### (घ) सामुदायिक वायोग्यास प्लान्ट

गाई भैंसीको गोवर तथा अन्य जैविक वस्तुहरुको प्रयोग गरी समुदायको प्रयोगका लागि वायोग्यास प्लान्ट निर्माण गर्दा प्राविधिक रुपमा वायोग्यास वितरण गर्न सकिने सीमा भित्र रही बन्ने १२ घनमिटर भन्दा वढी क्षमताका सामुदायिक प्लाण्टको अनुदान रकमको लागि देहाय वमोजिमको प्रकृया पुऱ्याउनुपर्नेछ । यस्तो अनुदान १२ वा सो भन्दा बढी सदस्य रहेको घरधुरीले सम्वन्धित गाविस वा नगरपालिकाको सिफारिस र प्रमाणीकरणका आधारमा प्राप्त गर्न सक्नेछन् ।

(१) केन्द्रबाट निर्धारित प्राविधिक मापदण्ड वमोजिम मान्यता प्राप्त कम्पनी मार्फत निर्माण भएका वायोग्यास प्लान्टहरुलाई मात्र अनुदान दिइनेछ ।

(२) केन्द्रबाट स्वीकृत डिजाईन वमोजिम प्लाण्ट निर्माण गर्दा प्रति चुलो न्यूनतम ४ घन मिटर क्षमताको हुनुपर्नेछ ।

(३) सम्वन्धित उपभोक्ता समितिले प्लाण्ट निर्माण गर्न आवश्यक जग्गाको व्यवस्था आफैले गर्नुपर्नेछ । यदि त्यस्तो जग्गा सार्वजनिक वा सरकारी स्वामित्वको भए स्वामित्व हुने निकायको सहमति सहितको निवेदन पेश गर्नु पर्नेछ ।

(४) वायोग्यास प्लान्ट निर्माण गर्न इच्छुक समुदायले निवेदन दिंदा सम्वन्धित निकायमा दर्ता भएको नवीकरण सहितको उपभोक्ता समितिको दर्ता प्रमाण पत्रको प्रतिलिपि र उपभोक्ता समितिको सम्पूर्ण सदस्यहरुको हस्ताक्षर सहितको निर्णयको प्रति केन्द्रमा पेश गर्नुपर्नेछ । निवेदनको साथ मान्यता प्राप्त परामर्शदाताद्वारा तयार गरिएको पूर्व सम्भाव्यता अध्ययनको प्रतिवेदन समावेश गर्नु पर्नेछ ।

(५) केन्द्रले पूर्व सम्भाव्यता अध्ययनको मूल्यांकन गरी आवश्यक देखेमा आर्थिक, प्राविधिक तथा वातावरणीय पक्ष सहितको विस्तृत सर्भेक्षणको लागि सिफारिस गर्नेछ ।

(६) केन्द्रले स्वीकृत गरेको मापदण्ड अनुसार सम्वन्धित संस्थाले केन्द्रवाट मान्यता प्राप्त परामर्शवाट विस्तृत सम्भाव्यता अध्ययन गराई प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(७) केन्द्रले पूर्व सम्भाव्यता अध्ययन वा विस्तृत सम्भाव्यता अध्ययनको प्रतिवेदन प्राप्त भएपछि सो उपर मूल्यांकन एवम जाँच गरी सम्भाव्य देखिएमा वायोग्यास प्लान्ट निर्माणको लागि अनुमति दिनेछ ।

(८) मान्यता प्राप्त कम्पनीहरुले प्लान्ट निर्माण सम्पन्न फाराम सहित अन्य आवश्यक कागजातहरु अनुदानका लागि सिफारिस साथ प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

(९) केन्द्रले अनुदानका सम्पूर्ण आधारहरु पूरा भएको यकिन गरी कोषमा अनुदानका लागि सिफारिस गर्नेछ । कोषले आफु समक्ष प्राप्त भएका अनुदानका आवेदन फाराम तथा कागजात सम्वन्धमा मूल्यांकन एवम जाँच गरी सवै प्रक्रिया पूरा भएको लागेमा अनुदान स्वीकृत गरी उपभोक्तालाई दिइने अनुदान रकमको ९० प्रतिशत रकम मान्यता प्राप्त कम्पनी वा जडानकर्ताहरु मार्फत भुक्तानी दिनेछ ।

(१०) बिक्री पछिको सेवा सन्तोषजनक भए, नभएको सम्बन्धित प्राविधिक सेवा प्रदायक, केन्द्र वा केन्द्रले तोकेको स्वतन्त्र परामर्शदाताले अनुगमन गर्नेछ। बिक्री पछिको सेवा शुल्क भुक्तानीको लागि सिफारिस गर्दा केन्द्रले शाखा/इकाईको प्रतिवेदनलाई आधार मान्न सक्नेछ। यदि कम्पनीले दिइएको सेवा सन्तोषजनक पाइएमा बाँकी १० प्रतिशत अनुदान रकम भुक्तानीको लागि केन्द्रले कोषमा सिफारिस गर्नेछ । यदि सेवा सन्तोषजनक नदेखिएमा बिक्री पश्चातको सेवा वापत पाउनु पर्ने रकम वायोग्यास प्लान्ट मर्मत सम्भारको लागि प्रयोग गरिनेछ ।

(११) यस्ता सामुदायिक बायोग्यास प्लाण्टको सञ्चालन, मर्मत सम्भार तथा स्वामित्वको जिम्मेवारी सहकारी, शैक्षिक संस्थान, सामुदायिक संस्था तथा निजी क्षेत्रको संस्थाहरुले समेत लिन सक्नेछन ।

**(ङ) व्यावसायिक वायोग्यास प्लान्ट**

विभिन्न व्यापारिक प्रतिष्ठानहरु जस्तै कुखुरा फार्म, गाई भैसी गोठ, पशु बधशाला, साना तथा घरेलु उद्योग जस्ता निजी उद्यम आदिबाट निस्कने फोहोरको सदुपयोग गरी उत्पादित वायोग्यास आफ्नै प्रयोजन वा बिक्री प्रयोजनका लागि निर्माण गरिने प्लाण्टमा अनुदान रकमको लागि देहाय वमोजिमको प्रकृया पुऱ्याउनुपर्नेछः–

(१) प्लाण्ट निर्माण गर्न इच्छुक प्रतिष्ठानले निवेदन दिंदा कम्पनी वा उद्योग दर्ताको प्रमाणपत्रको प्रतिलिपि, बोर्ड वा व्यवस्थापन समितिको निर्णयको प्रति सहित मान्यता प्राप्त परामर्शदाताले गरेको पूर्व सम्भाव्यता अध्ययन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उक्त अध्ययन प्रतिवेदनलाई केन्द्रले अध्ययन गरी निर्धारित मापदण्ड पूरा भएको सुनिश्चत भएमा विस्तृत सम्भाव्यता अध्ययनका लागि केन्द्रले सिफारिस गर्नेछ ।

(३) विस्तृत सम्भाव्यता अध्ययन सहित मान्यता प्राप्त निर्माण कम्पनीले केन्द्रमा विस्तृत निर्माण योजना पेश गरी अनुमति दिएपछि मात्र कम्पनीले निर्माण गर्नुपर्नेछ ।

(४) मान्यता प्राप्त कम्पनीहरुले प्लाण्ट निर्माण सम्पन्न फाराम र अन्य आवश्यक कागजातहरु सहित अनुदानका लागि केन्द्रमा पेश गर्नुपर्नेछ ।

(५) केन्द्रले अनुदानका सम्पूर्ण आधारहरु पूरा भएको यकिन गरी कोषमा अनुदानका लागि सिफारिस गर्नेछ । कोषले आफु समक्ष प्राप्त भएका अनुदानका आवेदन फाराम तथा कागजात सम्वन्धमा मूल्यांकन एवम जाँच गरी सवै प्रक्रिया पूरा भएको लागेमा अनुदान स्वीकृत गर्नेछ। सम्बन्धित जडानकर्ता वा कम्पनीले बैंक ग्यारेन्टीमा अनुदान रकम लिन चाहेमा कोषले कूल अनुदान रकमको ४० प्रतिशत सम्म रकम पेश्कीको रुपमा उपलब्ध गराउन सक्नेछ। निर्माण सम्पन्न गरी कम्पनीले प्रतिवेदन पेश गरेपछि केन्द्रले मूल्यांकन एवम जाँच गरी कूल अनुदान रकमको ५० प्रतिशत रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ ।

(६) बिक्री पछिको सेवा सन्तोषजनक भए, नभएको सम्बन्धित प्राविधिक सेवा प्रदायक, केन्द्र वा केन्द्रले तोकेको स्वतन्त्र परामर्शदाताले अनुगमन गर्नेछ। बिक्रि पछिको सेवा शुल्क भुक्तानी गर्दा केन्द्रले

शाखा/इकाईको प्रतिवेदनलाई आधार मान्न सक्नेछ । कम्पनीले दिइएको सेवा सन्तोषजनक पाइएमा बाँकी १० प्रतिशत अनुदान रकम भुक्तानीको लागि केन्द्रले कोषमा सिफारिस गर्नेछ । सेवा सन्तोषजनक नदेखिएमा बिक्री पश्चातको सेवा वापत पाउनु पर्ने रकम बायोग्यास प्लान्ट मर्मत सम्भारको लागि प्रयोग गरिनेछ ।

### (च) फोहरवाट उत्पादन हुने वायोग्यास

नगरपालिका वा नगरोन्मुख क्षेत्रमा निजी क्षेत्रका फोहर व्यवस्थापन गर्न प्रतिवद्धता जनाउने कम्पनी वा संस्थाले वायोग्यास प्लान्ट निर्माण गर्न चाहेमा देहाय वमोजिमको प्रकृया पुऱ्याउनुपर्नेछः–

(१) फोहरवाट ऊर्जा उत्पादन गर्न इच्छुक कम्पनी वा संस्थाहरुले सम्वन्धित नगरपालिका वा गाविसको सहमति सहित केन्द्रमा दर्ता प्रमाण पत्र, कर वुझाएको प्रमाण, संस्थाको आर्थिक तथा प्राविधिक क्षमता स्पष्ट देखिने कागजात साथ निवेदन पेश गर्नु पर्नेछ । सो निवेदनको साथ मान्यता प्राप्त परामर्शदातावाट गरिएको पूर्व सम्भाव्यता अध्ययनको प्रतिवेदन पनि पेश गर्नु पर्नेछ ।

(२) उक्त अध्ययन प्रतिवेदनलाई केन्द्रले अध्ययन गरी निर्धारित मापदण्ड पूरा भएको सुनिश्चत भएमा विस्तृत सम्भाव्यता अध्ययनका लागि केन्द्रले सिफारिस गर्नेछ ।

(३) निर्माण गरिने प्लाण्टहरुका लागि केन्द्र, सम्वन्धित नगरपालिका वा गाविस र निजी कम्पनी वा संस्था बीच त्रिपक्षीय सम्झौता भएको हुनु पर्दछ । प्लाण्टहरुको स्वामित्व नगरपालिकाले लिनुपर्ने भएता पनि निजी कम्पनी वा संस्थाहरुलाई प्लाण्ट सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी दिन सकिनेछ ।

(४) विस्तृत सम्भाव्यता अध्ययन सहित फोहर व्यवस्थापन गर्न इच्छुक कम्पनी वा संस्थाले केन्द्रमा विस्तृत निर्माण योजना पेश गर्नुपर्नेछ । केन्द्रबाट स्वीकृति भएपछि मात्र सम्वन्धित कम्पनी वा संस्थाले प्लाण्ट निर्माण गर्नुपर्नेछ ।

(५) फोहरबाट ऊर्जा उत्पादन गर्न इच्छुक कम्पनी वा संस्थाहरुले प्लाण्ट निर्माण सम्पन्न फाराम र अन्य आवश्यक कागजातहरु सहित अनुदानका लागि केन्द्रमा पेश गर्नुपर्नेछ

(६) केन्द्रले अनुदानका सम्पूर्ण आधारहरु पूरा भएको यकिन गरी कोषमा अनुदानका लागि सिफारिस गर्नेछ । कोषले आफु समक्ष प्राप्त भएका अनुदानका आवेदन फाराम तथा कागजात सम्वन्धमा मूल्यांकन एवम जाँच गरी सवै प्रक्रिया पूरा भएको लागेमा अनुदान स्वीकृत गर्नेछ । सम्वन्धित फोहर व्यवस्थापन गर्न इच्छुक कम्पनी वा संस्थाले बैंक ग्यारेन्टीमा अनुदान रकम लिन चाहेमा कोषले कूल अनुदान रकमको ४० प्रतिशत सम्म रकम पेश्कीको रुपमा उपलब्ध गराउन सक्नेछ । निर्माण सम्पन्न गरी कम्पनी वा संस्थाले प्रतिवेदन पेश गरेपछि केन्द्रले मूल्यांकन एवम जाँच गरी कूल अनुदान रकमको ५० प्रतिशत रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ ।

(७) फोहरबाट ऊर्जा उत्पादन गर्ने कम्पनी वा संस्थाले प्लाण्ट संचालन पछिको चार वर्षमा कम्तिमा दुईपटक बिक्री पछिको सेवा उपलब्ध हुने प्रत्याभूति दिनुपर्नेछ । पहिलो बिक्री पछिको सेवा उपलब्ध भएपछि ५ प्रतिशत अनुदान रकम भुक्तानीको लागि केन्द्रले कोषलाई सिफारिश गर्नेछ । बाँकी ५ प्रतिशत रकम दोस्रो विक्री पछिको सेवा प्राप्त गरेपछि रकम भुक्तानीका लागि केन्द्रले कोषमा सिफारिस गर्नेछ । तर फोहरबाट ऊर्जा उत्पादन गर्ने कम्पनी वा संस्थाले पहिलो र दोश्रो बिक्री पछिको सेवा उपलब्ध गरेको नदेखिएमा अनुदान रकमको २५ प्रतिशत रकम जरिवाना वापत् कोषलाई तिर्नुपर्नेछ ।

## ४.३.२ अनुगमन तथा मूल्यांकन

(क) सवै प्रकारका वायोग्यास प्लान्टको स्थलगत अनुगमन तथा मूल्यांकन केन्द्रद्वारा स्वीकृत निर्देशिका वमोजिम गरिनेछ ।

(ख) वायोग्यास प्लान्टको गुणस्तर सुनिश्चितताको लागि केन्द्रले यस कार्यविधिको आधारमा अनुगमनको लागि स्वतन्त्र परामर्शदाता मार्फत गराउन सक्नेछ ।

(ग) सम्बन्धित कम्पनीहरुले निर्धारित अनुगमन तथा गुणस्तर निर्देशिका बमोजिम कार्य नगरेमा, बिक्री पछिको सेवा प्रदान नगरेमा, प्लाण्ट निर्माण सम्पन्न वा निर्माण नगरी अनुदान दावी गरेमा, प्लान्ट निर्माण गर्दा अनियमितता गरेमा, स्वीकृत मापदण्ड बमोजिमको प्लान्ट निर्माण नगरेमा वा एउटै प्लाण्ट निर्माणमा दोहोरो अनुदान दावी गरेमा सोही आधारमा जरिवाना, क्षतिपूर्ति भरण, निलम्बन र सम्झौता भंग गर्ने समेतको कारवाही गरिनेछ ।

(घ) मान्यता प्राप्त कम्पनी वा जडानकर्ताले आफुले निर्माण गरेको बायोग्यास प्लान्टहरुको आन्तरिक गुणस्तर नियन्त्रण र अनुगमन गरी सोको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र कोष र केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

(ङ.) कोष र केन्द्रले जिल्ला स्तरमा शाखा/इकाईको सहयोगमा कम्पनी वा जडानकर्ताको कार्य सम्पादनको अनुगमन तथा मूल्यांकन गर्न सक्नेछ ।

## ४.४ जैविक ऊर्जा

### ४.४.१ फलामे सुधारिएको चुलो

#### ४.४.१.१ अनुदानका लागि पूरा गर्नुपर्ने आधारहरु

**(क) घरायसी फलामे सुधारिएको चुलो**

घरायसी फलामे सुधारिएको चूलोमा अनुदानको लागि देहाय वमोजिम शर्तहरु पूरा गरेको हुनुपर्नेछः–

(१) केन्द्रबाट निर्धारित सम्पूर्ण मापदण्ड पूरा गरेका स्वीकृत मोडलका एक मुखे, दुई मुखे र तीन मुखे फलामे चुलोमा अनुदान उपलब्ध हुनेछ ।

(२) घरायसी फलामे सुधारिएको चूलोको लागि समुन्द्री सतहबाट १५०० मिटर वा सो भन्दा माथिको उचाईमा रहेका घरधुरीलाई अनुदान दिईनेछ। त्यस्ता स्थानहरुको निर्धारण टोपो नक्शा तथा जिपिएस वा अल्टीमिटरको सहायता लिई सम्वन्धित कम्पनीले गर्नुपर्नेछ ।

(३) केन्द्रबाट मान्यता प्राप्त जडानकर्ता कम्पनीका तालिम प्राप्त प्राविधिकहरुबाट मात्र चूलो जडान कार्य गर्नुपर्नेछ ।

(४) सुधारिएको फलामे चूलो जडान गरे पछि तोकिएको आवेदन फारम भरी फाराम साथ उपभोक्ताको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र चूलो जडान भएको घरको भान्छाकोठाको २ प्रति तस्वीर संलग्न गर्नुपर्नेछ । पहिलो तस्वीरमा उपभोक्ता, जडानकर्ता, जडान गरेको चूलो र चिम्नीको भान्छाकोठा भित्र पर्ने भाग पूर्ण रुपमा देखिएको हुनुपर्नेछ भने, दोस्रो तस्वीरमा घरवाहिरवाट भान्छाकोठालाई पृष्ठभूमी बनाई उपभोक्ता र जडानकर्ता सँगै बसेको तथा भान्छा कोठाबाट चिम्नी पाइप स्पष्ट निक्लिएको देखिनु पर्नेछ ।

(५) मान्यता प्राप्त जडानकर्ता कम्पनीले चुलो जडान पश्चात आवश्यक बिक्री पछिको सेवा उपलब्ध भएको निश्चित गर्नुपर्नेछ ।

**(ख) संस्थागत फलामे सुधारिएको चूलो**

उच्च हिमाली तथा पहाडी क्षेत्रमा रहेका सार्वजनिक विद्यालय, सार्वजनिक अस्पताल तथा स्वास्थ्य केन्द्र, प्रहरी तथा सैनिक व्यारेक, धार्मिक स्थल तथा अनाथ आश्रमहरुमा खाना पकाउने र कोठा तताउने प्रयोजनका लागि फलामे सुधारिएको चूलोमा अनुदानको लागि देहाय वमोजिमका प्रकृया पुऱ्याउनु पर्नेछः–

(१) केन्द्रबाट निर्धारित सम्पूर्ण मापदण्ड पूरा गरेका स्वीकृत मोडलका संस्थागत दुई मुखे र तीन मुखे फलामे चूलोमा अनुदान उपलब्ध हुनेछ ।

(२) केन्द्रबाट मान्यता प्राप्त जडानकर्ता कम्पनीका तालिम प्राप्त प्राविधिकहरुबाट मात्र जडान गर्नुपर्नेछ ।

(३) फलामे सुधारिएको चूलो राख्न इच्छुक संस्थाले संचालक समिति वा व्यवस्थापन समितिबाट भएको निर्णय सहित संस्थाको अनुरोध पत्र, संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि साथ शाखा/इकाईको समक्ष निवेदन दिनु पर्नेछ । जिविसले उक्त निवेदन सहितको कागजातको मूल्यांकन एवम जाँच गरी अनुदानको लागि आवश्यक प्रक्रिया पूरा भएको देखेमा जडानको लागि मान्यता प्राप्त जडानकर्ता कम्पनीलाई अनुमति दिनेछ । अनुमति प्राप्त भएपछि कम्पनीले चूलो जडान गरी अनुदान भुक्तानीका लागि तोकिएको अनुदान आवेदन ढाँचामा सम्पूर्ण कागजात सहित केन्द्रमा पेश गर्नु पर्नेछ ।

(४) सुधारिएको फलामे चूलो जडान गरेपछि तोकिएको आवेदन फारम भरी फाराम साथ चूलो जडान भएको संस्थाको भान्छाकोठाको २ प्रति तस्वीर संलग्न गर्नु पर्नेछ । पहिलो तस्वीरमा संस्थाका प्रतिनिधि, जडानकार्ता, जडान गरेको चूलो र चिम्नीको भान्छाकोठा भित्र पर्ने भाग पूर्ण रुपमा देखाउनु पर्नेछ भने दोस्रो तस्वीरमा घरवाहिरवाट संस्था/भान्छाकोठालाई पृष्ठभूमि बनाई संस्थाका प्रतिनिधि र जडानकर्ता सँगै बसेको तथा भान्छा कोठाबाट चिम्नी पाइप निक्लिएको देखिनु पर्नेछ । दुवै तस्वीरमा संस्थाका प्रतिनिधि एकै व्यक्ति हुनु पर्नेछ ।

(५) मान्यता प्राप्त जडानकर्ता कम्पनीले चूलो जडान पश्चात आवश्यक बिक्री पछिको सेवा भएको निश्चित गर्नु पर्नेछ ।

**(ग) फलामे रकेट चूलो**

उच्च हिमाली तथा पहाडी क्षेत्रमा खाना पकाउने र कोठा तताउने प्रयोजनको लागि दुई मुखे वा सो भन्दा कमका फलामे रकेट चूलोमा अनुदानको लागि देहाय वमोजिमका शर्तहरु पूरा गरेको हुनुपर्नेछः–

(१) केन्द्रबाट निर्धारित सम्पूर्ण मापदण्ड पूरा गरेका स्वीकृत मोडलका दुई मुखे वा सो भन्दा कमका फलामे रकेट चूलोमा अनुदान उपलब्ध हुनेछ ।

(२) केन्द्रबाट मान्यता प्राप्त जडानकर्ता कम्पनीका तालिम प्राप्त प्राविधिकबाट मात्र जडान गर्नुपर्नेछ ।

(३) फलामे रकेट चुलो जडान गरेपछि तोकिएको आवेदन फारम भरी आवेदन फारम साथ उपभोक्ताको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र चुलो जडान भएको घरको भान्छाकोठा तथा चूलो स्पष्ट देखिने गरी उपभोक्ता र जडानकर्ताको एक प्रति तस्वीर संलग्न गर्नु पर्नेछ । चिम्नी जडान भएको अवस्थामा भने घरवाहिरवाट घर/भान्छाकोठालाई पृष्ठभूमी बनाई उपभोक्ता र जडानकर्ता सँगै बसी भान्छा कोठाबाट चिम्नी पाइप बाहिर निक्लिएको थप अर्को तस्वीर पनि संलग्न गर्नु पर्नेछ ।

(४) मान्यता प्राप्त जडानकर्ता कम्पनीले चूलो जडान गरेपछि आवश्यक बिक्री पछिको सेवा भएको सुनिश्चित गर्नु पर्नेछ ।

**४.४.१.२ अनुदान वितरण**

(क) केन्द्रले तोकेका निश्चित डिजाइनका घरायसी फलामे सुधारिएको चूलो, संस्थागत फलामे सुधारिएको चूलो, फलामे रकेट चूलोको लागि अनुदान उपलब्ध गराइनेछ ।

(ख) मान्यता प्राप्त उत्पादन वा जडानकर्ता कम्पनीले चूलो जडान गरी निर्धारित अनुदान फाराम भरी सेवा केन्द्रको व्यवस्थापन सूचना प्रणालीमा आवश्यक तथ्यांक राखि सेवा केन्द्रको सिफारिस सहित अनुदानको लागि केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ग) सेवा केन्द्रले लक्षित घरधुरीमा फलामे चूलो लगायत अन्य जैविक ऊर्जा प्रणाली जडान गरी सोको प्रतिवेदन मासिक रुपमा शाखा/इकाईको मा पेश गर्नुपर्नेछ ।

(घ) तोकिएको ढाँचामा निवेदन र कागजातहरु प्राप्त भएपछि केन्द्रले अनुदानका आधार, शर्त एवं कागजात आदि पूरा भए, नभएको मूल्यांकन एवम जाँच गरी अनुदानका लागि योग्य भएको देखेमा अनुदान स्वीकृतिको लागि कोष समक्ष सिफारिस गर्नेछ । कोषले आफु समक्ष प्राप्त भएका अनुदानका आवेदन फाराम तथा कागजात सम्वन्धमा मूल्यांकन एवम जाँच गरी सबै प्रक्रिया पूरा भएको देखेमा अनुदान स्वीकृत गर्नेछ ।

(ङ) अनुदान स्वीकृत भएपछि कोषले निर्धारित अनुदानको ९० प्रतिशत रकम कम्पनीलाई भुक्तानी दिई बाँकी १० प्रतिशत रकम बिक्री पछिको सेवाको प्रत्याभूति वापत धरौटीको रुपमा राख्नेछ ।

(च) बिक्री पछिको सेवा सन्तोषजनक भए नभएको सम्बन्धमा केन्द्र वा केन्द्रले तोकेको स्वतन्त्र परामर्शदाता र शाखा/इकाईले अनुगमन गर्नेछ । बिक्री पछिको सेवा शुल्क भुक्तानी गर्दा केन्द्रले उक्त शाखा/इकाईको प्रतिवेदनलाई आधार मान्न सक्नेछ । सेवा सन्तोषजनक पाइएमा बाँकी १० प्रतिशत अनुदान रकम भुक्तानीको लागि कोषमा सिफारिस गरिनेछ । सेवा सन्तोषजनक नदेखिएमा बिक्री पश्चातको सेवा वापत पाउनु पर्ने रकम सुधारिएको चूलाको मर्मत सम्भारको लागि प्रयोग गरिनेछ ।

#### ४.४.१.३ अनुगमन तथा मूल्यांकन

(क) सुधारिएको फलामे चूलोको गुणस्तरको सुनिश्चितताको लागि मान्यता प्राप्त उत्पादनकर्ता कम्पनीद्वारा उत्पादन भएका चूलोहरु वितरण गर्नु अगाडि उत्पादित चूलो मध्ये कम्तीमा १० प्रतिशत चूलोको नमूना छनौट गरी सेवा केन्द्र वा नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा शाखा/इकाईबाट स्थलगत अनुगमन गरिनेछ ।

(ख) सुधारिएको चूलो जडान भई अनुदान भूक्तानी भएको एक वर्ष पछि न्यूनतम १० प्रतिशत चूलोको नमुना छनौट (र्‍याण्डम स्याम्पलिङ्ग) लिई स्थलगत गुणस्तर नियन्त्रण तथा अनुगमन गरिनेछ । गुणस्तर सुनिश्चितताको लागि केन्द्रले स्वतन्त्र परामर्शदाता वा नवीकरणीय ऊर्जा परीक्षण केन्द्र वा सेवा केन्द्र र शाखा/इकाईले चूलोको नमूना लिई स्थलगत अनुगमन गर्नसक्नेछ । तालिम प्राप्त तथा मान्यता प्राप्त प्राविधिकहरुवाट मात्र स्थलगत अनुगमन कार्य गराइनेछ ।

(ग) तोकिएका ढांचामा प्राप्त भएका तथ्यांकलाई जैविक ऊर्जा व्यवस्थापन सूचना प्रणाली डाटावेसमा राखी विश्लेषण गरिनेछ । यस्ता विश्लेषणबाट प्राप्त तथ्यहरु उत्पादनकर्ता, जडानकर्ता र वितरणकर्ता कम्पनीहरुलाई कार्यसम्पादन मूल्यांकन एवं पृष्ठपोषणको रुपमा उपलव्ध गराइनेछ । उक्त तथ्यांक सम्वन्धित कम्पनीबाट बिक्री पछिको सेवा प्रदान नगरे वापत जरिवाना लगाउने, खराब तथा कम गुणस्तरको सामान तथा उपकरणहरुको प्रयोग एवं दोहोरो अनुदान दावी गर्ने वा अन्य अनियमितता गर्ने आदि कार्यहरु वापत दण्ड जरिवाना गर्न समेत प्रयोग गरिनेछ । दण्ड जरिवानाको अधिकतम हद कम्पनीको मान्यता खारेज सम्मको हुनेछ ।

(घ) केन्द्रले नियमित रुपमा तथा उजुरी वा अनियमितता सम्बन्धी जानकारीको आधारमा आवश्यकतानुसार स्थलगत अनुगमन एवं जाँच समेत गर्नसक्नेछ । केन्द्रले नवीकरणीय ऊर्जा परीक्षण केन्द्र मार्फत जैविक ऊर्जा प्रविधिको विस्तृत प्राविधिक परिक्षण गराई आवश्यक सुधारका लागि परीक्षण प्रतिवेदन सम्बन्धित कम्पनीहरुलाई उपलव्ध गराइनेछ ।

### ४.४.२ फलामे ग्यासिफायर प्रणाली

#### ४.४.२.१ अनुदानको लागि पूरा गर्नूपर्ने आधारहरु

फलामे ग्यासिफायरको अनुदानको लागि देहाय वमोजिमका शर्तहरु पूरा गर्नु पर्नेछ:-

(क केन्द्रवाट स्वीकृत डिजाइनका फलामे ग्यासिफायरमा मात्र अनुदान दिइनेछ ।

(ख) केन्द्रवाट मान्यता प्राप्त कम्पनीद्वारा उत्पादन वा आयात, वितरण तथा जडान भएको फलामे ग्यासिफायरका लागि मात्र अनुदान प्राप्त हुनेछ ।

(ग) सम्वन्धित निकायमा दर्ता भएको कम्पनी, संस्थाहरु वा संगठित समूहहरु जस्तै आमा समूह, उपभोक्ता समूह, स्थानीय सहकारी संस्थालाई मात्र अनुदान उपलब्ध हुनेछ ।

(घ) फलामे ग्यासिफायरको अनुदानका निम्ति मान्यता प्राप्त जडानकर्ता कम्पनी तथा उपभोक्ता दुवैको हस्ताक्षर सहितको संभाव्यता अध्ययन प्रतिवेदन, संस्थाको कार्यकारी वा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि र संस्थाको दर्ता प्रमाण पत्र संलग्न गरी मान्यता प्राप्त जडानकर्ता कम्पनी मार्फत केन्द्रमा पेश गर्नुपर्नेछ । नाफामूलक कम्पनी वा संस्थाको हकमा अघिल्लो आर्थिक बर्षको कर तिरेको प्रमाण पत्र समेत पेश गर्नु पर्नेछ ।

(ङ) केन्द्रमा पेश हुन आएको संभाव्यता अध्ययन प्रतिवेदनको मूल्यांकन एवम जाँच गरी जडानको लागि स्वीकृत गरेपछि जडानकर्ता कम्पनीले जडान गरी निर्धारित अनुदान फाराम भरी अनुदानका लागि पेश गर्नुपर्नेछ ।

(च) जडानकर्ता कम्पनीले फलामे ग्यासिफायर प्लान्ट निर्माण स्थलमा ढुवानी गरेको लिखित जानकारी सम्वन्धित संस्थाले केन्द्रलाई दिएपछि केन्द्रले शाखा/इकाई वा सेवा केन्द्र मार्फत त्यसको स्थालगत निरिक्षण गराई ढुवानी गरेको सुनिश्चितता भएपछि केन्द्रले अनुदानको ५० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई भुक्तानी गर्न कोषलाई सिफारिस गर्नेछ । कोषले आवश्यक मूल्यांकन एवम जाँच गरी अनुदनका लागि सवै प्रक्रिया पूरा भएको देखेमा भुक्तानी गर्नेछ । बाँकी ४० प्रतिशत अनुदान रकम जडान कार्य सम्पन्न भएको प्रतिवेदन पेश भएपछि भुक्तानीको लागि कोषलाई सिफारिस गरिनेछ ।

(छ) जडानकर्ता कम्पनीले फलामे ग्यासिफायर राम्ररी संचालन हुने सुनिश्चित गर्न जडान गरिएको एक वर्ष सम्म बिक्री पछिको सेवा दिनु पर्ने छ ।

(ज) मान्यता प्राप्त जडानकर्ता कम्पनीले प्रत्येक फलामे ग्यासिफायर प्रणालीसँगै मर्मत संभार सम्वन्धी पुस्तिका उपभोक्तालाई उपलव्ध गराउनु पर्नेछ ।

#### ४.४.२.२ अनुदान वितरण

(क) अनुदानको लागि केन्द्रद्वारा मान्यता प्राप्त जडानकर्ता कम्पनीहरुले उपभोक्ता समूहको निवेदन पत्र, फलामे ग्यासीफायर प्रणालीको बिक्री विजक र निर्धारित अनुदान फाराम भरी केन्द्रमा पेश गर्नु पर्नेछ ।

(ख) निवेदन प्राप्त भएपछि केन्द्रले अनुदान स्वीकृतिका लागि पूरा गर्नुपर्ने आधार/शर्त एवम कागजात आदि मूल्यांकन एवम जाँच गरी कोषलाई अनुदान स्वीकृतिको लागि सिफारिस गर्नेछ ।

(ग) कोषले आफु समक्ष प्राप्त भएका अनुदानका आवेदन फाराम तथा कागजात सम्वन्धमा मूल्यांकन एवम जाँच गरी सवै प्रक्रिया पूरा भएको देखेमा अनुदान स्वीकृत गर्नेछ ।

(घ) अनुदान स्वीकृत भएपछि उपभोक्तालाई दिइने अनुदानको ९० प्रतिशत कम्पनी मार्फत भुक्तानी दिईनेछ । बाँकी १० प्रतिशत अनुदान रकम बिक्री पछिको सेवा प्रत्याभूति वापत धरौटीको रुपमा राखिनेछ । एक वर्ष पछि जडान पछिको सेवाको मूल्यांकन र उपभोक्ताको सन्तुष्टि सहितको अनुगमन तथा मूल्यांकनको आधारमा उक्त रकम भुक्तानी दिइनेछ ।

#### ४.४.२.३ अनुगमन तथा मूल्यांकन

जडान गरिएका फलामे ग्यासिफायरको स्थलगत अनुगमन तथा जाँच केन्द्र आफैले वा शाखा/इकाई वा सेवा केन्द्र वा स्वतन्त्र परामर्शदाताहरु मार्फत गरिनेछ । जडान पछि एक वर्ष सम्म ग्यासिफायर राम्रोसँग संचालन भएको पाइएमा बाँकी १० प्रतिशत अनुदान रकम जडानकर्ता कम्पनीलाई भुक्तानी गर्न केन्द्रले कोषलाई सिफारिस गर्नेछ । स्थलगत अनुगमनबाट प्राप्त तथ्यांक तथा जानकारीको आधारमा कम्पनीको कार्य सम्पादनको मूल्यांकन गरिनेछ । कोष र केन्द्रले नियमितरुपमा वा आवश्यकतानुसार उजुरी वा प्रतिवेदनको आधारमा स्थलगत अनुगमन तथा जाँच समेत गर्नेछ ।

## ४.५ सुधारिएको पानी घट्ट

### ४.५.१ अनुदान वितरण

सुधारिएको पानी घट्टको अनुदान वितरण देहाय वमोजिम हुनेछ:-

(क) केन्द्रले सेवा केन्द्र, स्थानीय साझेदारी संस्था, घट्ट धनीहरुको संघ र सामान एवम उपकरण उत्पादकहरुको योग्यता निर्धारण गर्नेछ ।

(ख) सुधारिएको पानीघट्ट जडान गर्न चाहने इच्छुक घट्टधनीहरुले आफ्नो जिल्लामा घट्ट धनी संघ वा मान्यता प्राप्त स्थानीय साझेदारी संस्था मार्फत तोकिएको अनुदान आवेदन फाराम साथ घट्ट धनीहरुको संघको सदस्यताको प्रमाणपत्रको प्रतिलिपी सहित आवश्यक सम्पूर्ण कागजात पेश

गर्नुपर्नेछ। तर नयाँ सुधारिएको पानी घट्ट जडान गर्नु परेमा छुट्टै आवेदन फाराम भरी पेश गर्नुपर्नेछ।

(ग) जडान सम्पन्न भएपछि यस सम्वन्धी प्रतिवेदन स्थानीय साझेदारी संस्थाले सेवा केन्द्रको अतिरिक्त १ प्रति प्रतिवेदन जिल्ला ऊर्जा तथा वातावरण शाखा/इकाईमा पेश गर्नु पर्नेछ।

(घ) स्थानीय साझेदार संस्थाहरुले घट्टधनीलाई सुधारिएको पानी घट्ट जडान भएपछि मर्मत संभार पुस्तिका उपलव्ध गराउनुपर्नेछ।

(ङ) स्थानीय साझेदारी संस्था वा उत्पादक कम्पनीले जडान गरेको सुधारिएको पानी घट्टका लागि कम्तीमा तीन वर्षको प्रत्याभूति दिनु पर्नेछ। उक्त अवधिमा जडान सम्वन्धी कुनै समस्या देखिएमा स्थानीय साझेदारी संस्था तथा उत्पादकले मर्मत एवं सम्भार सेवा उपलव्ध गराउनुपर्नेछ। यदि निर्माण सम्वन्धी त्रुटी देखिएमा पानी घट्टको किट उत्पादकले मर्मत सम्भार गरी आवश्यक भएमा सामान तथा उपकरण अनिवार्यरुपमा फेर्नुपर्नेछ।

(च) स्थानीय साझेदारी संस्थाले मान्यता प्राप्त उत्पादक कम्पनीले उत्पादन गरेको तथा वनाएको सुधारिएको पानी घट्टसँग सम्वन्धी उपकरण मात्र प्रयोग गर्नुपर्दछ।

(छ) अनुदान नीतिमा उल्लेखित "क" र "ख" वर्गमा पर्ने गाविसहरुमा पानी घट्टको सुधार, जडान तथा घट्टवाट विद्युतीकरण गर्नका लागि विशेष प्राथमिकता दिइनेछ।

(ज) सेवा केन्द्रले माथि (ग) मा उल्लेखित जडान प्रतिवेदन अध्ययन गरी तोकिएको मापदण्ड वमोजिम जडान गरिएका मध्ये कम्तिमा ३० प्रतिशत घट्टहरु स्थलगत निरीक्षण गरी अनुदान स्वीकृतिका लागि सिफारिस साथ केन्द्रमा पेश गर्नुपर्नेछ। यसरी पेश भएका सम्पूर्ण कागजातहरु केन्द्रले मूल्यांकन एवम जाँच गरी सम्पूर्ण प्रक्रिया पूरा भएको देखिएमा कोषमा अनुदानको लागि सिफारिस गर्नेछ।

(झ) कोषले थप मूल्यांकन एवम जाँच गरी अनुदान सम्वन्धी सम्पूर्ण प्रक्रिया पूरा भएको देखेमा अनुदान स्वीकृत गरी अनुदान रकमको ९० प्रतिशत रकम स्थानीय साझेदारी संस्था वा मान्यता प्राप्त सामान तथा उपकरण उत्पादक कम्पनीलाई भुक्तानी दिनेछ। बाँकी १० प्रतिशत अनुदान रकम धरौटीको रुपमा राखी एक वर्षको प्रत्याभूति अवधि पछि केन्द्रले कम्तीमा १० प्रतिशत घट्टको छनौट गरी मान्यता प्राप्त परामर्शदाताद्वारा गरिएको अनुगमनको आधारमा रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ।

### ४.५.२ अनुगमन तथा मूल्यांकन

(क) पानी घट्टको सुधार तथा जडान पछि गुणस्तर सुनिश्चितता र जडान भएको प्रमाणिकरण सम्वन्धमा केन्द्र आफै वा स्वतन्त्र परामर्शदाताद्धारा कम्तीमा १० प्रतिशत जडित सुधारिएको पानी घट्टको स्थलगत अनुगमन तथा गुणस्तर नियन्त्रण गरिनेछ। तर स्थानीय साझेदारी संस्थाले १० वटा भन्दा कम पानी घट्ट जडान गरेमा सवै पानी घट्टहरुको गुणस्तर निश्चितताको लागि स्थलगत निरीक्षण गर्नुपर्नेछ।

(ख) केन्द्रले पानी घट्ट सम्वन्धी क्रियाकलापहरुको साथै सेवा केन्द्र, स्थानीय साझेदारी संस्था र उत्पादक कम्पनीहरुको कार्यसम्पादनको अनुगमन तथा मूल्यांकन गर्नेछ।

(ग) केन्द्रले स्वतन्त्र परामर्शदाताद्धारा प्रत्येक २ वर्षमा प्रभाव सम्वन्धी मूल्यांकन र उपभोक्ताहरुको सन्तुष्टि सम्बन्धी अध्ययन गराउनेछ।

### ४.५.३ दण्ड जरिवाना

(क) सुधारिएको पानी घट्टको स्थलगत निरीक्षण गर्दा यसको कुनै संरचना वा जडान गरिएको प्रणालीमा त्रुटि देखिए वा सुधार गर्नुपर्ने भए सोको लिखित जानकारी सम्वन्धित स्थानीय साझेदारी संस्था एवम किट उत्पादक कम्पनीलाई गराईनेछ।

(ख) पानी घट्टको सुधार गरी कार्य सम्पन्न भएको जानकारी सहित सम्वन्धित स्थानीय साझेदारी संस्था एवम किट उत्पादक कम्पनीले दोश्रो पटक स्थलगत निरीक्षणको लागि सेवा केन्द्रमा निवेदन दिनुपर्नेछ ।

(ग) निवेदन प्राप्त भए पछि सेवा केन्द्रले दोश्रो पटक स्थलगत निरीक्षणको व्यवस्था गर्नुपर्नेछ । दोस्रो पटकको निरीक्षणमा समेत कुनै संरचना वा जडान गरिएको प्रणालीमा त्रुटी देखिए वा सुधार गर्नुपर्ने भए तेश्रो पटकको निरीक्षणमा लाग्ने सम्पूर्ण खर्च सम्वन्धित स्थानीय साझेदारी संस्था एवम किट उत्पादक कम्पनी स्वयंले व्यहोर्नु पर्नेछ । तेश्रो पटकको निरीक्षणमा समेत तोकिए अनुसारको कार्य सम्पन्न भएको नपाईएमा सम्वन्धित स्थानीय साझेदारी संस्था एवम किट उत्पादक कम्पनीले अनुदान रकमको २०० प्रतिशत सम्म जरीवाना तिर्नुपर्नेछ ।

(घ) जरिवाना वापतको रकम नबुझाएमा सम्वन्धित स्थानीय साझेदारी संस्था एवम किट उत्पादक कम्पनीलाई कम्तीमा एक वर्ष निलम्बन गरिनेछ । निलम्बनको अवधिभर केन्द्र मार्फत अनुदानमा थप सुधारिएको पानी घट्ट जडान एवम निर्माण गरेको पाइएमा स्थानीय साझेदारी संस्था एवम किट उत्पादक कम्पनीको मान्यता स्वतः खारेज हुनेछ ।

## ५. अनुदानका आधार तथा वितरण व्यवस्था: ग्रामीण विद्युतीकरण

कुनै माध्यमवाट विद्युत सेवा उपलब्ध नभएका क्षेत्रहरुमा सौर्य विद्युत प्रणाली, लघु तथा साना जलविद्युत, वायु ऊर्जा वा जैविक ऊर्जा प्रविधि मार्फत विद्युत सेवा उपलब्ध गराइने छ ।

### ५.१ घरेल सौर्य विद्युत प्रणाली

(क) सौर्य विद्युत प्रणाली तथा यस सम्बन्धी सामान एवम उपकरणहरु प्रयोगशालामा परीक्षण गर्न, गराउनका लागि निजी क्षेत्रका कम्पनी तथा यसका संजालहरु र नवीकरणीय ऊर्जा परीक्षण केन्द्र सामूहिक रुपमा उत्तरदायी हुनेछन् ।

(ख) सौर्य विद्युत प्रणाली, प्रणालीका सामान तथा उपकरणहरुको हकमा उक्त परीक्षण केन्द्रले नेपाल फोटोभोल्टाइक गुणस्तर मापदण्डको पालना भए, नभएको प्रमाणित गर्नेछ । सम्वन्धित सौर्य ऊर्जा कम्पनीहरुले नवीकरणीय ऊर्जा परीक्षण केन्द्रवाट सौर्य ऊर्जासँग सम्बन्धित सामान तथा उपकरणहरु परिक्षण गराउनुपर्नेछ ।

(ग) केन्द्रले निर्धारित मापदण्ड र कार्यविधि बमोजिमका प्रमाणित सामान तथा उपकरण मात्र कम्पनीहरुले बिक्री, वितरण गर्नुपर्नेछ ।

(घ) उक्त परीक्षण केन्द्रवाट प्रमाणित हुनु अगाडी कम्पनीले बिक्री वितरण गरेमा केन्द्रले सम्बन्धित कम्पनीलाई अनुगमन तथा गुणस्तर नियन्त्रण निर्देशिका बमोजिम दण्ड जरिवाना गरी सूचीकृतबाट हटाउन सक्नेछ ।

(ङ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले सौर्य विद्युत प्राविधिक तह १ र २ को सिप परिक्षण प्रमाणित गर्ने काममा समेत सहयोग गर्नेछ ।

(च) सौर्य प्रणालीसंग सम्बन्धित सामान तथा उपकरणहरुको आयात, उत्पादन, वितरण एवं बिक्री पछिको सेवा प्रदान गर्न निजी क्षेत्रका कम्पनी तथा यसका संजालहरु उत्तरदायी हुनेछन् ।

#### ५.१.१ अनुदानको लागि पूरा गर्नुपर्ने आधारहरु

अनुदानका लागि सौर्य विद्युत प्रणालीले देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछः-

(क) अन्य माध्यमद्वारा विद्युतीकरण नभएका क्षेत्रका नेपाली नागरिकहरुलाई मात्र तोकिएको सौर्य विद्युत प्रणालीमा अनुदान उपलब्ध हुनेछ ।

(ख) मान्यता प्राप्त कम्पनीहरु तथा यसका प्रतिनिधि वा बिक्रेताले नवीकरणीय ऊर्जा परीक्षण केन्द्रले प्रमाणित गरेको सामान तथा उपकरण मात्र प्रयोग गरी सौर्य विद्युत प्रणाली जडान गर्नुपर्नेछ ।

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्द्वारा कम्तीमा सौर्य विद्युत प्राविधिक तह १ पास गरेको प्रमाणित प्राविधिकले मात्र सौर्य विद्युत प्रणालीको जडान गरेको हुनुपर्दछ ।

(घ) मान्यता प्राप्त कम्पनीहरुले जडानस्थलमै बिक्री पछिको सेवा प्रर्याप्त मात्रामा उपलब्ध गराएको सुनिश्चित गर्नुपर्नेछ ।

(ङ.) केन्द्रबाट तोकिएको ढाँचाको अनुदान फारम जडान स्थलमानै भरिएको हुनुपर्नेछ ।

(च) सौर्य विद्युत प्रणालीका लागि आवेदन फारम साथ उपभोक्ताको नागरिकता प्रमाणपत्रको प्रतिलिपी र प्रणाली जडान भएको घरको २ प्रति स्पष्टरुपमा देखिएको तस्वीर संलग्न गरी पेश गर्नुपर्नेछ । पहिलो तस्वीरले जडान गरेको घरमा सौर्य पाता (प्यानल) को पूरा तस्वीर विशेषगरी उपयुक्त कोणबाट प्यानलको अगाडीको भाग स्पष्टसाथ देखिनुपर्दछ । दोस्रो तस्वीरले उक्त घरलाई पृष्ठभूमि बनाई उपभोक्ता र जडानकर्तासँगै देखिनु पर्नेछ ।

#### ५.१.२ अनुदान वितरण

(क) मान्यता प्राप्त कम्पनीहरुले पत्रसाथ घरेलु सौर्य विद्युत प्रणालीको अनुदानको लागि निर्धारित आवेदन फाराम केन्द्रमा पेश गर्नुपर्नेछ ।

(ख) केन्द्रले कम्पनीहरुलाई वढीमा १२० दिनको निश्चित समयावधि राखि कम्पनीहरुको विगतको कार्यक्षमता, सामान तथा उपकरणहरुको बिक्री वितरण तथा मौज्दातको आधारमा अनुदान आवेदन फारम वितरण गर्नेछ । कम्पनीहरुले निर्धारित सफ्टवेयर प्रयोग गरी अनुदान आवेदन फारम र तथ्याङ्कहरुको विद्युतीय प्रति (इलेक्ट्रोनिक प्रतिलिपी) उपलब्ध गराउनुपर्नेछ ।

(ग) आवेदन फाराम प्राप्त भएपछि केन्द्रले आफै वा परामर्शदाताको सहयोगमा आवश्यक प्रारम्भिक मूल्यांकन एवम जाँच गरी उपयुक्त देखेमा कोषलाई बैंक प्रत्याभूति वापत अनुदान रकमको ९० प्रतिशत रकम सम्म पेश्कीको रुपमा भुक्तानी दिन सिफारिस गर्न सक्नेछ । कोषले आफनो प्रक्रिया अनुसार उचित लागेमा उक्त पेश्की रकम भुक्तानी दिन सक्नेछ ।

(घ) केन्द्रले अनुदान स्वीकृतिका पूरा गर्नुपर्ने आधार एवम शर्त र कागजातहरु मूल्यांकन गरी सम्पूर्ण प्रक्रिया पूरा भएको सुनिश्चित भएपछि वढीमा ९० दिनभित्र कोषलाई अनुदान स्वीकृतिको लागि सिफारिस गर्नेछ ।

(ङ) कोषले आवेदनहरुको थप मूल्यांकन एवं जाँच गरी शर्तहरु तथा प्रक्रियाहरु पूरा भएको देखेमा अनुदान स्वीकृति गरी उपभोक्तालाई दिइने अनुदानको ९० प्रतिशत रकम (पेश्की रकमको फरफारक सहित) सम्वन्धित कम्पनीलाई भुक्तानी दिनेछ ।

(च) बाँकी १० प्रतिशत अनुदान रकम बिक्री पछिको सेवा प्रत्याभूति वापत धरौटी रकमको रुपमा राखिनेछ ।

(छ) एक वर्ष पछि बिक्री पछिको सेवाको मूल्यांकनको आधारमा केन्द्रले धरौटी रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ ।

(ज) सौर्य उर्जामा प्रयोग हुने ब्याट्री व्यवस्थापनको लागि ब्याट्री भौचरमा उल्लेख गरिएको रकम अनुदान रकमवाट कट्टा गरी छुट्टै खाता खोली गरी ब्याट्री व्यवस्थापनको लागि प्रयोग गरिनेछ । तर उक्त कट्टा गरिने रकम अनुदान रकमको १० प्रतिशत भन्दा वढी हुनेछैन् ।

## ५.१.३ अनुगमन तथा मूल्यांकन र दण्ड तथा जरिवाना

(क) अनुदान भुक्तानी भएको एक वर्ष पछि जडान गरिएका सौर्य विद्युत प्रणाली मध्ये कम्तीमा १० प्रतिशत फाट्टफुट्ट रुपमा नमूना (र्‍याण्डम स्याम्पलिङ्ग) लिई मान्यता प्राप्त स्वतन्त्र परामर्शदातावाट स्थलगत अनुगमन गरिनेछ । सौर्य ऊर्जाको व्यवस्थापन सूचना प्रणाली डाटाबेस वाट कम्प्यूटराईज्ड प्रणाली मार्फत त्यस्तो नमूना लिईनेछ । केन्द्रद्धारा तालिम दिइएका मान्यता प्राप्त प्राविधिकहरु मात्र स्थलगत अनुगमनका लागि योग्य हुनेछन ।

(ख) स्थलगत अनुगमनवाट प्राप्त भएका तथ्यांकलाई व्यवस्थापन सूचना प्रणाली डाटावेसमा राखी मूल्यांकन गरिनेछ र कम्पनीहरुको कार्यसम्पादन मूल्यांकन तथा बर्गीरण (ग्रेडिङ) को लागि समेत यसलाई आधारको रुपमा लिइनेछ ।

(ग) माथि उल्लेखित तथ्यांक बिक्री पछिको सेवा प्रदान गरे, नगरे वापत जरिवाना लगाउने, खराब तथा कम गुणस्तरको सामान तथा उपकरणको प्रयोग एवं दोहोरो अनुदान दावी गर्ने वा अन्य अनियमितता गर्ने आदि कार्यहरु वापत जरिवाना लगाउन समेत प्रयोग गरिनेछ । दण्ड जरिवानाको अधिकतम हद कम्पनीको मान्यता खारेज सम्मको हुनेछ । मान्यता प्राप्त परामर्शदाताहरुवाट हुने स्थलगत निरिक्षणका अतिरिक्त कोष र केन्द्रका कर्मचारीहरुले नियमित एवं आवश्यकता अनुसार स्थलगत अनुगमन तथा जाँच गर्नेछन् ।

(घ) नवीकरणीय ऊर्जा परीक्षण केन्द्रले समेत सौर्य विद्युत प्रणालीको सम्पूर्ण प्राविधिक पक्षहरुको स्थलगत अध्ययन तथा अनुसन्धान गरी त्यस्ता प्रतिवेदन आवश्यक सुधारका लागि पृष्ठपोषणको रुपमा सम्बन्धित कम्पनीहरुलाई उपलब्ध गराउनेछ ।

(ङ) जडान स्थलबाट प्राप्त तथ्यांक एवम जानकारीको आधारमा सम्वन्धित कम्पनीको कार्य सम्पादनको मूल्यांकन गरिने र कम्पनीले जडान नगरी अनुदान दावी गरेमा, अर्को स्थानमा जडान गरेमा, जडान गर्दा त्रूटी गरेमा वा अनियमितता गरेको पाइएमा र तोकिएको प्राविधिक मापदण्ड विपरितका उपकरण एवम सामानहरु प्रयोग गरेको पाइएमा गुणस्तर प्रत्याभूति तथा अनुगमन निर्देशिका अनुसार जरिवाना

गरिनेछ। यसको अतिरिक्त कोष र केन्द्रले नियमितरुपमा वा आवश्यकतानुसार उजुरी तथा प्रतिवेदनको आधारमा स्थलगत अनुगमन तथा जाँच गर्नेछ।

## ५.२ साना घरेलु सौर्य विद्युत प्रणाली

### ५.२.१ अनुदानको लागि पूरा गर्नुपर्ने आधारहरु

अनुदानका लागि देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछ:–

(क) अन्य माध्यमद्वारा विद्युतीकरण नभएको क्षेत्रका नेपाली नागरिकहरुलाई मात्र तोकिएको साना घरेलु सौर्य विद्युत प्रणालीमा अनुदान उपलब्ध हुनेछ।

(ख) मान्यता प्राप्त कम्पनीहरु तथा यसका मान्यता प्राप्त प्रतिनिधि वा विक्रेताले प्रमाणित गरेको सामान तथा उपकरण मात्र प्रयोग गरी साना घरेलु सौर्य प्रणाली जडान गर्नुपर्नेछ। गुणस्तर सुनिश्चितता गर्न नवीकरणीय ऊर्जा परीक्षण केन्द्रद्वारा प्रमाणित गरिएका सामान तथा उपकरणहरु मात्र प्रयोग गर्नुपर्नेछ।

(ग) मान्यता प्राप्त कम्पनीहरुले स्थानीय स्तरमानै बिक्री पछिको पर्याप्त सेवा उपलब्ध हुनेछ भन्ने कुरा सुनिश्चित गर्नु पर्नेछ। यसका लागि विक्रेता कम्पनीले साना घरेलु सौर्य प्रणाली विक्री गरेको जिल्ला सदरमुकाममा अनिवार्य रुपमा मर्मत सेवा दिन सक्ने सेवा केन्द्र स्थापना गर्नुपर्ने वा स्थापित त्यस्ता सेवा केन्द्र वा व्यवसायीसँग लिखित सम्झौता गर्नुपर्नेछ।

(घ) केन्द्रद्वारा निर्धारित माग फाराम भरी अनुदानको माग गर्नु पर्नेछ। तोकिएको ढाँचामा उपभोक्ताले दिने निवेदन, जिविस र गाविसको सिफारिस, क्रेता विक्रेताको सामान बुझेको बुझाएको प्रमाण र कम्पनीले प्रमाणित गरी पेश गर्ने निवेदन एउटै फाराममा हुने व्यवस्था छ।

### ५.२.२ अनुदान माग गर्न पूरा गर्नुपर्ने प्रकृया

(क) निर्धारित अनुदान आवेदन तथा सिफारिस फाराम योग्यता प्राप्त कम्पनीहरुलाई उपलब्ध गराइनेछ।

(ख) साना घरेलु सौर्य विद्युत प्रणाली जडान गर्न चाहने घरधुरीले अनुदान आवेदन तथा सिफारिस सम्वन्धी फाराम भरी सम्वन्धित गाविस कार्यलय वा नगरपालिकाको वडा कार्यालयमा निवेदन दिनुपर्नेछ।

(ग) निवेदकले पेश गरेको विवरण रुजु तथा आवश्यक जाँचबुझ गरी सम्वन्धित गाविस वा वडा कार्यालयले "जो जस संग सम्वन्धित छ भनि" अनुदानको लागि साना घरेलु सौर्य विद्युत प्रणाली खरिद गर्न निवेदक योग्य भएको व्यहोराको सिफारिस गर्नुपर्नेछ।

(घ) उपभोक्ताले गाविसमा दिएको निवेदन, गाविस वा वडाको सिफारिस, विक्री गरिएको प्रणालीको विवरण, उपभोक्ताले प्रणाली बुझिलिएको भर्पाइ सहित सम्बन्धित कम्पनीले शाखा/इकाईमा सिफारिसका लागि पेश गर्नुपर्नेछ र जिविसले विवरणको यथार्थ लगत उतारी सिफारिस गर्नेछन्। शाखा/इकाईले सम्बन्धित कम्पनीले पेश गरेका निवेदनहरुमा शंका लागेमा आवश्यक जाँचबुझ गरी कम्पनीलाई फिर्ता गरी सोको लिखित जानकारी केन्द्रमा गराउनुपर्नेछ।

(ङ) त्यसरी प्राप्त हुने अनुदान फारामहरुको विवरण गाविस र शाखा/इकाईले अध्यावधिक गरी राख्नुपर्नेछ।

(च) उपभोक्ताले गाविसमा दिएको निवेदन, गाविस वा वडाको सिफारिस, विक्री गरिएको प्रणालीको विवरण, उपभोक्ताले प्रणाली बुझिलिएको भर्पाइ, शाखा/इकाईको सिफारिस समेत रहेको आवेदन तथा सिफारिस फाराम कम्पनीको आधिकारिक व्यक्तिको हस्ताक्षर र छाप सहित अनुदान रकम का लागि केन्द्रमा निवेदन साथ पेश गर्नुपर्नेछ। यसरी निवेदन पेश गर्दा एक पटकमा न्यूनतम २० वटा फाराम पेश गर्नुपर्नेछ।

(छ) केन्द्रले निवेदन उपर आवश्यक अध्ययन तथा जाँच गरी आवश्यक विवरणलाई कम्प्यूटर डाटावेशमा राखी अनुदान स्वीकृतिका लागि कोषलाई सिफारिस गर्नेछ।

(ज) कोषले आवश्यक जाँच एवम मुल्यांकन गरी उपयुक्त देखेमा सम्वन्धित कम्पनी अनुदान रकम भुक्तानी गर्नेछ।

### ५.२.३ अनुदान वितरण

(क) मान्यता प्राप्त कम्पनीहरुले पत्रसाथ साना घरेलु सौर्य विद्युत प्रणालीको अनुदानको लागि निर्धारित आवेदन फाराम शाखा/इकाईको सिफारिस सहित केन्द्रमा पेश गर्नुपर्नेछ।

(ख) केन्द्रले कम्पनीहरुलाई बढीमा १२० दिनको निश्चित समयावधि दिई उनीहरुको विगतको कार्यक्षमता, सामान तथा उपकरणहरुको बिक्री वितरण तथा मौज्दातको आधारमा अनुदान आवेदन फारम वितरण गर्नेछ। कम्पनीहरुले निर्धारित सफ्टवेयर प्रयोग गरी अनुदान आवेदन फारम र तथ्याङ्कहरुको विद्युतीय प्रति (इलेक्ट्रोनिक प्रतिलिपी) उपलब्ध गराउनुपर्नेछ।

(ग) आवेदन फाराम प्राप्त भएपछि केन्द्रले आफै वा परामर्शदाताको सहयोगमा आवश्यक प्रारम्भिक मूल्यांकन एवम जाँच गरी उपयुक्त देखेमा कोषलाई बैंक प्रत्याभूति वापत अनुदान रकमको ७० प्रतिशत रकम सम्म पेश्कीको रुपमा भुक्तानी दिन सिफारिस गर्न सक्नेछ। कोषले मूल्यांकन एवम जाँच गरी उपयुक्त देखेमा पेश्की रकम भुक्तानी दिन सक्नेछ।

(घ) केन्द्रले अनुदान स्वीकृतिका पूरा गर्नुपर्ने आधार एवम शर्त र कागजातहरु मूल्यांकन गरी सम्पूर्ण प्रक्रिया पूरा भएको सुनिश्चित भएपछि बढीमा ६० दिन भित्र कोषलाई अनुदान स्वीकृतिको लागि सिफारिस गर्नेछ।

(ङ) कोषले आवेदनहरुको थप मूल्यांकन एवं जाँच गरी शर्तहरु तथा प्रक्रियाहरु पूरा भएको देखेमा अनुदान स्वीकृति गरी उपभोक्तालाई दिइने अनुदानको ९० प्रतिशत रकम (पेश्की रकमको फरफारक सहित) सम्वन्धित कम्पनीलाई भुक्तानी दिनेछ। बाँकी १० प्रतिशत अनुदान रकम बिक्री पछिको सेवा प्रत्याभूति वापत धरौटी रकमको रुपमा राखिनेछ

(च) एक वर्ष पछि बिक्री पछिको सेवाको मूल्यांकनको आधारमा केन्द्रले धरौटी रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ।

(छ) सौर्य उर्जामा प्रयोग हुने ब्याट्री व्यवस्थापनको लागि ब्याट्री भौचरमा उल्लेख गरिएको रकम अनुदान रकमवाट कट्टा गरी छुट्टै खाता खोली गरी ब्याट्री व्यवस्थापनको लागि प्रयोग गरिनेछ। तर उक्त कट्टा गरिने रकम अनुदान रकमको १० प्रतिशत भन्दा वढी हुनेछैन्।

### ५.२.४ अनुगमन तथा मूल्यांकन र दण्ड तथा जरिवाना

कोषवाट अनुदान उपलब्ध गराइएका साना सौर्य प्रणालीहरुको लगत केन्द्रमा राखिनेछ। उक्त लगत अनुसार विभिन्न समयमा देशका विभिन्न क्षेत्रहरुहरुमा जडान गरिएका साना सौर्य प्रणालीहरुको प्रयोग बाट उपभोक्ताहरुमा परेको प्रभावको स्थलगत अध्ययन गरिनुका साथै केन्द्र, शाखा/इकाई, गाविस, सेवा केन्द्र र आवश्यकता अनुसार अन्य सरकारी तथा गैरसरकारी निकायहरुको सहयोग लिइ स्थलगत अनुगमन गर्न सक्नेछ।

## ५.३ साना तथा लघु जलविद्युत मार्फत विद्युतीकरण

१००० किलोवाट वा १ मेगावाट सम्मका क्षमता सम्मका जलविद्युत आयोजना मार्फत राष्ट्रिय प्रसारण लाइन र निकट भविष्यमा समेत प्रसारण लाइन पुग्ने सम्भावना नभएका क्षेत्रहरुमा विद्युतीकरण कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

### ५.३.१ आयोजना पहिचान र सम्भाव्यता अध्ययन

(क) १००० कि.वा. क्षमता सम्मका लघु तथा साना जलविद्युत आयोजनालाई मात्र आवश्यक प्राविधिक सहयोग र आर्थिक सहयोग उपलब्ध गराइनेछ।

(ख) १० किलोवाट क्षमता सम्मका लघु जलविद्युत (पिको हाईड्रो) आयोजनाको हकमा जिविसले सम्भाव्यता अध्ययनको मूल्यांकन गरी आयोजनाको सम्भाव्यता निश्चित गर्नुको साथै अनुदान स्वीकृतिका लागि केन्द्रमा सिफारिस गर्नुपर्नेछ।

(ग) १० किलोवाट क्षमता भन्दा माथिका आयोजनाको हकमा केन्द्रले आयोजनाको प्राविधिक तथा वित्तिय सम्भाव्यता अध्ययनको मूल्यांकन गर्नेछ ।

(घ) केन्द्रले नयाँ लघु तथा साना जलविद्युत आयोजनाहरुको विस्तृत संभाव्यता अध्ययन गर्न देहायवमोजिको रकम भन्दा वढी नहुनेगरी प्रति आयोजना कूल सम्भाव्यता अध्ययन लागतको अधिकतम ८० प्रतिशत सम्म आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

| स्थान | विस्तृत सम्भाव्यता अध्ययनको लागि दिइने आर्थिक सहयोग (रु.मा) | | | | |
|---|---|---|---|---|---|
| | ५ कि.वा. सम्म | ५ कि.वा. भन्दा माथि १० कि.वा. सम्म | १० कि.वा.भन्दा माथि ५० कि.वा. सम्म | ५० कि.वा. भन्दा माथि १०० कि.वा. सम्म | १०० कि.वा. भन्दा माथि १००० कि.वा. सम्म |
| "क" वर्गका गाविसहरु | रु. ५०,००० | रु. ९०,००० | रु. २२५,००० | रु.२९५,००० | रु.१२,००,००० |
| "ख" वर्गका गाविसहरु | रु. ४०,००० | रु. ८०,००० | रु.२००,००० | रु.२७५,००० | रु.११,००,००० |
| "ग" वर्गका गाविसहरु | रु. ३०,००० | रु. ७०,००० | रु.१७५,००० | रु.२५०,००० | रु. १०,००,००० |

(ङ) लघु तथा साना जलविद्युत आयोजनाहरुको विस्तृत सम्भाव्यता अध्ययनको लागि केन्द्रवाट लिखित स्वीकृति प्राप्त गरेका आयोजनाहरुलाई मात्र आर्थिक सहयोग उपलब्ध गराइनेछ । तर स्वीकृति नलिई सम्भाव्यता अध्ययन गरिएका आयोजनाहरु आर्थिक सहयोगको लागि योग्य नभएपनि अनुदानका लागि भने योग्य हुने छन् ।

(च) १०० किलोवाट सम्मका आयोजनाको सम्भाव्यता अध्ययन केन्द्रबाट मान्यता प्राप्त कम्पनीहरु र मान्यता प्राप्त प्राविधिकहरुबाट विस्तृत सम्भाव्यता अध्ययन निर्देशिका वमोजिम गराईनेछ ।

(छ) १०० किलोवाट भन्दा माथि १००० कि.वा. क्षमता सम्मका आयोजनाको हकमा केन्द्रले सम्वन्धित निकायमा दर्ता भएका कम्पनीहरुबाट खुला प्रतिस्पर्धामा विस्तृत सम्भाव्यता अध्ययन निर्देशिका बमोजिम आयोजना निर्माणकर्ताको लिखित अनुरोधमा सम्भाव्यता अध्ययन गराउन सक्नेछ ।

**५.३.१.१ विस्तृत सम्भाव्यता अध्ययन गर्ने प्रक्रिया**

**(क) १० किलोवाट सम्मका लघु जलविद्युत (पिको हाइड्रो) र सुधारिएको पानी घट्ट विद्युतिकरण आयोजनाको लागिः**

ईच्छुक आयोजना निर्माणकर्ताले केन्द्रले तोकेको आयोजना माग फाराम भरी सम्बन्धित सेवा केन्द्र वा शाखा/इकाईमा पेश गर्नेछन् । आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन शाखा/इकाई वा सेवा केन्द्रको सहजिकरणमा आयोजना निर्माणकर्ताले मान्यता प्राप्त परामर्शदाता कम्पनीहरु र मान्यता प्राप्त प्राविधिकहरु मार्फत गर्ने छन ।

**(ख) १० कि.वा. भन्दा माथि १०० किलोवाट सम्मका आयोजनाको लागिः**

(१) ईच्छुक आयोजना निर्माणकर्ताले केन्द्रले तोकेको आयोजना माग फाराम भरी सम्बन्धित सेवा केन्द्र वा शाखा/इकाईमा पेश गर्नेछन् ।

(२) आयोजनको प्रारम्भिक सर्वेक्षणको काम केन्द्रले भौगोलिक सूचना प्रणालीमा आधारित स्थिति पहिचान तथा प्रमाणिकरण गरेको आधारमा सेवा केन्द्र वा शाखा/इकाईले गर्नेछन । स्थिति पहिचान तथा प्रमाणिकरण अध्ययन नभएको अवस्थामा सेवा केन्द्र वा शाखा/इकाईले आयोजना निर्माणकर्ताको मागलाई प्राथमिकिकरण गरी प्रारम्भिक सर्वेक्षण गर्न सक्नेछन् । आयोजना

निर्माणकर्ता आफैले प्राविधिकहरु मार्फत प्रारम्भिक सर्वेक्षण गरी प्रतिवेदन सहित आयोजनाको माग समेत गर्न सक्नेछन् ।

(३) विस्तृत सर्वेक्षण गराउनको लागि आयोजना निर्माणकर्ताले प्रतिस्पर्धात्मक प्रणालीको आधारमा केन्द्रबाट मान्यता प्राप्त कम्पनीहरु मध्येबाट कम्तीमा ३ वटा कम्पनीवाट सिलवन्दी कोटेशन लिई कम्पनी छनौट गर्नुपर्नेछ । यसको लागि सेवा केन्द्रले आवश्यक सहयोग उपलव्ध गराउनुपर्नेछ । छनौट भएका कम्पनीले केन्द्रद्धारा निर्धारित विस्तृत सम्भाव्यता अध्ययन निर्देशिका अनुसार विस्तृत सर्वेक्षण तथा डिजाइन प्रतिवेदन तयार गरी सम्बन्धितसेवा केन्द्रमा पेश गर्नुपर्नेछ ।

(४) विस्तृत सर्वेक्षण र डिजाईन केन्द्रबाट मान्यता प्राप्त प्राविधिकहरु मार्फत गराउनु पर्नेछ ।

(५) सेवा केन्द्रले आफु समक्ष पेश भएका विस्तृत सर्वेक्षण तथा डिजाइन प्रतिवेदनको आवश्यक मूल्याङ्कन तथा जाँच गरी प्राविधिक र अनुदान स्वीकृतिका लागि सम्वन्धित जिविसको सिफारिस सहित केन्द्रमा पठाउनु पर्नेछ ।

(६) सम्वन्धित कम्पनीले विस्तृत सर्वेक्षण प्रतिवेदन अनुसार आयोजनाको निर्माण कार्य भए, नभएको सुनिश्चित गर्न आयोजनाको निर्माण अवधि भित्र कम्तीमा दुई पटक आयोजनाको स्थलगत निरिक्षण गरी आयोजनाको नक्शांकन सहित गुणस्तर निरिक्षणको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

**(ग) १०० भन्दा माथि १००० किलोवाट सम्मका आयोजनाको लागि:**

(१) ईच्छुक आयोजना निर्माणकर्ताले विद्युत विकास विभागबाट लिएको स्वीकृति पत्र साथ केन्द्रले निर्धारण गरेको आयोजना माग फाराम भरी सम्बन्धित सेवा केन्द्र वा शाखा/इकाईमा पेश गर्नुपर्नेछ ।

(२) विस्तृत सर्वेक्षण गराउनको लागि आयोजना निर्माणकर्ताको अनुरोधमा केन्द्रले प्रचलित कानून वमोजिम कम्पनी छनौट गर्नेछ । छनौट भएको कम्पनीले केन्द्रद्धारा निर्धारित विस्तृत सम्भाव्यता अध्ययन निर्देशिका अनुसार विस्तृत सर्वेक्षण तथा डिजाइन प्रतिवेदन तयार गरी सम्बन्धित सेवा केन्द्रमा पेश गर्नुपर्नेछ ।

(३) सेवा केन्द्रले आफु समक्ष पेश भएका विस्तृत सर्वेक्षण तथा डिजाइन प्रतिवेदनको आवश्यक मूल्याङ्कन एवम जाँच गरी प्राविधिक र अनुदान स्वीकृतिका लागि सम्वन्धित जिविसको सिफारिस सहित केन्द्रमा पठाउनु पर्नेछ ।

(४) सम्वन्धित परामर्शदाताले विस्तृत सर्वेक्षण प्रतिवेदन अनुसार आयोजनाको निर्माण कार्य भए, नभएको सुनिश्चित गर्न आयोजनाको निर्माण अवधि भित्र कम्तीमा दुई पटक आयोजनाको स्थलगत निरिक्षण गरी आयोजनाको नक्शांकन सहित गुणस्तर निरिक्षणको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

### ५.३.१.२ विस्तृत सम्भाव्यता अध्ययनको लागि आर्थिक सहयोग रकम भुक्तानी

विस्तृत सम्भाव्यता अध्ययनको लागि सामुदायिक, सहकारी, निजी वा सार्वजनिक निजी साझेदारी आयोजनालाई मात्र आर्थिक सहयोग उपलव्ध गराइनेछ । संचालित आयोजनाहरुको गुणस्तर सुनिश्चित गर्न आवश्यकता अनुसार केन्द्रले प्राविधिक सहयोग गर्नसक्नेछ ।

**(क) १० किलोवाट सम्मका पिको जलविद्युत र सुधारिएको पानी घट्ट विद्युतिकरण आयोजनाको लागि:**

विस्तृत सर्वेक्षण वापतको आर्थिक सहयोग विस्तृत अध्ययन सम्पन्न भई प्रतिवेदन पेश गरेपछि ५० प्रतिशत र वाँकी ५० प्रतिशत पिको जलविद्युत प्राविधिक मूल्यांकन समितिको निर्णय पश्चात सम्बन्धित जिविस मार्फत भुक्तानी दिइनेछ ।

**(ख) १० किलोवाट भन्दा माथिका जलविद्युत आयोजनाको लागि:**

विस्तृत सर्वेक्षण वापतको आर्थिक सहयोग विस्तृत अध्ययन सम्पन्न भई प्रतिवेदन पेश गरेपछि सेवा केन्द्रको सिफारिसमा ४० प्रतिशत र ४० प्रतिशत प्राविधिक मूल्यांकन समितिले सिफारिस गरेपछि भुक्तानी दिइनेछ । बाँकी २० प्रतिशत रकम सम्वन्धित कम्पनीले आयोजनाको नक्शांकन र निर्माणाधिन

समयमा गरिएको गुणस्तर निरिक्षण प्रतिवेदन केन्द्रबाट स्वीकृत भएपछि भुक्तानी दिइनेछ । तर कुनै आयोजना निर्माणको लागि अनुदान स्वीकृत नभएको अवस्थामा बाँकी २० प्रतिशत रकम भुक्तानी हुने छैन ।

### ५.३.१.३ दण्ड जरिवाना सम्बन्धमा

(क) सम्झौता भएको मितिले १०० कि.वा. क्षमता भन्दा माथिको साना जलविद्युत आयोजनाको हकमा ६ महिना र १०० कि.वा. क्षमता सम्मका आयोजनाको हकमा ३ महिना भित्र विस्तृत अध्ययन प्रतिवेदन पेश गर्नुपर्नेछ । सो अवधि भित्रमा पेश नभएका आयोजनको हकमा प्रति हप्ता आर्थिक सहयोग रकमको १ प्रतिशतको दरले बढीमा १० प्रतिशत रकम जरीवाना गरिने छ । जरीवाना रकम १० प्रतिशत भन्दा वढी भएको अवस्थामा सम्झौता स्वत खारेज हुनेछ । तर सम्वन्धित कम्पनीको नियन्त्रण भन्दा बाहिरको परिस्थिति जस्तै प्राकृतिक विपत्ति, वन्द हडताल, द्वन्द्व आदिको कारणले कार्य सम्पन्न हुन नसकेमा सम्वन्धित कम्पनी र उपभोक्ता समितिको सहमतिमा एक पटकमा बढीमा दुई महिनासम्मको लागि पूर्व स्वीकृति लिई समय थप्न सकिनेछ ।

(ख) जडानकर्ता कम्पनीले स्थलगत प्रमाणिकरण गर्दा आयोजनाको क्षमता र आयोजनाको क्षमता र प्रशारण एवम वितरण (विल अफ कवान्टिटी) को परिमाण परिवर्तन भएर कुल लागतमा १० प्रतिशत भन्दा बढी फरक पर्न गएमा उक्त आयोजनाको पुन: विस्तृत सर्वेक्षण गर्नुपर्नेछ । सम्वन्धित कम्पनीले पुन: विस्तृत सम्भाव्यता अध्ययन नगरे वा पुन: अध्ययन गर्दा आयोजनाको क्षमता र प्रशारण एवम वितरणको परिमाणमा १० प्रतिशत भन्दा बढी फरक पर्न गएमा केन्द्रले कम्पनीको मान्यता खारेज गर्नेछ ।

(ग) विस्तृत सम्भाव्यता अध्ययन गर्ने कम्पनी र जडानकर्ता कम्पनी बीच कुनै विवाद उत्पन्न भएमा केन्द्रले गरेको निर्णय अन्तिम हुनेछ ।

## ५.३.२ अनुदानका लागि पूरा गर्नुपर्ने आधारहरु

आयोजनाका निर्माणकर्ताले अनुदानका लागि देहायका शर्तहरु पूरा गर्नुपर्नेछ:–

(क) <u>**१० किलोवाट सम्मको लघु जलविद्युत (पिको हाइड्रो) र सुधारिएको पानी घट्ट विद्युतीकरण आयोजनाको लागि:**</u>

(१) आयोजनाको निर्माणकर्ता सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ ।

(२) आयोजनाले जिल्ला जलस्रोत समितिबाट पानीको अग्राधिकार दर्ता प्रमाणपत्र समावेश गर्नुपर्नेछ ।

(३) आयोजनाको संभाव्यता र विस्तृत सर्वेक्षण प्रतिवेदन जिविस बाट स्वीकृत भएको हुनुपर्नेछ ।

(४) संस्थागत तथा सामुदायिक उपयोगको लागि आयोजना मार्फत विद्युत माग पुष्टयाई गर्ने आवश्यक कागजातहरु जस्तै गाविसको सिफारिस, संस्थागत निर्णय, विद्युतीय उपकरण/भवनले खपत गर्ने विद्युतको मापन र विवरण पेश गर्नुपर्नेछ ।

(५) आयोजनाको निर्माणको लागि कोटेशन/टेण्डर आव्हान गर्नु अगाडि सम्बन्धित आयोजना निर्माणकर्ताले अनुदान सहित ७५ प्रतिशत रकमको प्रत्याभूति हुने आधिकारिक कागजात पेस गर्नुपर्नेछ ।

(६) केन्द्रबाट मान्यता प्राप्त कम्पनी वा ठेकेदारद्वारा मात्र आयोजनाको निर्माण गर्नुपर्नेछ ।

(७) आयोजना निर्माणकर्ताले सम्वन्धित गाविसको प्रमाणिकरण सहित विद्युत जडान भएका घरधुरीका नामावली पेश गर्नुपर्नेछ ।

(८) <u>**विद्युत उत्पादन एवं जडित घरधुरी प्रमाणीकरण:**</u> निर्धारित उँचाई तथा पानीको प्रवाहमा वास्तविक विद्युत उत्पादन कुनैपनि अवस्थामा डिजाईन गरिएको उत्पादन क्षमता भन्दा कम हुनु हुँदैन । विद्युत उत्पादन एवं जडित घरधुरी प्रमाणीकरण केन्द्रको विद्युत उत्पादन तथा घरधुरी प्रमाणीकरण निर्देशिका बमोजिम हुनेछ । आयोजनाको डिजाइन गर्दाको समयको अनुमानित विद्युत उत्पादनको क्षमता भन्दा वास्तविक उत्पादन क्षमता कम भएमा सोहि अनुसार अन्तिम अनुदान निर्धारण गरिनेछ । कम भएको अनुदान रकम दोस्रो किस्तावाट कटाई बाँकी रकम भुक्तानी दिईनेछ ।

(९) **प्रत्याभूति अवधिः** जडानकर्ताले पिको हाईड्रो आयोजनामा प्रयोग भएको यान्त्रिक उपकरणमा कम्तीमा ३ वर्ष र विद्युतीय उपकरणमा १ वर्ष अवधिको प्रत्याभूति दिनुपर्नेछ। यस सम्बन्धी प्रावधान उत्पादक/जडानकर्ता र आयोजना सञ्चालकद्वारा हस्ताक्षर गरिएको करार सम्झौतामा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ। प्रत्याभूति अवधिभर जडानकर्ताले आयोजनाको कम्तीमा एक पटक नियमित जाँच गरी सञ्चालन एवं व्यवस्थापनमा सुधार गर्न सञ्चालकलाई सुझाव दिनुपर्नेछ । अनुपयुक्त कार्यशैली, सामाग्री एवं सुपरीवेक्षणका कारण उत्पन्न कुनै पनि समस्या समाधान गर्नका लागि जडानकर्ता उत्तरदायी हुनेछ ।

(१०) प्रस्तावित महसुल दरले आयोजनाको सञ्चालन खर्च (विशेषगरी कर्मचारीको तलब भत्ता, नियमित मर्मत सम्भार) तथा ऋण भुक्तानी गर्न सक्नुपर्नेछ ।

**(ख) लघु तथा साना जलविद्युत (१० भन्दा माथि १००० किलोवाट सम्म) आयोजनाको लागिः**

(१) आयोजनाको निर्माणकर्ता सम्बन्धित निकायमा दर्ता हुनुपर्नेछ। यस अन्तर्गत प्रचलित ऐन, नियमानुसार दर्ता भएका उपभोक्ता समिति, सहकारी संस्था, निजी संस्था वा सार्वजनिक निजी साझेदारी संस्था पर्दछन् ।

(२) राष्ट्रिय प्रसारण लाइनको पहुँच भन्दा बाहिरको क्षेत्रमा निर्माण हुने साना जलविद्युत आयोजनाको हकमा सामुदायिक (सार्वजनिक निजी साझेदारी समेत) र सहकारी स्वामित्व भएको हुनु पर्नेछ ।

(३) आयोजनाको व्यवसाय योजना सहितको विस्तृत आयोजना डिजाइनको साथै सामुदायिक तथा वातावरणीय पक्ष समावेश भएको हुनुपर्नेछ। तोकिएको घरधुरी (५ घरधुरी प्रति किलोवाट) बाहेक थप किलोवाटको लागि अनुदानको माग भएको खण्डमा आयोजनाको व्यवसाय योजनामा समावेश गरिएको हुनुपर्नेछ ।

(४) १०० कि.वा. सम्मका प्रस्तावित आयोजनाले जिल्ला जलस्रोत समितिबाट पानीको अग्राधिकार दर्ता प्रमाणपत्र लिएको हुनुपर्नेछ । १०० किलोवाट भन्दा माथिका आयोजनाको हकमा विद्युत विकास विभागबाट सर्वेक्षण जानकारीको प्रमाण लिनुपर्नेछ ।

(५) आयोजनाको प्रस्तावना र प्रतिवेदन केन्द्रबाट सिफारिस भएको हुनुपर्दछ ।

(६) आयोजना प्रस्तावना सगै स्वलगानीको प्रत्याभूति स्वरुप अन्य प्रयोजनको लागि रकम झिक्न नमिल्ने आयोजनाको बैंक खातामा रकम जम्मा गरेको प्रमाण र कर्जा लिएको हकमा सम्वन्धित वित्तिय संस्थाको कर्जा स्वीकृति पत्र पेश गर्नु पर्नेछ। स्थानीय निकायबाट आर्थिक सहयोग उपलव्ध हुने भए सो सम्बन्धी पत्र पेश गर्नुपर्नेछ। स्थानीय निकाय बाहेक अन्य निकायले लगानी वा सहयोग गर्ने भएमा केन्द्रसँग लिखित समझदारी गरेको हुनुपर्नेछ ।

(७) ऋणको साँवा ब्याज भुक्तानी पश्चात आयोजनाको नगद प्रवाहको खुद वर्तमान मूल्य वार्षिक ६ प्रतिशत दरको डिस्काउण्टेट रेटमा धनात्मक हुनु पर्नेछ ।

(८) १०० कि.वा. सम्मका आयोजना निर्माणको करार सम्झौता मान्यता प्राप्त जडानकर्ता वा ठेकेदार वा कम्पनीहरुसंग गर्नुपर्नेछ र त्यस्तो सम्झौतामा केन्द्रद्वारा निर्दिष्ट न्यूनतम नमूना करार सम्झौतामा उल्लिखित प्रावधानहरु समावेश भएको हुनुपर्नेछ। मान्यता प्राप्त कम्पनीहरु मध्येबाट कुनै एक कम्पनी छनौट गर्दा र आयोजना निर्माण गर्दा केन्द्रको मिनी ग्रिड खरीद निर्देशिकाको अधिनमा रही गर्नु पर्नेछ ।

(९) १०० कि.वा. भन्दा माथि १००० कि. वा. सम्मका साना जलविद्युत आयोजनाको हकमा भने राष्ट्रिय तथा अन्तराष्ट्रिय ठेकेदार कम्पनीहरुसंग ठेक्का प्रक्रिया अनुसार आयोजना निर्माणको करार सम्झौता गर्न सकिनेछ । एक देखि बढीमा चार वटा प्याकेज (सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रो-मेकानिकल, प्रसारण तथा वितरण) बनाई ठेकेदार कम्पनीहरु छनौट गर्न सकिनेछ । सकेसम्म एकल ठेकेदारलाई छान्नु पर्नेछ। ठेकेदार कम्पनी छनौट गर्दा र आयोजना निर्माण गर्दा केन्द्रको मिनी ग्रिड खरीद निर्देशिका बमोजिम गर्नुपर्नेछ ।

(१०) कुनै पनि स्थानीय, क्षेत्रीय वा राष्ट्रिय प्रशारण लाईनमा नजोडिने मिनीग्रिड आयोजनाले पूरा गर्नुपर्ने थप शर्त: आयोजनाको व्यवसायिक योजनामा उल्लेखित विद्युतको कम्तीमा १० प्रतिशत प्रयोग उत्पादनमुलक परिप्रयोगमा हुने प्रतिबद्धता देखाउनु पर्नेछ ।

**(११) <u>स्थानीय, क्षेत्रीय वा राष्ट्रिय प्रशारण लाईनमा भविष्यमा जोडिने आयोजनाले पूरा गर्नुपर्ने थप शर्त:</u>**

(क) ग्रिड सञ्चालनकर्ता वा वितरकसँग भएको विद्युत खरिद बिक्री सम्झौताको प्रतिलिपी संलग्न गर्नु पर्नेछ ।

(ख) स्थानीय, क्षेत्रीय वा राष्ट्रिय प्रशारण लाईनवाट विद्युत सेवा नपुगेका तथा प्रस्तावित आयोजनाबाट सिधै विद्युत सेवा उपलब्ध हुने घरधुरीको संख्याको आधारमा अनुदानको निर्क्यौल गरिनेछ ।

(ग) केन्द्रबाट आयोजनामा दिईने अनुदान विद्युत प्रसारण तथा वितरण लाइन निर्माणमा खर्च गर्नुपर्नेछ ।

(घ) विद्युत उपभोक्ता समिति र आयोजना निर्माण कर्ता बीच विद्युत उपयोग र विद्युत प्रसारण तथा वितरण लाइन निर्माण सम्बन्धी सम्झौता केन्द्रले निर्धारण गरेको नमूना सम्झौता फाराम अनुसार हुनुपर्नेछ ।

**(१२) <u>पुन:स्थापना आयोजनाहरुका लागि थप शर्तहरु:</u>**

(क) आयोजनाको क्षमता १० किलोवाट भन्दा बढी हुनुपर्नेछ ।

(ख) आयोजना परीक्षण सञ्चालन भएको मितिले १० वर्ष भन्दा पुरानो हुनुपर्नेछ । केन्द्रको सहयोगमा निर्मित आयोजना तथा नेपाल विद्युत प्राधिकरणले पूर्णरुपमा उपभोक्ता समूहहरुलाई हस्तान्तरण गरेका आयोजना मात्र पुन:स्थापना अनुदानको लागि योग्य हुनेछन । त्यस्ता आयोजनालाई केन्द्रद्वारा गठित समिति वा केन्द्रले नियुक्ति गरेका परामर्शदाताले क्षति विवरणको मूल्यांकनको आधारमा सामान्य क्षति र ठूलो क्षतिको निर्क्यौल गरिनेछ । तर त्यस्ता आयोजनाहरु सम्बन्धित जिविसबाट समेत सिफारिस भएको हुनुपर्नेछ ।

(ग) प्राकृतिक विपत्तिबाट नोक्शानी भएका आयोजनाहरु सामान्यत: पुन:स्थापना आयोजनाको रुपमा अनुदानको निमित्त योग्य हुनेछन् । त्यस्ता आयोजनाहरुको हकमा भने १० बर्षे सिमा लागु हुने छैन । त्यस्ता आयोजनालाई केन्द्रद्वारा गठित उप समिति वा केन्द्रले नियुक्ति गरेका परामर्शदाताले क्षति विवरणको मूल्यांकनको आधारमा सामान्य क्षति र ठूलो क्षतिको निर्क्यौल गरिनेछ ।

(१३) **<u>विद्युत उत्पादन एवं जडित घरधुरी प्रमाणीकरण:</u>** निर्धारित उचाई तथा पानीको प्रवाहमा वास्तविक विद्युत उत्पादन कुनै पनि अवस्थामा डिजाईन गरिएको उत्पादन क्षमता भन्दा कम हुनु हुँदैन । विद्युत उत्पादन एवं जडित घरधुरी प्रमाणीकरण केन्द्रको विद्युत उत्पादन तथा घरधुरी प्रमाणिकरण निर्देशिका बमोजिम हुनेछ । आयोजनाको डिजाइन गर्दाको समयको अनुमानित विद्युत उत्पादनको क्षमता भन्दा वास्तविक उत्पादन क्षमता कम भएमा वा उत्पादक वा जडानकर्ता वा आपूर्तिकर्ताको लापरवाहीवाट अनियमितता भएको खण्डमा केन्द्रद्वारा निर्धारित/स्वीकृत प्रति किलोवाटको लागत खर्चको दरमा उत्पादक वा जडानकर्ता वा आपूर्तिकर्तालाई भुक्तानी गरिने तेस्रो तथा अन्तिम किस्ताको रकमबाट घटेको प्रति किलोवाट वापत कट्टा गरिनेछ । उक्त कट्टा गरिने रकम अन्तिम किस्ता भन्दा बढी भएमा कम्पनीद्धारा निर्माणाधिन अन्य आयोजनाहरुको अनुदान किस्ताबाट कट्टा गरिनेछ ।

(१४) **<u>प्रत्याभूति अवधि:</u>** आपूर्तिकर्ता वा जडानकर्ताले मिनी ग्रिड आयोजनामा प्रयोग भएका यान्त्रिक उपकरणमा कम्तीमा ३ वर्ष र विद्युतीय उपकरणमा कम्तीमा १ वर्ष अवधिको प्रत्याभूति दिनुपर्नेछ । यस सम्बन्धी प्रावधान उत्पादक वा जडानकर्ता वा आपूर्तिकर्ता र निर्माणकर्ताद्वारा हस्ताक्षर गरिएको करार सम्झौतामा स्पष्ट रुपमा उल्लेख गरिएको हुनु पर्नेछ । प्रत्याभूति अवधिभर जडानकर्ता वा आपूर्तिकर्ताले आयोजनाको कम्तिमा दुई पटक नियमित जाँच गरी आयोजना सञ्चालन एवम व्यवस्थापनको सुधारका लागि निर्माणकर्तालाई सुझाव दिनेछ । अनुपयुक्त कार्यशैली, सामाग्री एवं सुपरीवेक्षणका कारण उत्पन्न कुनै पनि समस्या समाधान गर्नका

लागि आपूर्तिकर्ता वा जडानकर्ता उत्तरदायी हुनेछ। सञ्चालक तथा प्रबन्धकको तर्फबाट भएको लापरवाहीका कारण उत्पन्न समस्याको लागि निर्माणकर्ता उत्तरदायी हुनेछ।

### ५.३.३ अनुदान वितरण

आयोजनाको अनुदानको लागि आयोजनाको क्षमता निर्धारण गर्दा प्रति घरधुरी सामान्यतः २०० वाट र बढीमा ४०० वाट सम्मको आधारमा गरिनेछ। तर आयोजना निर्माणकर्ताले सो भन्दा ठूलो क्षमताको आयोजना बनाउन पनि सक्नेछ।

विभिन्न क्षमताका लघु तथा साना जलविद्युत आयोजनाको लागि अनुदान वितरण देहाय बमोजिम हुनेछः–

(क) <u>१० किलोवाट सम्मका लघु जलविद्युत (पिको हाइड्रो) आयोजनाको लागिः</u>

(१) पिको जलविद्युत आयोजनाहरुको अनुदान भुक्तानी सम्बन्धित जिविस मार्फत गरिनेछ।

(२) आयोजना निर्माणकर्ताले मान्यता प्राप्त परामर्शदाताद्वारा विस्तृत संभाव्यता अध्ययन गराई सोको प्रतिवेदन जिविसमा पेश गर्नुपर्नेछ। जिविसले आवश्यक अध्ययन तथा मूल्यांकन गरी आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य उपयुक्त आयोजनालाई शसर्तिय स्वीकृति प्रदान गर्नेछ। साथै यसको जानकारी केन्द्रमा गराउनुपर्नेछ।

(३) आयोजना निर्माणकर्ताले विस्तृत सर्वेक्षण प्रतिवेदनलाई आधार मानी अनुदान सहित कूल लागतको ७५ प्रतिशत रकमको प्रत्याभूति जिविसलाई गराए पश्चात केन्द्रवाट स्वीकृत निर्देशिका अनुसार प्रतिस्पर्धाको आधारमा सामान आपूर्ति तथा जडानका लागि मान्यता प्राप्त कम्पनीहरु मध्येबाट कम्पनी छनौट गरी सम्झौता गर्नुपर्नेछ।

(४) जिविसले केन्द्रवाट स्वीकृत निर्देशिका मा उल्लिखित मापदण्ड वमोजिम अन्तिम अनुदान स्वीकृत गरी अनुदान निकासाको लागि केन्द्रमा सिफारिस गर्नेछ। केन्द्रले आवश्यक मूल्यांकन एवम जाँच गरी कोषलाई सिफारिस गर्नुपर्नेछ।

(५) जडानकर्ता कम्पनीले केन्द्रको निर्देशित मापदण्ड वमोजिम जडान सम्पन्न गर्नुपर्नेछ।

(६) आयोजना निर्माणकर्ता र सम्बन्धित कम्पनीले प्रत्येक ३ महिनामा कार्य प्रगति प्रतिवेदन सेवा केन्द्र /जिविस मार्फत केन्द्रमा पेश गर्नुपर्नेछ।

(७) जिविसले सम्बन्धित निकायहरुलाई परिचालन गरी निर्माणधिन आयोजनाको गुणस्तरको सुनिश्चिताको लागि आवश्यक प्राविधिक सहयोग गर्नुपर्नेछ।

(८) आयोजना सम्पन्न भई सत प्रतिशत घरहरुमा विद्युतीकरण भएपछि जडानकर्ता कम्पनी, आयोजना निर्माणकर्ता र केन्द्रका प्रतिनिधिको उपस्थितिमा विद्युत शक्ति उत्पादन परीक्षण तथा हस्तान्तरण र विद्युत उत्पादन तथा घरधुरी प्रमाणिकरण कार्य गर्नु पर्नेछ। जिविसले उक्त प्रतिबेदन मूल्यांकन गरी दोश्रो किस्ताको अनुदान निकासाको लागि केन्द्रलाई अनुरोध गर्नुपर्नेछ। केन्द्रले आवश्यक मूल्यांकन गरी उपयुक्त देखेमा कोषलाई सिफारिस गर्नुपर्नेछ।

(९) आयोजना हस्तान्तरण गरेको मितिले एक वर्षपछि जडानकर्ता कम्पनीले आयोजना निर्माणकर्ता र जिविसका प्रतिनिधिको रोहवरमा एक बर्षे प्रत्याभूति जाँच गर्नुपर्नेछ।

<u>**आयोजनाको अनुदान भुक्तानी प्रक्रिया सम्बन्धमा :**</u>

आयोजनाको अनुदानको लागि भुक्तानी प्रक्रिया देहाय वमोजिम हुनेछः–

(१) <u>पहिलो किस्ताः</u>

जिविसबाट अन्तिम स्वीकृति प्राप्त भई अनुदानका लागि केन्द्रमा पेश भएपछि कोषमा सिफारिस गरिनेछ। कोषले आवश्यक अध्ययन तथा मूल्यांकन गरी प्रक्रिया पूरा भएको देखेमा अनुदान स्वीकृत गर्नेछ। कोषले शुरुमा ५० प्रतिशत अनुदान रकम जिविस वा जिल्ला ऊर्जा कोषमा पठाउनेछ।

जिविसले ठेकेदार कम्पनी वा आयोजना जडानकर्तालाई आयोजना निर्माणकर्ताको सिफारिस र अग्रिम भुक्तानी बैंक प्रत्याभूति बापत अनुमानित अनुदानको ५० प्रतिशतसम्म रकम भुक्तानी दिनेछ। बैंक प्रत्याभूति पत्र कम्तिमा ३ महिना देखि बढीमा ६ महिनासम्मको हुनुपर्नेछ। सम्बन्धित निर्माणकर्ताको सिफारिसमा एक पटक मात्र बढीमा ३ महिनासम्म बैंक जमानत पत्रको म्याद थप गर्न सकिनेछ। सम्झौतामा उल्लेख भए अनुसारका सामान तथा उपकरण आयोजना स्थलमा वा ठेक्का सम्झौता अनुसार शाखा/इकाईका प्रतिनिधिको उपस्थितिमा आयोजना निर्माणकर्तालाई हस्तान्तरणपछि केन्द्रले तोकेको सामान तथा उपकरण हस्तान्तरण फाराम जिविसमा पेश गर्नुपर्नेछ। जिविसले आवश्यक अध्ययन तथा मूल्यांकन गरी सम्पूर्ण प्रक्रिया पूरा भएको देखेमा अग्रिम किस्ता वापतको बैंक प्रत्याभूति फिर्ता गर्नेछ। तर जडानकर्ता वा ठेकेदार कम्पनीले अग्रिम भुक्तानी बैंक प्रत्याभूतिमा रकम नलिएता पनि आयोजना निर्माणकर्तालाई सम्झौता अनुसारको सामान/उपकरण हस्तान्तरण गरेर हस्तान्तरण फाराम भरी पेश गरेमा जिविसले अनुदानको ५० प्रतिशत रकम भुक्तानी गर्नुपर्नेछ।

(२) **दोस्रो किस्ता:**

आयोजनाको क्षमता अनुसार कम्तीमा ७२ घण्टासम्म निरन्तर संचालन भएको सफल परीक्षण पछि केन्द्रको निर्धारित फाराममा परीक्षण सञ्चालन, विद्युत शक्ति उत्पादन र घरधुरी प्रमाणीकरण प्रतिवेदन, गाविसबाट आयोजनाले सम्पूर्ण घरहरुमा विद्युत जोडेको प्रमाणित गरी आयोजना हस्तान्तरण गरेको प्रतिवेदन जिविसले सिफारिस सहित केन्द्रमा पठाउनुपर्नेछ। केन्द्रले मूल्यांकन एवम जाँच गरी कोषमा पेश गरेको १ महिना भित्र ४० प्रतिशत अनुदान र लक्षित वर्गले पाउने थप अनुदान जिविस वा जिल्ला ऊर्जा कोषमा पठाउनेछ। जिविसले ९० प्रतिशत अनुदान रकम जडानकर्ता वा आयोजना निर्माण कर्ता र लक्षित वर्गले पाउने अनुदान आयोजना निर्माणकर्ता मार्फत सम्बन्धित लक्षित वर्गलाई भुक्तानी दिनेछ।

अनुदान नीति अनुसार उल्लेखित लक्षित वर्गलाई उपलब्ध गराइने थप अनुदानको लागि केन्द्रले निर्धारण गरेको आवेदन फाराम अनुसार विस्तृत नामसूचि तयार गरी सम्वन्धित जिविसको सिफारिस सहित केन्द्रमा पेश गर्नुपर्नेछ। सो थप अनुदान सम्बन्धित आयोजना निर्माणकर्ता मार्फत सम्बन्धित लक्षित वर्गहरुलाई घरधुरीमा विद्युत जडानका लागि भुक्तानी दिइनेछ।

(३) **अन्तिम किस्ता:**

उत्पादन परीक्षण, परीक्षण सञ्चालन तथा आयोजना हस्तान्तरणको मितिवाट १ वर्ष पछि उपकरणको गुणस्तर, बिक्री पछिको सेवाको गुणस्तर उपलब्ध भएपछि जिविसले बाँकी १० प्रतिशत अनुदानको लागि कोषमा कागजात पेशगर्नेछ। कोषले कागजातको अध्ययन एवम मूल्यांकन गरी १ महिना भित्र बाँकी १० प्रतिशत अनुदान जिविस वाजिल्ला ऊर्जा कोषमा पठाउनेछ। जिविस वा जिल्ला ऊर्जा कोषले उक्त १० प्रतिशत रकम मध्ये ७ प्रतिशत रकम ठेकेदार कम्पनीलाई र बाँकी ३ प्रतिशत रकम तीन बर्षसम्म खर्च गर्न नमिल्ने गरी आयोजना निर्माणकर्ताको मुद्दती खातामा मर्मत तथा सम्भार कोषमा भुक्तानी गर्नेछ।

**(ख) लघु तथा साना जलविद्युत (१० भन्दा माथि १००० किलोवाट सम्म) आयोजनाको लागि:**

(१) आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन सामुदायिक विद्युतीकरण शाखाको सिफारिसमा प्राविधिक मूल्यांकन समितिले स्वीकृत गर्नुपर्नेछ। निर्धारित मापदण्ड अनुसार केन्द्रले सम्बन्धित आयोजना निर्माणकर्तालाई सशर्तीय अनुदान स्वीकृतिको लागि पत्राचार गर्नेछ।

(२) आयोजना निर्माणकर्ताले सेवा केन्द्र र शाखा/इकाईको सहजिकरणमा १०० कि.वा सम्मका आयोजनाको अनुदान सहित कूल लागतको ७५ प्रतिशत रकम र सो भन्दा माथिका आयोजनाको हकमा अनुदान सहित ९० प्रतिशत रकम सुनिश्चित भएपछि केन्द्रको मिनी ग्रिड खरीद निर्देशिकाको अधीनमा रही मान्यता प्राप्त कम्पनीहरु मध्ये कुनै एउटासँग सम्झौता गर्नुपर्नेछ। साथै सशर्तिय अनुदानका अन्य शर्तहरु पूरा गरी एक बर्षभित्र केन्द्रमा पेश गर्नु पर्नेछ।

जडानकर्ता कम्पनी छनौट गर्दा कम्तिमा देहाय वमोजिमको प्रक्रिया पूरा गर्नुपर्नेछ:

(अ) आयोजना निर्माणकर्ता स्वयम वा उसले अधिकार प्रत्यायोजन गरेको निकायले बोलपत्र र सार्वजनिक सूचना तयार पारी केन्द्रद्धारा मान्यता प्राप्त कम्पनीहरुलाई सिलबन्दी बोलपत्र आह्वान गर्नेछ ।

(आ) त्यसरी प्राप्त सिलबन्दी बोलपत्र जिविस कार्यलयमा आयोजना निर्माणकर्ता, शाखा/इकाई, सेवा केन्द्र र वोलपत्र पेश गर्ने कम्पनीका प्रतिनिधी सहितको मूल्यांकन समितिको रोहवरमा खोल्नु पर्नेछ । सम्वन्धित कम्पनीका प्रतिनिधि उपस्थित नभए पनि वेलपत्र खोल्न वाधा हुनेछैन् ।

(इ) मुल्यांकन समितिको निर्णयको आधारमा आयोजना निर्माणकर्ताले आवश्यक प्रक्रिया पुरा गरेका सबैभन्दा कम रकम कबोल गर्ने कम्पनीलाई छनौट गरी सम्झौता गर्नुपर्नेछ ।

(३) केन्द्रले आफु समक्ष पेश भएका कागजातको आवश्यक अध्ययन एवम मूल्याङ्कन गरी कोषमा अनुदान स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

(४) कोषले थप मूल्यांकन एवम जाँच गरी सम्पूर्ण प्रक्रिया पूरा भएको देखेमा अन्तिम अनुदान स्वीकृत गर्नेछ ।

(५) केन्द्रले सम्बन्धित निकायहरुलाई परिचालन गरी निर्माणधिन आयोजनाको गुणस्तरको सुनिश्चिताको लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछ ।

(६) आयोजना निर्माणकर्ता र सम्बन्धित कम्पनीले प्रत्येक ३ महिनामा कार्य प्रगति प्रतिवेदन सेवा केन्द्र /जिविस मार्फत केन्द्रमा पेश गर्नुपर्नेछ ।

(७) आयोजना सम्पन्न भएपछि निर्माणकर्ता कम्पनीले आयोजना निर्माणकर्ता र केन्द्रका प्रतिनिधिको उपस्थितिमा प्राविधिक पक्ष, विद्युत उत्पादन परीक्षण र हस्तान्तरण गर्नुपर्नेछ ।

(८) आयोजना हस्तान्तरण गरेको मितिले एक बर्ष भित्र केन्द्रले छनौट गरेका परामर्शदाता को सहयोगमा विद्युत उत्पादन तथा घरधुरी प्रमाणिकरण कार्य गराउनेछ ।

(९) आयोजना हस्तान्तरण गरेको मितिले एक वर्ष पछि निर्माणकर्ता कम्पनीले आयोजना निर्माणकर्ता र केन्द्रका प्रतिनिधिको उपस्थितिमा एक बर्षे प्रत्याभूति जाँच गर्नुपर्नेछ ।

**<u>आयोजनाको अनुदान भुक्तानी प्रक्रिया सम्बन्धी व्यवस्था :</u>**

आयोजनाको अनुदानको लागि भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछः–

(१) <u>पहिलो किस्ताः</u>

मान्यता प्राप्त आयोजना जडानकर्ता र निर्माणकर्ता वीच सम्झौता गरी अन्य अनुदानका लागि आवश्यक कागजातहरु पेश गरी कोषवाट अन्तिम स्वीकृति भएपछि आयोजनाको जडानकर्तालाई निर्माणकर्ताको सिफारिस र कोषले निर्धारण गरेको ढाँचा अनुसारको बैंक प्रत्याभूति को आधारमा अनुमानित अनुदानको ६० प्रतिशतसम्म रकम अग्रिम भुक्तानी दिनेछ । उक्त अग्रिम भुक्तानी वैंक जमानत पत्र निर्माणकर्ताको सिफारिसमा कम्तिमा ३ महिना देखि बढीमा ६ महिनासम्मको हुनुपर्नेछ । विशेष परिस्थितिमा सम्बन्धित आयोजना निर्माणकर्ताको सिफारिसमा एक पटक मात्र बढीमा ३ महिनासम्म बैंक जमानत पत्रको म्याद थप गर्न सकिनेछ । जडानकर्ता कम्पनीले लिन चाहने अग्रिम भुक्तानीको प्रतिशत सम्झौतामा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ । सम्झौतामा उल्लेख भए अनुसारका सामान तथा उपकरण आयोजना स्थलमा सम्म वा सम्झौतामा उल्लेख भएको स्थान सम्म पुऱ्याई केन्द्रका प्रतिनिधिको उपस्थितिमा आयोजना निर्माणकर्तालाई केन्द्रले तोकेको सामान तथा उपकरण हस्तान्तरण फाराम भरी हस्तान्तरण गर्नुपर्नेछ । हस्तान्तरण फाराम केन्द्रमा पेश भए पश्चात निर्माणकर्ताको सिफारिस सहित केन्द्रको सिफारिसमा कोषले सम्वन्धित जडानकर्ताको अग्रिम किस्ता वापतको बैंक प्रत्याभूति फुकुवा गर्नेछ । तर अग्रिम भुक्तानी नलिई जडानकर्ता कम्पनीले आयोजना निर्माणकर्तालाई सम्झौता अनुसारको सामान तथाउपकरण हस्तान्तरण गरी हस्तान्तरण फाराम केन्द्रमा पेश भएको अवस्थामा निर्माणकर्ताको सिफारिस सहित केन्द्रको सिफारिसमा कोषले अनुदानको ६० प्रतिशत रकम भुक्तानी गर्नेछ ।

साना जलविद्युत आयोजनाको हकमा, आयोजना निर्माणकर्ताले अनुदानका शर्तहरु पूरा गरी आवश्यक कागजातहरु सेवा केन्द्र मार्फत केन्द्रमा पेश गर्नेछ । पेश भएका कागजातहरु केन्द्रले आवश्यक अध्ययन तथा मूल्यांकन गरी अनुदान स्वीकृतिका लागि कोषमा पेश गर्नेछ । कोषबाट अन्तिम स्वीकृति प्राप्त गरे पश्चात स्वीकृत अनुदान रकमको ६० प्रतिशत रकम आयोजनाको निर्माणकर्ता र केन्द्रको प्रतिनिधिको संयुक्त दस्तखतमा सञ्चालन हुने बैंक खातामा कोषले भुक्तानी गर्नेछ । उक्त खाताबाट आयोजनाको निर्माणको कार्य प्रगतिको आधारमा, निर्माणकर्ता र केन्द्रको प्रतिनिधिको सिफारिसमा क्रमशः भुक्तानी दिइनेछ ।

(२) **दोस्रो किस्ताः**

आयोजनाको क्षमता अनुसार कम्तीमा ७२ घण्टा सम्म निरन्तर संचालन भएको सफल परीक्षण गरेपछि आयोजनाको आधिकारिक परीक्षण गरिनेछ । केन्द्रको निर्धारित फाराममा परीक्षण संचालन, विद्युत शक्ति उत्पादन परीक्षण प्रतिवेदन, स्थानीय निकायबाट आयोजनाले कम्तीमा योजना गरिएको घरसंख्याको ७५ प्रतिशत घरमा विद्युतिकरण भएको प्रमाणित गरी आयोजना हस्तान्तरण गरेपछि अनुदान रकमको ८० प्रतिशतसम्म आयोजना जडानकर्ता कम्पनी वा निर्माणकर्तालाई र लक्षित वर्गले पाउने थप अनुदान रकम आयोजना निर्माणकर्ता मार्फत सम्बन्धित लक्षित वर्गलाई भुक्तानी गर्नेछ ।

नवीकरणीय ऊर्जा अनुदान नीति अनुसार उल्लेखित लक्षित वर्गलाई उपलब्ध गराइने थप अनुदानको लागि केन्द्रले निर्धारण गरेको आवेदन फाराम अनुसार विस्तृत नामसूचि तयार गरी सम्बन्धित जिविसको सिफारिस सहित केन्द्रमा पेश गर्नुपर्नेछ । सो थप अनुदान सम्बन्धित आयोजना निर्माणकर्ता मार्फत सम्बन्धित लक्षित वर्गहरुलाई घरधुरीमा विद्युत जडानका लागि भुक्तानी दिइनेछ ।

(३) **तेस्रो किस्ताः**

विद्युत शक्ति उत्पादन र जडित घरधुरीको प्रमाणीकरण पछि केन्द्रको सिफारिसमा कोषले अनुदान रकमको १० प्रतिशत रकम भुक्तानी गर्नेछ । जडानकर्ता कम्पनीले आयोजनाको परीक्षण सञ्चालन तथा हस्तान्तरण गरेको प्रतिवेदन केन्द्रमा पेश गरी केन्द्रवाट स्वीकृत भईसकेपछि जडानकर्ता कम्पनीले उक्त आयोजना बिना अवरोध सञ्चालन भइरहेको सुनिश्चितता गरी विद्युत शक्ति उत्पादन र जडित घरधुरीको प्रमाणीकरणको लागि अनुरोध गर्नु पर्नेछ । लिखित अनुरोध प्राप्त भएको मितिवाट १ वर्ष भित्र विद्युत उत्पादन तथा घरधुरी प्रमाणिकरण निर्देशिकाको आधारमा केन्द्रले उक्त कार्य सम्पन्न गर्नुपर्नेछ ।

(४) **अन्तिम किस्ताः**

उत्पादन परीक्षण, परीक्षण सञ्चालन तथा आयोजना हस्तान्तरणको मितिवाट १ वर्ष पछि उपकरण, बिक्री पछिको सेवाको गुणस्तर र सत प्रतिशत घरमा विद्युत जडान भएको सुनिश्चित भएपछि अनुदानको बाँकी १० प्रतिशत रकम निर्माणकर्ताको सिफारिस सहित केन्द्रको सिफारिसमा कोषले भुक्तानी दिनेछ । कोषले उक्त १० प्रतिशत रकम मध्ये ७ प्रतिशत रकम आयोजना जडानकर्ता कम्पनीलाई र बाँकी ३ प्रतिशत रकम कम्तीमा तीन बर्षसम्म खर्च गर्न नमिल्ने गरी आयोजना निर्माणकर्ताको मुद्दती खातामा मर्मत तथा सम्भार कोषमा भुक्तानी गर्नेछ ।

### ५.३.४ अनुगमन तथा मूल्यांकन

(क) १० किलोवाट सम्मको लघु जलविद्युत आयोजनाको हकमा केन्द्रले कम्तीमा ५० प्रतिशत आयोजनाको स्वतन्त्र परामर्शदाताको सहयोगमा विद्युत उत्पादन एवं जडित घरधुरी प्रमाणीकरण गर्नेछ ।

(ख) १० कि.वा. क्षमता भन्दा माथि १००० कि.वा. क्षमता सम्मका आयोजनाको हकमा केन्द्रले स्वतन्त्र परामर्शदाताको सहयोगमा सेवा केन्द्र, शाखा/इकाई र आयोजना निर्माणकर्ताको प्रतिनिधिको उपस्थितिमा सबै आयोजनाहरुको विद्युत उत्पादन एवं जडित घरधुरी प्रमाणीकरण गर्नेछ ।

(ग) केन्द्रले स्वतन्त्र परामर्शदाताद्वारा प्रत्येक २ बर्षमा आयोजनको प्रभाव मूल्यांकन र उपभोक्ताहरुको सन्तुष्टि सम्बन्धी अध्ययन गराउनेछ। मूल्यांकन प्रतिवेदनको निष्कर्ष सम्वन्धित निकायहरु पेश गरिनेछ।

(घ) आयोजना निर्माणकर्ताले आयोजनाको निर्माण कार्य शुरु गर्नु अघि र सम्पन्न भए पश्चात अनिवार्यरुपमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। त्यस्तो सुनुवाई सहज बनाउनका लागि सेवा केन्द्र र वातावरण शाखा/इकाईले समन्वय तथा सहजीकरण गर्नेछन्।

## ५.४ वायु ऊर्जा

(क) वायु ऊर्जावाट विद्युत उत्पादन गरी विद्युत सेवा उपलब्ध नभएको स्थानमा विद्युतीकरणको वायु टवाईन जडान गर्न केन्द्रले सम्वन्धित कम्पनी एवम संस्थाहरुलाई मान्यता दिनेछ।

(ख) मान्यता प्राप्त कम्पनी एवम संस्थाहरुद्धारा अध्ययन गरी स्थापना गरिएको आयोजनाका लागि मात्र अनुदान उपलब्ध गराइनेछ।

(ग) १०० कि.वा. क्षमता सम्मका वायु ऊर्जा आयोजनालाई मात्र अनुदान उपलब्ध गराइनेछ।

(घ) वायु ऊर्जा आयोजनाको प्राविधिक, आर्थिक, वातावरणीय एवम सामाजिक तथा लक्षित समुदायको अवस्था समेतको सम्भाव्यता अध्ययनको मूल्याकंन प्राविधिक मूल्याकंन समितिले गर्नेछ।

### ५.४.१ अनुदानका लागि पूरा गर्नुपर्ने आधारहरु

(क) आयोजना स्थलका लागि अन्य कुनै माध्यमबाट विद्युत सेवा नपुगेको हुनु पर्नेछ।

(ख) तथ्यांङ्क मापन, विस्तृत संभाव्यता अध्यायन, डिजाइन एवम जडानका लागि मान्यता प्राप्त कम्पनीहरुवाट गरिएको हुनुपर्नेछ।

(ग) प्रति घरधुरीका आधारमा उपलव्ध गराइने अनुदान रकम वढीमा प्रति कि.वा.१० घरधुरीका लागि दिइनेछ।

(घ) वायु मापन यन्त्र, विश्लेषण गर्ने सफ्टवयर लगायत वायु ऊर्जा उत्पादनका लागि प्रयोग हुने सामान तथा उपकरणहरु वायु ऊर्जा उपकरण गुणस्तर मापदण्ड निर्देशिका अनुसार हुनुपर्नेछ।

(ङ) मान्यता प्राप्त कम्पनीद्धारा बिक्री पछिको सेवा सुनिश्चित गर्नुपर्नेछ।

(च) अनुदान फाराम, विस्तृत सम्भाव्यता अध्यायन, तथ्यांङ्क आधारहरु जिविस एवम सेवा केन्द्रहरुको सिफारिसमा तोकिएको ढाँचामा केन्द्रमा पेश गर्नुपर्नेछ।

(छ) १० कि.वा. क्षमता भन्दा वढीका परियोजनाहरुको हकमा परियोजना स्वीकृत हुनु अगाडि परियोजनाको कूल लागतको अनुदान सहित कम्तीमा ८० प्रतिशत आर्थिक स्रोत जुटेको सुनिर्श्चित हुनुपर्नेछ।

### ५.४.२ अनुदान वितरण

#### ५.३.२.१ <u>१० कि.वा.सम्मका आयोजनाको लागि:</u>

(क) आयोजना पहिचान, तथ्यांङ्क मापन, विस्तृत सम्भाव्यता अध्ययन, जडान तथा सुपरिभिजन कार्य केन्द्रद्धारा मान्यता प्राप्त कम्पनीहरु मार्फत गर्नुपर्नेछ। जडानकर्ता कम्पनीले विक्री पछिको सेवा सुनिश्चित गर्नुपर्नेछ।

(ख) भुउपग्रह तथ्यांकका आधारमा गरिएको वायु ऊर्जा स्रोत मूल्यांकनका आधारमा विस्तृत सम्भाव्यता अध्ययन गर्न सकिनेछ।

(ग) मान्यता प्राप्त कम्पनीद्धारा आयोजना निर्माण गरी सोको प्रतिवेदन सेवा केन्द्र र जिविस को सिफारिस साथ अनुदान फाराम भरी केन्द्रमा पेश गर्नुपर्नेछ।

(घ) केन्द्रले आफु समक्ष पेश हुन आएका प्रतिवेदनको अध्ययन तथा मूल्यांकन गरी अनुदानको स्वीकृतिका लागि कोष समक्ष सिफारिस गर्नेछ । कोषले थप मूल्यांकन एवम जाँच गरी अनुदान सम्वन्धी सम्पूर्ण प्रक्रिया पूरा भएको देखेमा अनुदान स्वीकृत गरी अनुदान रकमको ५० प्रतिशत रकम जडानकर्ता कम्पनीलाई वैंक प्रत्याभूतिमा भुक्तानी दिनेछ ।

(ङ) जडानकर्ता कम्पनीले आयोजनाको जडान कार्य सम्पन्न गरी सफलपूर्वक विद्युत उत्पादन भएपछि केन्द्रवाट निर्धारित अनुदान फाराम भरी अनुदानका लागि कार्य सम्पन्न प्रतिवेदन सहित केन्द्रमा पेश गर्नुपर्नेछ ।

(च) केन्द्र आफै वा शाखा/इकाईवाट स्थलगत निरिक्षण गरी सोको प्रतिवेदनको आधारमा केन्द्रले ४० प्रतिशत अनुदान रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ । कोषले थप मूल्यांकन एवम जाँच गरी योग्य देखेमा सम्वन्धित कम्पनीलाई रकम भुक्तानी गर्नेछ ।

(छ) वाँकी १० प्रतिशत रकम विक्री पछिको सेवाको लागि धरौटीको रुपमा राखी १ वर्षपछि आयोजना राम्रो सँग संचालन भई उपभोक्ता सन्तुष्टि भएमा केन्द्रको सिफारिसको आधारमा कोषले सम्वन्धित कम्पनीलाई भुक्तानी दिनेछ ।

#### ५.४.२.२ <u>१० देखि १०० कि.वा.सम्मका आयोजनाका लागि:</u>

(क) आयोजना पहिचान, तथ्यांङ्क मापन, विस्तृत संभाव्यता अध्ययन, जडान कार्य केन्द्रद्धारा मान्यता प्राप्त कम्पनीहरु मार्फत गरिनेछ । जडानकर्ता कम्पनिले विक्री पछिको सेवा सुनिश्चित गर्नुपर्नेछ ।

(ख) मान्यता प्राप्त कम्पनीद्धारा प्रमाणित तथ्यांङ्क का आधारमा विस्तृत संभाव्यता अध्ययन गर्नुपर्नेछ ।

(ग) जिल्ला ऊर्जा तथा वातावरण र सेवा केन्द्रद्वारा आयोजनाको अनुमोदित पत्रका साथ विस्तृत संभाव्यता अध्यायन प्रतिवेदन केन्द्रमा पेश गर्नुपर्नेछ ।

(घ) केन्द्रले आफु समक्ष पेश हुन आएको माथि उल्लेखित प्रतिवेदनको अध्ययन एवम मूल्याकंन गरी अनुदानका सम्पूर्ण प्रक्रिया पूरा भएको देखेमा अनुदानको स्वीकृतिका लागि कोषलाई सिफारिस गर्नेछ ।

(ङ) कोषले थप मूल्यांकन एवम जाँच गरी अनुदानका सम्पूर्ण आधारहरु पूरा भएको देखेमा कूल अनुदान रकमको ५० प्रतिशत रकम वैंक प्रत्याभूतिमा सम्वन्धित कम्पनीलाई भुक्तानी गर्नेछ ।

(च) केन्द्र वा शाखा/इकाई, सेवा केन्द्र, सम्वन्धित कम्पनी र समुदायको प्रतिनिधिको उपस्थितिमा आयोजनाको परीक्षण गरिनेछ ।

(छ) आयोजना सम्पन्न भएपछि जडानकर्ता कम्पनीले सेवा केन्द्रको सिफारिस सहित प्रतिवेदन केन्द्रलाई पेश गर्नुपर्नेछ ।

(ज) केन्द्रले आफु समक्ष पेश भएको प्रतिवेदनको अध्ययन तथा मूल्यांकन गरी सम्पूर्ण प्रक्रिया पूरा भएको देखेमा केन्द्र आफै वा शाखा/इकाईवाट परियोजनाको स्थलगत निरिक्षण गरी सोको प्रतिवेदनको आधारमा ४० प्रतिशत अनुदान रकम भुक्तानीको लागि कोषलाई सिफारिस गर्नेछ । कोषले थप मूल्यांकन एवम जाँच गरी योग्य देखेमा सम्वन्धित कम्पनीलाई रकम भुक्तानी गर्नेछ ।

(झ) वाँकी १० प्रतिशत रकम विक्री पछिको सेवाको लागि धरौटीको रुपमा कम्तीमा १ वर्ष राखी केन्द्रले स्थलगत अनुगमन गरी आयोजना राम्रोसँग संचालन भई उपभोक्ता सन्तुष्ट भएमा केन्द्रको सिफारिसको आधारमा कोषले सम्वन्धित कम्पनीलाई भुक्तानी दिनेछ ।

## ५.५ जैविक ऊर्जावाट विद्युत उत्पादन

### ५.५.१ अनुदानको लागि पूरा गर्नुपर्ने आधारहरु

जैविक ऊर्जावाट विद्युत उत्पादनको लागि अनुदानका लागि देहायका शर्तहरु पूरा गरेको हुनुपर्नेछः–

(क) अन्य माध्यमद्वारा विद्युतीकरण नभएका तथा प्रचुर मात्रामा जैविक ऊर्जाको स्रोतको सम्भावना भएका ग्रामीण क्षेत्रमा केन्द्रले तोकेको प्राविधिक मापदण्ड पूरा गरी जडित प्रणालीमा मात्र अनुदान उपलब्ध हुनेछ ।

(ख) केन्द्रवाट निर्धारित अनुदान फाराम भरी अनुदानको माग गर्नुपर्नेछ ।

(ग) केन्द्रवाट मान्यता प्राप्त कम्पनीवाट मात्र आयोजनाको जडान गरिएको हुनुपर्नेछ। जडान भएका विद्युतीय उपकरणको हकमा कम्तिमा १ वर्ष तथा यान्त्रिक उपकरणको हकमा कम्तिमा ३ वर्ष वारेन्टी हुनुपर्नेछ ।

(घ) विद्युत जडान भएका घरधुरीका नामावली जडानकर्ता कम्पनीले सम्वन्धित गाविसबाट प्रमाणीकरण गरी केन्द्रको साथै १ प्रति सम्वन्धित शाखा/इकाईलाई उपलब्ध गराउनु पर्नेछ ।

(ङ) सम्वन्धित कम्पनीका प्राविधिक वा इन्जिनियरको प्रत्यक्ष सुपरभिजनमा जैविक ऊर्जाबाट विद्युत उत्पादन गरिएको भन्ने प्रमाणित हुनु पर्नेछ ।

(छ) उपभोक्ता समिति वा आयोजना संचालन गर्ने निजी क्षेत्र र कम्पनी बीच सम्झौता भएपछि अनुदान रकम बाहेक उपभोक्ताले व्यहोर्नुपर्ने रकमको सुनिश्चितता भएको हुनुपर्नेछ ।

### ५.५.२ अनुदान वितरण

(क) कुनै पनि माध्यमवाट विद्युतीकरण नभएका तथा प्रचुर मात्रामा जैविक ऊर्जाको स्रोत भएको ग्रामीण क्षेत्रका जनताहरुले जैविक ऊर्जाबाट विद्युत उत्पादनगर्न चाहेमा उपभोक्ता समूह गठन गरी विस्तृत जानकारीका लागि केन्द्र वा शाखा/इकाई वा सेवा केन्द्रमा सम्पर्क गर्नुपर्नेछ । उपभोक्ता समूह गठन गर्दा लक्षित समूहलाई प्राथमिकता दिईनेछ ।

(ख) यदि निजी क्षेत्रले आफ्नो लगानी समेतमा उल्लेखित क्षेत्रमा जैविक ऊर्जाबाट विद्युत उत्पादन गर्न चाहेमा सो क्षेत्रका उपभोक्ताहरु सम्मिलित उपभोक्ता समूह गठन गरी विस्तृत जानकारीका लागि केन्द्र वा शाखा/इकाई वा सेवा केन्द्रमा सम्पर्क गर्नुपर्नेछ ।

(ग) केन्द्रद्वारा निर्धारित ढाँचा सहितको आयोजना माग फाराम भरी सम्बन्धित शाखा/इकाई वा सम्वन्धित सेवा केन्द्रमा पेश गर्नुपर्नेछ । सेवा केन्द्रहरुले पेश भएका फारमहरु आयोजना निर्माणका लागि तोकेको आवश्यक आधार तथा शर्तहरुको मूल्याङ्कन गरी सम्भाव्य भएका उपयुक्त आयोजनाको माग फारम सिफारिस साथ केन्द्रमा पठाउनु पर्नेछ ।

(घ) केन्द्रले आफु समक्ष सिफारिस भएका आयोजनाहरु मध्येसवै भन्दा उपयुक्त आयोजनाहरुको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्न आयोजना माग गर्ने उपभोक्ता समिति वा आयोजना संचालन गर्ने निजी क्षेत्रलाई जानकारी गराउनेछ । मन्यता प्राप्त परामर्शदाताले आयोजनाको प्राविधिक, आर्थिक तथा सामाजिक सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गरी केन्दमा पेश गर्नु पर्नेछ । यसको सम्भाव्यता अध्ययनका लागि केन्द्रले सम्भाव्यता अध्ययनको लागतको ५० प्रतिशतमा नवढने अधिकतम रु. ५० हजार सम्म आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

(ङ) केन्द्रले सम्भाव्य आयोजनाहरुको मूल्यांकन तथा विश्लेषण गरी अनुदानको लागि कोषलाई सिफारिस गर्नेछ ।

(च) कोषले आफु समक्ष सिफारिस गरिएका आयोजनाहरुको मूल्यांकन एवम जाँच गरी अनुदानका लागि योग्य देखिएका आयोजनाहरुको अनुदान स्वीकति गर्नेछ ।

(छ) उपभोक्ता समिति वा आयोजना संचालन गर्ने निजी क्षेत्रले अनुदान वाहेकको रकमको व्यवस्था गरी केन्द्रवाट मान्यता प्राप्त कम्पनीहरु मध्येबाट आयोजना निर्माणका लागि सिलवन्दी कोटेशन लिई प्रतिस्पर्धावाट कुनै एक कम्पनी छनौट गरी करार सम्झौता गर्नुपर्नेछ ।

(ज) जैविक विद्युत प्लान्ट रहने तथा त्यसलाई आवश्यक जैविक पदार्थ भण्डारण गर्ने घर निर्माण सहित सम्पूर्ण आयोजना जडान गर्ने गरी उपभोक्ता समूह वा आयोजना संचालन गर्ने निजी क्षेत्र र सम्वन्धित

कम्पनी बीचमा सम्झौता भएको अवस्थामा केन्द्रको सिफारिस अनुसार कोषले देहाय बमोजिम भूक्तानी दिनेछः–

(१) सम्वन्धित कम्पनीले सम्झौतामा उल्लेख गरिए अनुसारको जैविक ऊर्जावाट बिद्युत उत्पादन गर्ने उपकरण निर्माण स्थलमा उपलब्ध गराएको प्रमाण उपभोक्ता समिति वा आयोजना संचालन गर्ने निजी क्षेत्रबाट प्राप्त भएपछि जिविस वा सेवा केन्द्रबाट स्थलगत निरिक्षण गरी प्रतिवेदन प्राप्त भए पश्चात केन्द्रको सिफारिसमा कोष मार्फत उपलब्ध गराउने अनुदानको ६० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई उपलब्ध गराइनेछ ।

(२) कम्पनीले जैविक विद्युत प्लान्ट र त्यसलाई आवश्यक जैविक पदार्थ भण्डारण गर्ने घर र विद्युत वितरण प्रणालीको सम्पूर्ण जडान कार्य सम्पन्न गरी कार्य सम्पादन संक्षिप्त प्रतिवेदन केन्द्रमा पेश गरेपछि केन्द्रले आफै वा परामर्शदातावाट स्थलगत निरिक्षण गर्नेछ । सिफारिस सहित आयोजनाको कार्य सम्पादन निरिक्षण प्रतिवेदन कोषमा पेश गरेपछि कोषले बाँकी अनुदानको ३० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई उपलब्ध गराउनेछ ।

(३) जडान सम्पन्न भएको मितिले १ वर्ष पश्चात जडानकर्ता कम्पनीले विक्री पछिको सेवा सम्झौता अनुसार दिए, नदिएको यकिन गरी, दिईएको पाईएमा बाँकी १० प्रतिशत रकम सम्वन्धित कम्पनीलाई उपलब्ध गराउनेछ ।

### ५.५.३ अनुगमन तथा मूल्यांकन

आयोजना निर्माण प्रक्रियामा आवश्यकता अनुसार कोष, केन्द्र वा शाखा/इकाई वा सेवा केन्द्रका प्राविधिकहरुले स्थलगत निरिक्षण गर्नेछन् । जडानकर्ता कम्पनीले जडान सम्पन्न भएको प्रतिवेदन केन्द्रमा पेश गरेपछि केन्द्रले शाखा/इकाई मार्फत जडान सम्पन्न भए, नभएको अनुगमन तथा सुपरिभिजन गर्नेछ ।

## ६. उत्पादनमुलक ऊर्जा प्रयोग

(क) राष्ट्रिय प्रसारण लाईनमा नजोडिएका नवीकरणीय ऊर्जा प्रविधिबाट उत्पादन भएको ऊर्जा प्रयोग गरी संचालन गरिने उद्यम तथा व्यवसायहरु मात्र अनुदानका लागि योग्य हुनेछन् ।

(ख) नवीकरणीय ऊर्जा प्रविधिसँगै आवद्ध भई आउने परिप्रयोग विशेषगरी सुधारिएको पानी घट्ट, सौर्य विद्युत पम्प, आदि बाहेकका उत्पादनमुलक ऊर्जा प्रयोगका लागि मात्र अनुदान उपलब्ध गराईनेछ ।

### ६.१ अनुदानका लागि पूरा गर्नु पर्ने आधारहरु

(क) राष्ट्रिय प्रसारण लाईन नजोडिएका समुदायमा आधारित विद्युत आयोजना एवम प्रणालीमा उत्पादनमुलक ऊर्जा प्रयोग प्रवर्द्धनका लागि स्थानीय आर्थिक विकास समिति गठन गर्नुपर्नेछ । अन्य संस्थागत तथा सामुदायिक नवीकरणीय ऊर्जा प्रविधिको हकमा व्यवस्थापन समिति गठन गरिएको हुनुपर्नेछ ।

(ख) उद्यमीलाई अनुदान वितरणका लागि स्थानीय आर्थिक विकास समिति वा व्यवस्थापन समिति जमानत बस्नुपर्नेछ ।

(ग) व्यवसायिक योजना तयार गर्ने र प्रविधि तथा उपकरण जडान कार्य केन्द्रले पहिचान गरेका व्यवसाय विकास सेवा प्रदायक वा कम्पनी मार्फत गर्नुपर्नेछ ।

(घ) जडानकर्ता कम्पनीद्धारा बिक्री पछिको सेवा सुनिश्चित गर्नुपर्नेछ ।

(ङ) अनुदान स्वीकृत गर्नका लागि उद्यमीले अनुदान बाहेकको आवश्यक रकमको सुनिश्चिता गर्नुपर्नेछ ।

(च) अनुदान फाराम, व्यवसायिक योजना तथा आवेदनहरु स्थानीय आर्थिक विकास समिति वा व्यवस्थापन समिति, जिविस एवम सेवा केन्द्रहरुको सिफारिसमा तोकिएको ढाँचामा केन्द्रमा पेश गर्नुपर्नेछ ।

६.१.१ अनुदान वितरण

**६.१.१.१ राष्ट्रिय प्रसारण लाईन नजोडिएका समुदायमा आधारित विद्युत आयोजना/प्रणालीले उत्पादन गरेका ऊर्जा प्रयोग गरी संचालन गरिने निजी र सामुदायिक उद्योग व्यवसायको लागि:**

(क) उद्यमीले व्यवसाय विकास सेवा प्रदायक वा सेवा केन्द्रहरुको सहयोगमा उद्योगको व्यवसायिक योजना तयार गरी आफ्नो उद्यम सम्बन्धित निकायमा दर्ता गर्नुपर्नेछ ।

(ख) उद्यमीले आफनो व्यवसायिक योजना सहित अनुदान फाराम स्थानीय आर्थिक विकास समितिमा पेश गर्नुपर्नेछ ।

(ग) समितिले प्राप्त अनुरोधहरुलाई प्राथमिकीकरण गरी सिफारिस सहित सम्बन्धित सेवा केन्द्रमा पठाउनु पर्नेछ ।

(घ) सेवा केन्द्रले प्राप्त व्यवसायिक योजनाहरुलाई अध्ययन एवम जाँच गरी सम्बन्धित शाखा/इकाईमा सिफारिस सहित पठाउनु पर्नेछ ।

(ङ) सम्वन्धित जिविसले उद्योगको प्रकार हेरी लघु उद्यम अनुदानका लागि कागजात स्वीकृत गरी जिल्ला ऊर्जा कोष वा लघु उद्यम विकास कोषमा अनुदान उपलब्ध गराउनको लागि केन्द्रमा सिफारिस गर्नुपर्नेछ । साना तथा मझौला उद्योगको हकमा जिविसले सिफारिस सहित उद्यमीको व्यवसायिक योजना लगायत सम्वन्धित सम्पूर्ण कागजातहरु केन्द्रमा पठाउनुपर्नेछ ।

(च) सामुदायिक उद्योगहरुको हकमा जिविसले सिफारिस सहित व्यवसायिक योजना लगायत सम्वन्धित सम्पूर्ण कागजातहरु केन्द्रमा पठाउनुपर्नेछ ।

(छ) केन्द्रले आफु समक्ष पेश भएका कागजातहरु मूल्यांकन गरी सम्पूर्ण प्रक्रिया पूरा भएको अवस्थामा कोषमा अनुदान स्वीकृतिका लागि सिफारिस गर्नेछ ।

(ज) अनुदान सम्बन्धित सम्पूर्ण प्रकृया पूरा भएको सुनिश्चित भएमा कोषले लघु उद्यमको हकमा अनुदान रकम जिल्ला ऊर्जा कोष वा लघु उद्यम विकास कोषमा निकाशा गर्नेछ । जिविसले आवश्यक अध्ययन एवम मूल्यांकन गरी अनुदान स्वीकृत गरी कूल अनुदानको ९० प्रतिशत रकम स्थानीय आर्थिक विकास समितिको खातामा निकाशा गर्नुपर्नेछ । बाँकी १० प्रतिशत अनुदान जिल्ला ऊर्जा कोष वा लघु उद्यम विकास कोषले उद्योग तथा व्यवसायको अनुगमन पश्चात स्थानीय आर्थिक विकास समितिलाई उपलब्ध गराउनेछ ।

(झ) साना तथा मझौला उद्योग र सामुदायिक उद्योगको हकमा अनुदान सम्बन्धी सम्पूर्ण प्रकृया पूरा भएको देखेमा कोषले अनुदान स्वीकृत गरी कूल अनुदानको ९० प्रतिशत रकम स्थानीय आर्थिक विकास समितिलाई निकाशा गर्नुपर्नेछ । बाँकी १० प्रतिशत अनुदान कोषले उद्योग तथा व्यवसायको स्थलगत अनुगमन पश्चात स्थानीय आर्थिक विकास समितिलाई भुक्तानी दिनेछ ।

(ञ) कोष संचालन निर्देशिका बमोजिम स्थानीय आर्थिक विकास समितिले प्राप्त अनुदान रकम सम्बन्धित उद्यमीलाई उपलब्ध गराउनेछ ।

**६.१.१.२ अन्य नवीकरणीय ऊर्जा प्रविधिबाट उत्पादन गरेका विद्युतीय, यान्त्रिक तथा तापिय ऊर्जा प्रयोग गरी संचालन गरिने निजी/सामुदायिक उद्योग व्यवसायको लागि:**

(क) उद्यमीले व्यवसाय विकास सेवा प्रदायक वा सेवा केन्द्रहरुको सहयोगमा उद्योगको व्यवसायिक योजना तयार गरी आफ्नो उद्यम सम्बन्धित निकायमा दर्ता गर्नुपर्नेछ ।

(ख) संस्थागत तथा सामुदायिक नवीकरणीय ऊर्जा प्रविधिको हकमा उद्यमीले आफनो व्यवसायिक योजना सहित अनुदान फाराम व्यवस्थापन समितिमा पेश गर्नुपर्नेछ । उक्त समितिले सिफारिस सहित व्यवसायिक योजना सम्वन्धित सेवा केन्द्रमा पठाउनु पर्नेछ ।

(ग) नवीकरणीय ऊर्जा प्रविधिबाट उत्पादित ऊर्जा प्रयोग गर्ने निजी उद्यमीहरुले व्यवसायिक योजना तथा अन्य आवश्यक कागजातहरु सम्बन्धित गाविसको सिफारिस सहित सम्बन्धित सेवा केन्द्रमा पठाउन पर्नेछ । अनुदान प्राप्त गर्नका लागि उद्योगको नाममा बैंक खाता अनिवार्य हुनुपर्नेछ ।

(घ) सेवा केन्द्रले प्राप्त व्यवसायिक योजनाहरुलाई अध्ययन तथा जाँच गरी सम्बन्धित जिविसको सिफारिस सहित केन्द्रमा पठाउनुपर्नेछ ।

(ङ) केन्द्रले पेश भएका कागजातहरुको मूल्यांकन गरी कोषमा अनुदानको लागि सिफारिस गर्नेछ ।

(च) कोषले थप अध्ययन तथा जाँच गरी अनुदान सम्बन्धी सम्पूर्ण प्रकृया पूरा भएको देखेमा अनुदान स्वीकृत गरी कुल अनुदानको ९० प्रतिशत रकम व्यवस्थापन समिति वा उद्यमीलाई भुक्तानी दिनेछ । बाँकी १० प्रतिशत अनुदान कोषले उद्योग तथा व्यवसायको स्थलगत अनुगमन पश्चात व्यवस्थापन समिति वा उद्यमीलाई उपलब्ध गराउनेछ ।

### ६.१.२ अनुगमन तथा मूल्यांकन

(क) सेवा केन्द्रले प्रत्येक ४ महिनाको अर्न्तरालमा सम्पूर्ण उद्योग तथा व्यवसायहरुको स्थलगत अनुगमन गरी केन्द्रले तोकेको ढाँचामा प्रतिवेदन केन्द्र र सम्वन्धित जिविसमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(ख) लघु उद्यमको हकमा सेवा केन्द्रले शाखा/इकाईको समन्वयमा उद्योग तथा व्यवसायहरुको स्थलगत अनुगमन गरी बाँकी रहेको १० प्रतिशत अनुदान रकम भुक्तानीको लागि सिफारिस सहित जिल्ला ऊर्जा कोष वा लघु उद्यम विकास कोषलाई प्रतिवेदन पठाई एक प्रति केन्द्रमा समेत पठाउनु पर्नेछ ।

(ग) साना तथा मझौला उद्योगको हकमा सेवा केन्द्रले शाखा/इकाईको समन्वयमा उद्योग तथा व्यवसायहरुको स्थलगत अनुगमन गरी बाँकी रहेको १० प्रतिशत अनुदान रकम भुक्तानीको लागि सिफारिस सहित केन्द्रमा प्रतिवेदन पठाउनु पर्नेछ ।

(घ) उत्पादनमूलक ऊर्जा प्रयोग सम्बन्धी क्रियाकलापहरुको अनुगमन तथा मूल्यांकन केन्द्र, जिविस वा सेवा केन्द्रबाट गरिनेछ ।

(ङ) स्थानीय आर्थिक विकास समितिले वार्षिक रुपमा सेवा केन्द्र तथा शाखा/इकाईको उपस्थितिमा सार्वजनिक लेखा परीक्षण गर्नुपर्नेछ ।

## ७. केन्द्रिय नवीकरणीय ऊर्जा कोष

अनुदान नीतिमा उल्लिखित नवीकरणीय ऊर्जाका विभिन्न प्रविधि एवम प्रणालीहरुमा उपलब्ध हुने अनुदान रकमलाई प्रभावकारी, पारदर्शि एवम सरलरुपमा परिचालन गर्न केन्द्रिय नवीकरणीय ऊर्जा कोषको स्थापना गरिनेछ । उक्त कोषको संचालन, कार्यक्षेत्र, काम कर्तव्य र अधिकार कोषको कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

केन्द्रिय नवीकरणीय ऊर्जा कोषको संचालन तथा व्यवस्थापनको लागि नेपाल सरकार र नवीकरणीय ऊर्जा क्षेत्रमा सहयोग गर्ने विकास साझेदारीको सहमतिमा प्रतिस्पर्धा मार्फत कुनै एक "क" वर्गको वाणिज्य बैंकलाई छनौट गरी जिम्मेवारी दिन सकिनेछ । उक्त व्यवस्थापकिय बैंक (हान्डलिङ्ग बैंक) को मुख्य कार्यमा साझेदारी बैंक (पाटनर बैंक) लाई थोक कर्जा उपलब्ध गराउने, अनुदान कोषको व्यवस्थापन र लगानी व्यवस्थापन गर्ने हुनेछ । कोषको लगानी वा व्यवस्थापन समितिले उक्त व्यवस्थापकिय बैंकको समन्वय एवम सहयोगमा अवश्यकता अनुसार साझेदारी बैंकको रुपमा अन्य वित्तिय संस्थाहरु समेत छनौट गर्न सक्नेछ । उक्त वित्तिय संस्थाहरुले विभिन्न नवीकरणीय ऊर्जा प्रविधिहरु एवम आयोजनाहरुमा कर्जा प्रवाह गर्नेछन् । सेवाको पहुँच वृद्धि गर्न स्थानीय वित्तिय संस्थाहरु मार्फत समेत कर्जा प्रवाह गर्न सक्नेछन् ।

### ७.१ केन्द्रिय नवीकरणीय ऊर्जा कोष समिति

केन्द्रिय नवीकरणीय ऊर्जा कोष एक उच्चस्तरिय लगानी वा व्यवस्थापन समितिद्धारा निर्देशित हुनेछ । उक्त समितीमा अर्थ मन्त्रालय, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, नेपाल राष्ट्र बैंक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, वित्तिय संस्थाहरुको संघको प्रतिनिधि, कोषमा सहयोग गर्ने विकास साझेदारीहरुले मनोनयन गरेको निजी क्षेत्रको एक जना प्रतिनिधि र विकास साझेदारीका तर्फवाट एक जना प्रतिनिधि रहनेछन् । कोषको समितिले आवश्यक देखेमा वैठकमा कोषको व्यवस्थापकिय बैंक र साझेदारी बैंकका प्रतिनिधिलाई पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

समितिको बैठक त्रैमासिक रुपमा बस्नेछ र समितिका सदस्यहरुले माग गरेमा आवश्यकता अनुसार समेत बैठक बस्नेछ ।

### ७.२ केन्द्रिय नवीकरणीय ऊर्जा कोष समितिका मुख्य मुख्य कार्यहरु

(क) कोषको संस्थागत ढाँचा, कोषको व्यवस्थापकिय वैंकको छनौटको लागि कार्य क्षेत्रगत शर्त निर्धारण गर्ने, टेण्डर प्रक्रियाको व्यवस्थापन, वैंकसँग करार सम्झौता र साझेदारी वैंकको योग्यता निर्धारण गर्ने ।

(ख) कोषको वित्तिय व्यवस्थापनको वार्षिक पुनरावोकन, रणनीतिक वित्तिय व्यवस्थापन ढाँचा तयार गर्ने, थोक कर्जाको लगानीको आधारहरु निर्धारण गर्ने, अनुगमन प्रणाली तथा प्रक्रिया तर्जुमा गर्ने ।

(ग) कोषको व्यवस्थापकिय वैंक र कोषको लगानी भएको रकमको कार्यसम्पादनको अनुगमन, व्यवस्थपकिय वैंकवाट प्राप्त विभिन्न योजनाहरु, प्रक्षेपण, प्रतिवेदनहरु प्राप्त गरी राय सुझाव दिने ।

(घ) व्यवस्थापकिय वैंकले गरेको आर्थिक प्रक्षेपण र योजनाको आधारमा आवश्यक वजेट निकाशाको लागि स्वीकृत गर्ने ।

(ङ) कोषको सचिवालयले तयार पारेको व्यवस्थापकिय र साझेदारी वैंकहरुको क्षमता विकास सम्वन्धी कार्यक्रमहरु स्वकृित गर्ने ।

(च) कोषले सहयोग गरेको अनुदान र कर्जा सम्वन्धी जनचेतना तथा प्रवर्द्धन सम्वन्धी कार्यहरु गर्ने ।

(छ) कोषको सचिवालय स्थापना तथा व्यवस्थापन गर्ने ।

## ८. अन्य प्रावधानहरु

### ८.१ अनुदान प्रवाह सम्वन्धी विशेष व्यवस्था

यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएपनि केन्द्रिय नवीकरणीय ऊर्जा कोष स्थापना भई संचालनमा नभएसम्मको अवधिको लागि सम्पूर्ण अनुदान रकम यस कार्यविधि जारी गर्नु अगाडि गठन भएको ग्रामीण ऊर्जा कोषको कार्यविधि एवम प्रक्रिया वमोजिमनै हुनेछ ।

### ८.२ थप अनुदान सम्वन्धी व्यवस्था

नवीकरणीय ऊर्जा अनुदान नीति २०६९ मा उल्लिखित विभिन्न नवीकरणीय ऊर्जा प्रणाली एवम आयोजनामा थप अनुदानको लागि "एकल महिला" को हकमा सम्वन्धित निकायवाट जारी भएको परिचयपत्र वा परिचयपत्र नभएको अवस्थामा गाविसको सिफारिस पत्र, "पिछडिएका वर्ग" को हकमा सम्वन्धित निकाय वा गाविसको सिफारिस, "विपत्ती पिडित" एवम "द्वन्द्ववाट प्रभावित" को हकमा जिल्ला प्रशासन कार्यलयको सिफारिस पत्र, "गरिव" को हकमा सम्वन्धित निकायले जारी गरेको परिचय पत्र वा गरिवी निवारण कोषले पहिचाहन गरेका समुदायका सदस्य रहेका घरधुरीको पहिचाहन खुल्ने कागजात र "सरकारले पहिचाहन गरेका लोपोन्मुख जनजाति" को हकमा गाविसको सिफारिस पत्र अनिवार्यरुपमा संलग्न हुनुपर्नेछ ।

तर नेपाल सरकारले तोकेको भन्दा वाहिरका घरपरिवार, वर्ग वा जातिलाई सिफारिस गरेमा थप अनुदानको लागि मान्य हुनेछैन ।

### ८.३ दिग्दर्शन, निर्देशिका, मापदण्ड स्वीकृत गर्ने

यस कार्यविधिमा उल्लिखित निर्देशिका, मापदण्ड, अनुदान तथा अन्य आवेदन फारामहरु आदि कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ र उल्लेख नभएको हकमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले स्वीकृत गर्नेछ ।

### ८.४ विभिन्न प्राविधिक समितिहरु गठन गर्न सक्ने

केन्द्रले यस कार्यविधिमा उल्लेखित विभिन्न नवीकरणीय ऊर्जासँग सम्वन्धित आयोजनाहरुको प्राविधिक, आर्थिक, सामाजिक आदि पक्षको मूल्यांकन गर्न केन्द्रका सम्वन्धित कम्तीमा वरिष्ठ अधिकृतको

संयोजकत्वमा विभिन्न प्राविधिक समितिहरु गठन गर्न सक्नेछ । त्यस्तो समितिमा आवश्यकता अनुसार सम्वन्धित संस्थाहरुका प्रतिनिधि समेत गरी वढीमा ५ जना सदस्यहरु हुनेछन् । १० कि.वा. क्षमता सम्मको लघु जलविद्युत (पिको हाइड्र) को प्राविधिक, आर्थिक तथा सामाजिक पक्षको मूल्यांकन गर्न स्थानीय विकास अधिकारीको संयोजकत्वमा शाखा/इकाईको अधिकृतस्तरको प्राविधिक कर्मचारी सदस्य–सचिव हुने गरी जिल्ला प्राविधिक कार्यालय, सिचाई कार्यालय, खानेपानी कार्यालय र अन्य सम्बन्धित निकायहरुको प्राविधिक प्रतिनिधिहरु सहितको वढीमा ५ सदस्य रहने गरी प्राविधिक समिति गठन गर्नुपर्नेछ ।

## ८.५ व्याख्या गर्ने

यस कार्यविधिको कार्यान्वयन सम्बन्धमा कुनै अस्पष्टता, द्बिविधा वा समस्या देखिएमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गरेको व्याख्या अन्तिम हुनेछ ।

## ८.६ पुनरावलोकन

अनुदान परिचालन कार्यविधि प्रत्येक दुई बर्षमा वा आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ । मान्यता प्राप्त कम्पनीहरुको कार्य सम्पादनको मूल्यांकन स्वतन्त्र परामर्शदाताद्वारा हरेक बर्षको अन्तरालमा गरिनेछ ।

## ८.७ खारेजी

८.७.१ नवीकरणीय (ग्रामीण) ऊर्जा अनुदान परिचालन कार्यविधि, २०६६ खारेज गरिएको छ ।

८.७.२ माथि ८.७.१ बमोजिमको कार्यविधि बमोजिम भए, गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।